



# नेपाल समाचारपत्र

नेपाली मनका नेपाली पत्रिका

NEPAL SAMACHARPATRA



नेपाल समाचारपत्र दैनिक, कामना, साधनाका ग्राहक बन्नु परेमा, पत्रिका समयमा नआएमा, कुनै गुनासो भएमा सम्पर्क गर्नुहोला।

कामना न्यूज पब्लिकसेन्स्

कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं

सम्पर्क : ९८०१००३७३७, ०१-४२६११७९

एक्सटेन्सन: १११/११२ (९ बजेदेखि ६ बजेसम्म)



» मंगलबार, साउन २४, २०७४ » Tuesday, August 8, 2017 » www.newsofnepal.com » नेसं ११३७ गुँला थ्वः १६ » वर्ष २३, अंक २१० » पृष्ठ १२ » मूल्य रू. १०/–


## राप्रपाद्वारा ६ सांसद निष्कासित

काठमाडौं, (नेस)

पार्टी विभाजन गरी पार्टी हित, एकता र स्वार्थमा आघात पुग्ने गरी गैरजिम्मेवारीपूर्ण कार्य गरेको भन्दै राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले सांसदसहित १६ जना केन्द्रीय सदस्यलाई पार्टीको साधारण सदस्य समेत नरहने गरी ६ वर्षका लागि निष्कासन गरेको छ। निष्कासनमा पर्ने ६ सांसदमध्ये तीन जना केन्द्रीय सदस्य छैनन्।

सोमबार बसेको केन्द्रीय कार्यसमितिको आकस्मिक बैठकले सांसद तथा केन्द्रीय सदस्यहरूलाई निष्कासन गरिएको हो। आइतबार पार्टी फुटाएर पशुपतिशमशेर राणाको नेतृत्वमा दल दर्ता गरेको सन्दर्भलाई लिएर बसेको आकस्मिक बैठकले सांसदहरू दीपक बोहोरा, सुनील थापा, रेशम लामा, विराज विष्ट, राज्यलक्ष्मी श्रेष्ठ र बबिना मोक्तानलाई कारबाही गरेको हो। कारबाहीमा पर्ने सांसदमध्ये बोहोरा, थापा र लामा केन्द्रीय सदस्य हुन्।

अध्यक्ष कमल थापाको अध्यक्षतामा बसेको आकस्मिक बैठकले निष्कासन गरेका केन्द्रीय सदस्यहरूमा प्रविन चाम्लिङ, हरिबहादुर बस्नेत, पदमबहादुर बस्नेत, नवराज सुवेदी, विष्णुविक्रम थापा, विन्दा गिरी, सगुनसुन्दर लावती, दीपककुमार राई, विन्दु पहाडी, प्रदीपकुमार उदय, किरण गिरी, राजेन्द्रप्रसाद श्रेष्ठ र गिरिधर परियार रहेका छन्।

राप्रपाका प्रवक्ता भुवन पाठकले जानकारी दिएअनुसार बैठकले राष्ट्रिय प्रजातन्त्र पार्टीको ऐतिहासिक एकता महाधिवेशन सम्पन्न भएको छ महिना नबित्दै पार्टी विभाजन गर्ने कार्य दुर्भाग्यपूर्ण भएको भन्दै यस घटनाले सम्पूर्ण पार्टी कार्यकर्ता, सहयोगी र शुभचिन्तकहरूलाई दु:खित र चिन्तित तुल्याएको निष्कर्ष निकालेको थियो। बैठकले यस कठिन घडीमा कत्ति पनि विचलित नभई पार्टीको सिद्धान्त, विचार र आदर्शप्रति प्रतिबद्ध रहन पार्टीका सबै तहका कार्यकर्ताहरूमा आह्वान पनि गरेको थियो।

(क्रमश: पृष्ठ ९ मा)

प्रमसँग आयोगका पदाधिकारी

# घोषणा होला त भदौ १ भित्र केन्द्रीय चुनाव ?

नेपाल समाचारपत्र

काठमाडौं

निर्वाचन आयोगले प्रतिनिधिसभाको निर्वाचनको मिति आगामी भदौ १ गतेभित्रै घोषणा गर्न प्रधानमन्त्री शेरबहादुर देउवासमक्ष आग्रह गरेको छ।

प्रधानमन्त्री शेरबहादुर देउवालाई प्रमुख निर्वाचन आयुक्त डा. अयोधिप्रसाद यादवसहितको टोलीले सोमबार भेटी सो सुझाव दिएको हो।

भेटमा उहाँहरूबीच आगामी निर्वाचनको मिति तोक्ने विषयमा केन्द्रित रहेर छलफल भएको आयोगले जनाएको छ। निर्वाचनका लागि अति आवश्यक कानुन र निर्वाचन क्षेत्र निर्धारण आयोगको प्रतिवेदनका विषयमा पनि आयोगको टोलीले प्रधानमन्त्रीसँग विस्तृत छलफल गरेको थियो।

भेटका अवसरमा प्रधानमन्त्रीले केन्द्र र प्रदेशको निर्वाचन एकैपटक गर्ने गरी तयारी गर्न आयोगलाई आग्रह गर्नुभएकोमा आयोगका पदाधिकारीहरूले विद्युतीय मेसिनको प्रयोग गरे मात्रै त्यो सम्भव हुने बताउनुभएको थियो। सो बारेमा प्रधानमन्त्रीले छोटो समय भएकाले विद्युतीय मेसिनको तयारी गर्न कतिको सम्भव छ भन्ने जिज्ञासा राख्नुभएको बताइएको छ।

यसैबीच प्रदेश सभा सदस्य निर्वाचनसम्बन्धी विधेयक २०७४ माथिको सैद्धान्तिक छलफल सकिएको छ। संसद्को राज्य व्यवस्था समितिमा आइतबार र



## ‘चुनावको खर्च कटौती गर्न प्रणाली फेर्नुपर्छ’

सोमबार संशोधन दर्ता गराएका सांसदसँग छलफल भएको छ।

विधेयकको ३५ वटा विषयमा २ सय ५९ वटा संशोधन दर्ता भएका थिए। संशोधन दर्ता गराएका सांसदहरूले सो विधेयकमाथिको सैद्धान्तिक छलफलका क्रममा प्रदेश सभा सदस्य निर्वाचनमा महिलाको सहभागिता बढाउने गरी ऐन बनाउनुपर्ने बताउनुभएको थियो।

त्यसै गरी निर्वाचनमा बराबरी मत ल्याएका उम्मेदवारलाई गोला प्रथाबाट विजयी गराउँदा जनमतको अवमूल्यन हुने गरेको भन्दै बराबरी समय कार्यकाल सम्हाल्ने अवसर दिने गरी ऐन बनाउनुपर्ने सांसदहरूले धारणा राख्नुभएको थियो।

बैठकमा निर्वाचनको खर्च कटौतीसम्बन्धी पनि छलफल भएको थियो। खर्च कटौतीका विषयमा प्रमुख निर्वाचन आयुक्त यादवले निर्वाचनको खर्च कटौती गर्न अहिलेको निर्वाचन प्रणाली नै परिवर्तन गर्नुपर्ने बताउनुभयो।

(क्रमश: पृष्ठ ९ मा)

## भारत भ्रमण ७ देखि ११

काठमाडौं, (नेस)

प्रधानमन्त्री शेरबहादुर देउवाले आगामी भदौ ७ देखि ११ गतेसम्म दक्षिणी छिमेकी मुलुक भारतको औपचारिक भ्रमण गर्नुहुने भएको छ।

परराष्ट्र मन्त्रालयमा सोमबार आयोजित पत्रकार सम्मेलनमा उपप्रधान तथा परराष्ट्रमन्त्री कृष्णबहादुर महराले सो जानकारी दिनुभएको हो।

(क्रमश: पृष्ठ ९ मा)

## उपसचिवद्वारा सामूहिक राजीनामाको धम्की

ईश्वरराज ढकाल
काठमाडौं

शिक्षा सेवाका करिब ७ सय उपसचिव र शाखा अधिकृतहरूले सामूहिक राजीनामा दिने चेतावनी दिएका छन्। शिक्षा मन्त्रालयले महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिकामा कर्मचारी खटाउँदा मनपरी गर्न लागेको आरोप लगाउँदै उनीहरूले सामूहिक राजीनामा दिने चेतावनी दिएका हुन्।

उनीहरूले शिक्षा मन्त्रालयले करिब एक महिनाअघि ७५ वटा स्थानीय तहमा व्यवस्थापन गर्न गएका उपसचिवहरूलाई अर्को निर्णय नभएसम्म हाजिर नहुन समेत आग्रह गरेका छन्।

शिक्षा मन्त्रालयमा हिजो सोमबार उपत्यकामा उपस्थित उपसचिवहरूको बैठकले कनिष्ठ मातहतमा वरिष्ठ उपसचिवले काम नगर्ने समेत स्पष्ट पारेका छन्। शिक्षा सेवाका उपसचिव एवं उप-जिल्ला शिक्षा अधिकारी देवी रञ्जन हुमागाईंले सरकारको गलत निर्णय नसच्याएसम्म आन्दोलनमा जानुको विकल्प नभएको तर्क राख्नुभयो। उहाँले भन्नुभयो- ‘बैठकले स्थानीय निकायमा कर्मचारी खटाउने विषयमा पुन: शिक्षामन्त्री, मुख्य सचिव र शिक्षा सचिवलाई भेट्नेछौं, त्यहाँबाट पनि समस्या समाधान नभए सामूहिक राजीनामा दिनेछौं।’

४९ जना अधिकृत र उपसचिवको बैठकले स्थानीय तहमा अन्यायपूर्ण रूपमा खटाइएका कर्मचारीको विषयमा पुन:

**स्थानीय तहमा कर्मचारी व्यवस्थापन**

छलफल गर्नुपर्ने, हाल खटाइएका कर्मचारीलाई स्थानीय तहमा हाजिर हुन नजान अनुरोध गर्ने, अन्यायपूर्ण रूपमा कर्मचारी खटनपटन गरिएको विषयमा कानुनी उपचारका लागि अदालत जाने र सुनुवाइ नभए सामूहिक राजीनामा दिने निर्णय गरेका छन्।

(क्रमश: पृष्ठ ९ मा)




# मौसमको सूचना अब बेलुनबाट

टीका बन्धन, काठमाडौं

यथार्थ मौसमी सूचना अद्यावधिक गर्दै सरोकारवाला निकाय र सर्वसाधारणलाई सम्प्रेषण गर्न अब नेपाली आकाशमा बेलुन उड्ने भएको छ।

वायुमण्डलबाट पनि मौसमी सूचना अद्यावधिक गर्न विशेष प्रकारको बेलुन उडाउने तयारी गरिएको हो।

विशेष प्रकारको उपकरण ‘रेडियोसोन्ड’ जडान गरिएको बेलुनले आगामी ३ महिनापछि वायुमण्डलबाट मौसमी गतिविधि नियाल्ने जल तथा मौसम विज्ञान विभागले जनाएको छ। त्रिभुवन विश्वविद्यालय परिसर कीर्तिपुरको ‘रेडियोसोन्ड स्टेसन’ बाट उडाइने बेलुनले अधिकतम ३० किलोमिटर उचाइसम्मको मौसमी सूचना संकलन गर्न सघाउ पुर्‍याउने विभागका अधिकारीहरूले जनाएका छन्। बिहान र बेलुका उडाइने २ वटा बेलुनले काठमाडौं उपत्यकासहित मुलुकका धेरै भागको मौसमी सूचना अद्यावधिक गर्ने बताइएको छ।

वायुमण्डल पुगेको रेडियोसोन्डले कीर्तिपुर स्टेसनलाई लक्षित गर्दै मौसमी सूचना सम्प्रेषण गर्ने मौसमविद् शान्ति कँडेलले जानकारी दिनुभयो। ‘वायुमण्डलको विभिन्न तहमा पुग्ने बेलुनको सहायताले रेडियो उपकरणमार्फत् मौसमी सूचना संकलन गरिन्छ, यसरी प्राप्त हुने सूचना विश्वसनीय र उच्चस्तरीय हुन्छ, यसले मौसम पूर्वानुमानमा ठूलो सहयोग पुर्‍याउँछ’ -उहाँले भन्नुभयो।

रेडियोसोन्डले वायुमण्डलमा रहेको जलवाष्पयुक्त हावाको मात्रा, वर्षा हुनुअघि र पछिको सूचना सम्प्रेषण गर्नुका साथै तापक्रम, वायुको वेग र दिशा, बादलको अवस्था, सापेक्षित आर्द्रतालगायतको वास्तविक सूचना अद्यावधिक



गर्न सघाउ पुर्‍याउने कँडेलले प्रस्ट्याउनुभयो।


नेपालले बेलुनको सहायतामा वायुमण्डलमार्फत् पहिलोपटक मौसमी विवरण अद्यावधिक गर्न लागेको हो। मौसमी सूचनाका लागि उडाइएको बेलुन जति उचाइको तह पार गर्छ, त्यसको आकार पनि क्रमश: ठूलो हुँदै जान्छ र निश्चित विन्दुमा पुगेपछि फुट्छ।

बेलुन फुटे पनि मौसमी सूचना अद्यावधिक गर्न अवरोध नहुने र बेलुनमा जडान गरिएका उपकरण जमिनमा खस्दा त्यसले मानवीय र भौतिक क्षति नपुर्‍याउने बताइएको छ। हावाको बहावअनुसार बेलुन जुनसुकै दिशामा पनि पुग्न सक्ने र जमिनमा खस्ने विभागका उप-महानिर्देशक एवं मौसम पूर्वानुमान महाशाखा प्रमुख डा. जगदीश्वर कर्माचार्यले जानकारी दिनुभयो। मौसमी सूचना अद्यावधिक गर्न अहिले मौसम विभाग मातहत मुलुकका विभिन्न भेगमा ३ सय ८० सतही स्टेसन सञ्चालनमा छन्।

सतहमा स्थापना गरिएका स्टेसनले उपलब्ध गराउन नसक्ने वायुमण्डलको विभिन्न तहको यथार्थ मौसमी सूचना बेलुनको प्रयोगमार्फत् संकलन हुने महाशाखा प्रमुख कर्माचार्यले बताउनुभयो। विश्व बैंकको करिब ३ करोड रुपियाँको आर्थिक सहयोगमा यस्तो विधिमार्फत् मौसमी सूचना अद्यावधिक गर्न लागिएको हो।

यसका लागि आवश्यक पर्ने उपकरण र अन्य सामग्री जर्मनीबाट ल्याउने निधो भएको छ। नेपाली मौसमविद्को एक टोलीले जर्मनीमा त्यस्तो विधिको परीक्षण अभ्यास गरिसकेको छ। यससँगै नेपाल ल्याउने सामग्रीको गुणस्तर सुनिश्चित गरिएको विभागले जनाएको छ। एक वर्षका लागि ७ सय ५० वटा बेलुन ल्याउने निधो भएको विभागका एक अधिकारीले जानकारी दिए।

(क्रमश: पृष्ठ ९ मा)



# महानगर

आमजनसमुदायको स्वास्थ्य सुरक्षा र विरामीहरू प्रति स्वास्थ्यकर्मिहरूले निर्वाह गर्नु पर्ने पेशा धर्मिता (आचारसंहिता) लाई त्यतिकै कडाई साथ लागु गरिनेछ। स्वास्थ्यकर्मिहरूको सुरक्षाको प्रत्याभुति गर्न स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्था सुरक्षा ऐन, २०६६ लाई सम्वन्धित निकायसंग समन्वय गरी कडाईका साथ लागु गरिनेछ।



# जनस्वास्थ्यमा स्वास्थ्यमन्त्री पोखरेलको प्रतिबद्धता

भगवती तिमल्सिना
bgtimilsina@yahoo.com



स्वास्थ्य क्षेत्रको सुधार र २०७२ को संविधानमा उल्लेख भए अनुसार आम जनताको स्वास्थ्य अधिकारको रक्षा गर्ने योजना सहित स्वास्थ्य मन्त्री गिरीरामणी पोखरेलले आइतबार २६ बुँदे प्रतिबद्धतापत्र सार्वजनिक गर्नुभएको छ। मन्त्री पोखरेलले सार्वजनिक प्रतिबद्धताको कार्यान्वयनका लागि एक साताभित्र समय तालिका सहितको कार्ययोजना बनाई प्रकृया अगाडि बढाईने बताउनुभएको छ।

मन्त्री पोखरेलले संविधान लागु गर्न नेताको आचरण बदलिनुपर्छ र देशका हरेक काम गर्ने तवरतरिकालाई सिस्टममा लानुपर्छ भन्नुभयो। यतिबेला देश संक्रमण कालिन अवस्थामा रहेको र प्रत्यक्ष अप्रत्यक्ष रूपमा जनस्वास्थ्य र चिकित्सा शिक्षालाई नाफामुखी व्यवसायका रूपमा लैजान खोज्ने केही समूहले चिकित्सा शिक्षा विधेयक संशोधन सहित पारित गर्न समेत नदिने र संसदमा प्रवेश नै गर्न नदिने जस्ता खेलको पछाडि लाग्नु दुखद कुरा भएको पनि उहाँको भनाई छ। यस्तो खाले व्यवसायका लागि ०५६ साल देखि नै निकास खोजीदै आएको रहेछ भन्ने कुरा आफु शिक्षा मन्त्री हुँदाका समय चिकित्सा शिक्षा विधेक बनाउने क्रममा अध्ययन गरेको बताउनुभयो।

यीनै समूहको स्वार्थ र नाफामुखी व्यवसाय संचालनमा आएकै कारण नेपालको चिकित्सा शिक्षामा पछिल्लो समय बेथिति देखिएको र सर्वसाधारण जनताको नैसर्गिक अधिकार समेत कुष्ठित बनाउने कार्यमा जरा गाडेको कुरा समेत उहाँले उल्लेख गर्नुभयो। सरकारले बनाएका नीति नियम र सर्वोच्च अदालतले दिएको निर्देशनको समेत अवज्ञा गर्दै चिकित्सा शिक्षामा स्नाकोत्तर बिषयमा अन्ययन गर्ने विद्यार्थीहरूलाई उच्चतम अंकका आधारमा भर्ना गर्नुपर्नेमा शिक्षामा टेण्डर सिस्टम बनाई बढाबढ शुल्क जस्ले तिर्छ उस्लाई भर्ना गरियो। यस्ता विकृति र विसंगती हटाएर कानूनी राज्यको स्थापना होस चिकित्सा शिक्षा विधेयक छिटो पारित गरियोस लगायतका माग राख्दै यतिबेला चिकित्सा शास्त्र अध्ययन संस्थानका प्रा.डा.गोविन्द केसी १६ दिन देखि ११औं पटकको आमरण अनसनमा बस्नुभएको छ। सरकारले यस बिषयमा गम्भिरतापूर्वक अझै लिएको छैन र सत्ता टिकाउने र कुर्सी जोगाउने दाउँमा जनस्वास्थ्य र चिकित्सा शिक्षा माफियाको हातमा सुम्पिदै गरेको डा.केसीको आरोपछ।

## मन्त्री पोखरेलले सार्वजनिक गरेको प्रतिबद्धता यस्तो छः

नेपालको संविधान, २०७२ अनुरूप संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्ने ऐतिहासिक संक्रमणकालीन अवधिमा स्वास्थ्यलाई जनताको अधिकार र दायित्वका रूपमा स्थापित गर्ने नीति र कार्यक्रम ल्याउन र कार्यान्वयन गर्न स्वास्थ्य मन्त्रालय पूर्णरूपले प्रतिवद्ध हुनेछ।

२०६२।६३ को आन्दोलन पछि हाम्रो नेतृत्वले १० बुंदे आधारपत्र तयारगरी स्वास्थ्यमा सवैको पहुँच पुऱ्याउन अति गरीव, असहाय र विपन्नलाई आधारभूत स्वास्थ्यसेवा लगायत निःशुल्कको राष्ट्रिय कार्यक्रम ल्याउनुका साथै क्यान्सर, मुटु, मृगौला, लगायतका रोगको उपचारमा सांकेतिक अनुदान दिने व्यवस्था गरिएको थियो। सोहि अवधिमा आमासुरक्षा कार्यक्रम लागु गरियो र प्राथमिक स्वास्थ्यको पुर्नजागरण गर्न महाशाखा समेत स्थापना गरीएको थियो। अन्तरिम संविधानमा स्वास्थ्य अधिकारलाई समावेश गर्न सफल भएका थियौं र स्वास्थ्य वजेटमा बृद्धि गरि एक पछि अर्को कार्यक्रमद्वारा जनताको स्वास्थ्यमा राज्यको दायित्व हुन्छ भन्ने मान्यता स्थापित गरेका थियौं। त्यस पछिका सरकारहरूले ती नीति र कार्यक्रमहरूलाई निरन्तरता दिएको छ।

स्वास्थ्य क्षेत्रमा पहुँच, गुणस्तरीयता, उपलब्धता, स्वास्थ्य प्रणालि सुदृढीकरण (औषधि उपकरण, जनशक्ति, सूचना, भौतिक पूर्वाधार र संरचना), सर्ने रोगका अतिरिक्त नसर्ने रोग मुल समस्याको रूपमा रहेका छन। एकातिर सहश्राब्दी विकासका लक्ष्यहरू ९:म्न० अझै पुरा भएका छैनन भने अर्कोतिर दिगो विकास लक्ष्य ९क्म्न० पुरा गर्ने नयाँ जिम्मेवारी थपिएका छन। यस्तो स्थितीमा यी समस्या समाधान गर्दै स्वास्थ्य अधिकार स्थापित गर्ने दिशामा अर्को गुणात्मक फड्को लिने अवसर प्राप्त भएको छ। "स्वस्थ्य नेपाल - समृद्ध नेपाल" निर्माण हाम्रो अभिष्ट हुनेछ।

सामाजिक समावेशिकरणको अवधारणालाई आत्मसाथ गर्दै निम्नलिखित प्रतिवद्धता मार्फत उल्लेखित दायीत्वलाई पुरा गर्न चाहान्छौं। विशेषतः बहुसंख्यक किसान, मजदूर, दलित, महिला, बालबालिका, अपांग र जेष्ठनागरिकहरूको स्वास्थ्यसंग हाम्रो विशेष सरोकार रहने छ। सामन्तवादी उत्पिडनमा परेका सिमान्तकृत जनतालाई स्वास्थ्य तथा विकास सहकारीहरू मार्फत सशक्तिकरण गर्दै नयां संविधानले मार्ग निर्देशन गरेको समाजवादी अभिमुखिकरणलाई सफलिभूत बनाईनेछ।

१. नेपालको संविधान (२०७२) द्वारा प्रदत्त स्वास्थ्य अधिकारहरू दृढतापुर्वक क्रियान्वायन गरिनेछ। प्रत्येक नागरिकले आधारभूत स्वास्थ्यसेवा राज्यवाट निःशुल्क प्राप्त गर्ने अधिकारलाई सवै तहमा लागु गरिनेछ

२. संविधानमा भएको व्यवस्था अनुसार आधारभुत स्वास्थ्य सेवा निःशुल्क रूपमा लागु गरिने छ र सो बाहेकका सेवाहरूको लागि स्वास्थ्य विमाको नीति लागु गरिनेछ। तर गरिव, विपन्न तथा लक्षित वर्ग र अति अपांगको स्वास्थ्य बिमा योगदान रकम ९एचभ्रूक्ष्फ० राज्यको दायित्व हुनेछ। आर्थिक जोखिमको सुरक्षा प्रत्याभुति गर्न सेवा र सुविधाको दायरा विस्तार गरिनेछ। नेपाल सरकारले पहिचान गरेको २५ जिल्लाका अतिगरिव र विपन्न परिवारलाई स्वास्थ्य विमा प्रिमियमको तत्काल रकम उपलब्ध गराई उनिहरूलाई विमित गरिनेछ। क्रमशः सवै जिल्ला र तहवाट गरिव तथा लक्षित वर्गलाई विमित गर्ने लागायतका स्वास्थ्य सुरक्षा लागु गरिने छ। व्यक्तिलाई सरकारी स्वास्थ्य निकायबाट उपचार संभव नभएमा नीजि स्वास्थ्य संस्थाहरूमा प्रेषित गरिने छ। सामाजिक दायित्व अन्तरगत निजि संस्थाहरूले स्वास्थ्यसेवा पारदर्शिरूपमा गरिव तथा लक्षित वर्गलाई उपलब्ध गराउनु पर्ने छ र सो को मन्त्रालयले सहजिकरण तथा नियमन गर्ने छ। साथै निजि स्वास्थ्य संस्थाको सेवा व्यवस्थापन मापदण्ड वर्गिकरणमा आधारीत गरि परिमार्जन गरी लागु गरिने छ।

३. स्वास्थ्यमा गरिने खर्च आर्थिक भार नभई लगानी हो। मानव स्वास्थ्यमा गरेको लगानीले कैयो गुणा आर्थिक बृद्धि गर्ने विश्व स्वास्थ्य संगठनको अध्ययनले देखाएको छ। स्वास्थ्यलाई अधिकार र दायीत्वको रूपमा स्थापित गर्न आवश्यक राज्यको दृढ आर्थिक प्रतिवद्दताको लागी स्वास्थ्य मन्त्रालयले अथक प्रयत्न गर्नेछ। "स्वस्थ्य नेपाल - समृद्ध नेपाल" भन्ने नाराका साथ बहुपक्षिय साझेदारीमा सवै नीतिमा स्वास्थ्य नीति ९ज्भबतिज ष्ल बीी उयष्अिथ० को नीतिलाई अगाडि वढाउन स्वास्थ्य मन्त्रालयले संरचना सहितको संयोजनकारी भुमिका खेल्ने छ।

४. २०६२/६३ को जनआन्दोलनद्वारा निर्मित अन्तरिम संविधानले दिएको स्वास्थ्यअधिकार क्रियान्वयन गर्न हाम्रै नेतृत्वको सरकारले विगतमा स्वास्थ्य वजेटलाई कुल वजेटको ७.२ प्रतिशत पुऱ्याएको थियो। नेपालको संविधान, २०७२ ले स्वास्थ्य अधिकारलाई अझ विस्तार गरेको छ र संघिय संरचनाले स्वास्थ्य निकायहरूको संख्यामा अभूतपूर्व बृद्धि हुने भएको छ। चालु आ.व.मा ४.२ प्रतिशत बजेट विनियोजन भएकोले थप बजेटको व्यवस्था गरिने छ र आगामी वर्षमा स्वास्थ्य बजेटलाई ८ प्रतिशत पुऱ्याउने लक्ष्य राखिएको छ। चुरोट र मदिरा जस्ता हानिकारक वस्तुहरूमा लाग्ने करमा वृद्दि गराई त्यसवाट प्राप्त हुने रकमले संविधानमा उल्लेखित स्वास्थ्यमा सवैको पहुँचलाई सुनिश्चित गर्न प्रयोग गरिनेछ। स्वास्थ्य सेवा प्रणाली सुदृढ गरि स्वास्थ्य अधिकार कार्यान्वयन गर्ने सन्दर्भमा जनतालाई गुणस्तरिय स्वास्थ्य सेवा पुऱ्याउन एवं लक्ष्य अनुसारको प्रगति हासिल गर्न तदारुकताका साथ लागिने छ।

५. नेपालको संविधान, २०७२ जारी हुनु अघि घोषणा भएको नेपालको राष्ट्रिय स्वास्थ्य नीति, २०७१ का सान्दर्भिक नीति र रणनीतिहरूलाई निरन्तरता दिदै त्यसलाई नयाँ संविधान अनुरूप नयाँ स्वास्थ्य नीति, २०७४ जारी गरिने छ। स्वास्थ्य सम्बन्धी हामीले शुरु गरेको जनस्वास्थ्य/स्वास्थ्य ऐन, औषधि ऐन क्षयरोग लगायत विभिन्न ऐन कानुनहरू संघिय संरचना अनुकुल वनाई लागु गरिने छ। स्वास्थ्य नीति, संघियता, उपभोक्ता अधिकार, शुसासन, अनुगमन तथा मुल्यांकन गर्न उच्च स्तरिय समिति वनाई लागु गरिने छ।

६. दिगो विकास स्वास्थ्य सम्बन्धी लक्ष्यहरू प्राप्त गर्न स्वास्थ्य मन्त्रालय अहोरात्र प्रयत्नशील रहनेछ। ल्ज्क्क, ल्ज्क्षए को कार्यान्वयन तथा स्वास्थ्य विकास साझेदार (ज्भबतिज म्भखभयिऊभलत एबचतलभचक) संगको संयुक्त वार्षिक समिक्षा/पुनरावलोकन ९ब्च्० गरी प्रतिबेदनमा उल्लेख भएका कार्यक्रमहरूलाई प्राथमिकताको क्रममा राखी तदारुकताको साथ क्रियान्वयन गरिनेछ।

७. स्वास्थ्य संस्थाहरूमा दरवन्दी अनुसार स्वास्थ्यकर्मीहरू उपलब्ध गराउन वृत्ति विकासको अवसर लगायतका सुविधाका माध्यमबाट दुर्गम र चुनौतिपुर्ण क्षेत्रमा जान प्रोत्साहित गरिनेछ। यस्ता क्षेत्रहरूमा कार्यरत चिकित्सक र स्वास्थ्यकर्मीहरूको कार्य क्षमताबृद्धि गर्न, गुणस्तरिय सेवा प्रदान गर्न तथा दोहोरो प्रेषण प्रणालीलाई सुदृढ बनाउन टेलीमेडिसिन सेवाद्वारा विषेशज्ञ अस्पतालहरूसंग जोडिनेछ। दरवन्दीलाई जनसंख्या, भुगोल र सेवा सापेक्ष संघिय संरचना अनुरूप बनाईनेछ। एक चिकित्सक एक स्वास्थ्य संस्था सम्बन्धि अवधारणा बारे एकरूप समझदारी बनाउन छलफल प्रारम्भ गरिनेछ।

भुकम्पले क्षतिग्रस्त भएका जिल्लाहरूको स्वास्थ्य पूर्वाधार पुर्ननिर्माण गर्न हालको संरचना ९एत्रृग० लाई पारदर्शि एवम् संघियता अनुरुप सुदृढिकरण गरी साझेदारको सहयोगमा स्वास्थ्य सेवा सूचारु गर्न नेपाल सरकारको लगानीमा बृद्धि गरी द्रुत गतिमा कार्यान्वयन गर्ने व्यवस्था गरिनेछ। दुर्घटना, विपत व्यवस्थापन,महामारी लगायत व्यवस्थापनका लागि आकस्मिकोष,हवाइ एम्वुलेन्स आदिको लागि पहल लिईनेछ।

८. आमजनसमुदायको स्वास्थ्य सुरक्षा र विरामीहरू प्रति स्वास्थ्यकर्मिहरूले निर्वाह गर्नु पर्ने पेशा धर्मिता (आचारसंहिता) लाई त्यतिकै कडाई साथ लागु गरिनेछ। स्वास्थ्यकर्मिहरूको सुरक्षाको प्रत्याभुति गर्न स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्था सुरक्षा ऐन, २०६६ लाई सम्वन्धित निकायसंग समन्वय गरी कडाईका साथ लागु गरिनेछ।

९. स्वास्थ्य शुसासनलाई कडाइका साथ पालना गरिने छ। भ्रष्टाचार प्रति शुन्य सहनशीलता अपनाईने छ। अनुगमन र मुल्याकनलाई विषेश प्राथमिकताका साथ प्रभावकारी बनाई दण्ड र पुरस्कारको न्यायोचित प्रयोग गरिनेछ। सरकारी स्वास्थ्य संस्थामा नेतृत्व एवं व्यवस्थापनको जिम्मेवारी दिदा कार्य सम्पादन करार व्यवस्था लागु गरिने छ।

१० स्वास्थ्य व्यवस्थापनमा देखिएका विसंगतिलाई पारदर्शि एवं व्यवस्थित गर्ने, स्वास्थ्यकर्मीहरूको वृत्ति विकास तथा पद व्यवस्थापन कार्यलाई कर्मचारी समायोजन गर्दा उचित तथा न्यायोचित ढंगले सम्बोधन गरिने र नियुक्ति सरुवा वढुवाको प्रक्रियालाई पारदर्शी र व्यवस्थित बनाईनेछ।

११. औषधी खरिद र वितरणलाई व्यवस्थित "बोलपत्र केन्द्रमा र खरिद स्थानिय स्तरमा" अवधारण अन्तरगत "चबभ धयचप अयलतबअत, न्द्न एवं अन्य आवश्यक ऐन नियम अनुरूप संघिय व्यवस्था अन्तगर्तका स्थानिय तह र प्रदेशमा अधिकार सुनिश्चित तथा प्रत्यायोजन गरिने छ। हाल केन्द्रमा ७० क्षेत्रमा १० जिल्लामा २० प्रतिशत औषधी खरिद बजेट विनियोजन हुँदै आएकोमा अब स्थानिय तहमा ६०, प्रदेशमा २० र केन्द्रमा २० प्रतिशतको व्यवस्था गरिनेछ। यसलाई स्थानीय तहको संस्थागत विकास पछि अझ विस्तार गरिनेछ। सामान्यतया केन्दबाट भयाक्सीन, स्वास्थ्य सामाग्रीहरू तथा अति विशिष्ट स्तरका उपकरणहरूको हकमा केन्द्रवाट खरिद गर्ने र क्रमशः प्रदेश स्तरमा खरिद गर्ने व्यवस्था गरिने छ। औषधि उपकरणको उपलब्धता, प्रयोग तथा वितरण प्रभावकारी वनाइने छ। राज्यले प्रदान गर्ने अत्यावश्यक औषधी खरिद गर्दा नेपाल औषधी लिमिटेड, सिंहदरवार बैद्यखाना लगायतका उद्योगहरूका उत्पादनहरूलाई प्राथमिकता साथ राष्ट्रिय निःशुल्क कार्यक्रममा प्रयोग गर्ने व्यवस्था गरिने छ। नेपाल औषधी उद्योगको क्षमतामा विस्तार गरि सबै अत्यावश्यक औषधी गुणस्तरियता सुनिश्चित गर्दै उत्पादन गर्न सहजिकरण गरिनेछ।

१२. सरकारी स्वास्थ्य संस्थाको विकास सुनिश्चित गरिनेछ। हालका पूर्वाधार पुगेका स्वास्थ्य चौकीहरू प्राथमिक स्वास्थ्य केन्द्रमा र प्राथमिक स्वास्थ्य केन्द्रहरू सामुदायिक अस्पतालमा विकसित हुने वातावरण बनाईनेछ। त्यस्तै वडाहरू भित्र भुगोल र जनसंख्याको आवश्यकताको आधारमा सामुदायिक स्वास्थ्य इकाईको विस्तार गरिनेछ। महिला स्वास्थ्य स्वयं सेविकाहरूको सहयोगमा अ.न.मी.हरूद्वारा ति इकाईहरू संचालन हुनेछन् र तिनीहरूलाई नै क्रमशः सामुदायिक प्रजनन् स्वास्थ्य सेवा केन्द्रको रूपमा विकास गरिनेछ।

१३. समुदायमा आधारित स्वास्थ्य, पोषण तथा विकास सहकारीहरूको स्थापना स्थानिय सरकारसंगको समन्वयमा गरिने र त्यसै मार्फात समुदायका स्वास्थ्य निकायहरूमा महिला स्वयं सेविकाको भरण पोषण गर्ने नीतिलाई अघि बढाईनेछ। नेपालको स्वास्थ्य प्रणालीको चेतना तथा स्वास्थ्य प्रवर्धनमा आधारशिला बनेका महिला स्वास्थ्य स्वयं सेविकाहरूको सेवा सुविधा सामाजिक सुरक्षाको निम्ति विषेश कार्यक्रम ल्याईनेछ। सामुदायिक स्वास्थ्य प्रणालीलाई सुदृढ गर्न आमा समुहहरू समेतको सहमागितामा विषेश पहल गरिनेछ।

१४. भुकम्पले क्षतिग्रस्त भएका जिल्लाहरूको स्वास्थ्य पूर्वाधार पुर्ननिर्माण गर्न हालको संरचना ९एत्रृग० लाई पारदर्शि एवम् संघियता अनुरूप सुदृढिकरण गरी साझेदारको सहयोगमा स्वास्थ्य सेवा सूचारु गर्न नेपाल सरकारको लगानीमा बृद्धि गरी द्रुत गतिमा कार्यान्वयन गर्ने व्यवस्था गरिनेछ। दुर्घटना, विपत व्यवस्थापन,महामारी लगायत व्यवस्थापनका लागि आकस्मिकोष,हवाइ एम्वुलेन्स आदिको लागि पहल लिईनेछ।

१५. नेपालका स्वास्थ्य क्षेत्रको मुख्य सबलता नै अविछिन्न जनस्वास्थ्य अभिमुखिकरण भएकोले त्यसको सम्बर्द्धन र प्रवर्द्धन गरिनेछ। चिकित्सा क्षेत्रमा देखा परेका समस्याहरूलाई हल गर्न स्वास्थ्य मन्त्रालयले विषेश कार्यदलहरू बनाई सेवाग्राहीहरूको अधिकारलाई सुनिश्चितता गर्नेछ। संवैधानिक भावना अनुरूप आर्थिक अभावका कारण कसैलाई पनि आकस्मिक सेवा लिनबाट बञ्चित नहुने व्यवस्था गर्नका लागि एक महिना भित्र केन्द्रिय अस्पताल देखि स्थानिय अस्पतालले सो अधिकार प्रत्याभुति गर्ने योजना र त्यसको आर्थिक भार माग गरि नीतिगत व्यवस्था गरि कार्यान्वयनमा ल्याईनेछ। सरुवारोग नियन्त्रण रोकाथाम निवारण तथा निर्मुल गर्ने विभिन्न जनस्वास्थयका कार्यक्रमलाई प्राथमिकता साथ लागु गरिने छ।

१६. "प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्य हक हुने" संविधानले निर्देश गरेको अधिकारलाई स्थापित गर्ने, सुरक्षित मातृत्व प्रजनन् स्वास्थ्य र नवजात शिशु स्वास्थ्य कार्यक्रममध्ये आमा सुरक्षा कार्यक्रम हाम्रै नेतृत्वमा शुरु गरेकोले थप महत्वको साथ प्रभावकारी रूपमा अघि बढाईनेछ। त्यसको लागि चिकित्सकहरू ९:म्नए, म्नइ, म्त्रृज, ब्लबभकतजभकष्ब० को उत्पादनलाई प्राथमिकता दिईनेछ भने दक्ष प्रसुति सेवा प्रशिक्षण प्राप्त नर्स मिडवाईफ्रिको संस्थामा तिब्ररूपले बेद्धि गरिनेछ। संविधान प्रदत्त बाल विकासको अधिकारलाई सुनिश्चित गर्न मन्त्रालय कटिबद्ध रहनेछ। नवजात शिशुको उपचार प्रभावकारी बनाउन ल्क्ष्त्रृग र क्ल्क्ष्त्रृग को विस्तार गरिनेछ।

१७. सर्ने रोग, महामारी र प्राकृतिक विपदहरूको रोकथाम, उपचार, नियन्त्रण, निवारण, निर्मुल र व्यवस्थापनको प्राथमिकतासंगै नसर्ने रोगहरूको रोकथाम र व्यवस्थापनमा ध्यान केन्द्रित गरिनेछ। सबैपद्धती जस्तैः आयुर्वेद, प्राकृतिक चिकित्सा, योग, होमियोप्याथी, सोरिप्पा (आम्ची) लगायतका पद्धतीलाई एकिकृतरूपमा अगाडी बढाईनेछ। किटाणुनाशक औषधिहरूको प्रभावकारीता कम भैरहेको ९ब:च० स्थितीको सामना गर्न उपयुक्त नीति तथा कार्यक्रम ल्याईनेछ।

१८. विश्वभरी नै मानसिक स्वास्थ्य सम्बन्धि सचेतना बढाउने अभियान थालिएको सन्दर्भमा नेपालमा पनि मानसिक स्वास्थ्य सम्बर्द्धनको लागि दिगो योजना ल्याईनेछ। साथै जेष्ठ नागरिकको स्वास्थ्य संरक्षण गर्न ५० छुट दिने व्यवस्थालाई कडाईका साथ लागु गर्ने।

१९. नेपालको मौलिक स्वास्थ्य उपचारविधिको रूपमा आयुर्वेद चिकित्सा प्रणालीको सम्बर्द्धन र प्रवर्द्धनमा विषेश प्राथमिकता दिंदै आयुर्वेद नीतिका साथै अन्य विद्याका उपचार पद्धतीका नीतिहरू तयार पारी लागु गरिनेछ। आम्ची, होमियोप्याथी, प्राकृतिक र अन्य परम्परागत चिकित्सा पद्धतिहरूको संरक्षण गरी उनीहरूको गुणस्तर विकास गर्न तथा पहुँचमा जोड दिईनेछ।

२०. प्रमाणको आधारमा स्वास्थ्य नीति तर्जुमा गर्न अनुसन्धान कार्यलाई उच्च प्राथमिकता दिईनेछ, नेपाल स्वास्थ्य अनुसन्धान परिषद तथा राष्ट्रिय आयुर्वेद अनुसन्धान परिषदको क्षमता बृद्धि गर्नको साथै दायरा फराकिलो पार्दै चिकित्सा पद्धति र पेशागत विज्ञता अनुसार अन्य प्राज्ञिक संघ संस्था, प्रतिष्ठान र विश्वविद्यालयहरूलाई पनि स्वास्थ्य अनुसन्धानको लागि समन्वय गरिनेछ।

२१. नेपालको संविधान अनुरूप संघियता कार्यान्वयन एवं स्वास्थ्य क्षेत्रका प्रतिफलहरूलाई कायम राख्दै जनस्वास्थ्य क्षेत्रमा थप प्रगति उन्मुख कार्ययोजना बनाई कडाईका साथ लागु गरिने र स्वास्थ्यको जिम्मेवारी स्थानीय तहलाई दिने एवं प्रादेशिक स्वास्थ्य सेवालाई योजनाबद्धरूपमा अघि बढाउन तत्काल सात प्रदेशबाट कार्यको थालनि गरिनेछ।

२२. दुर्गम क्षेत्रमा अति विपन्न जनताहरूलाई विषेशज्ञ सेवा प्रदान गर्न हाल संचालनमा रहेका सेवाहरूको अतिरिक्त प्रतिष्ठान र मेडिकल कलेजहरूको शिक्षण जिल्लाको संख्या अभिबृद्धि गरी सेवा विस्तार गरिनेछ। कर्णाली लगायतका प्रतिष्ठानहरूको क्षमता बृद्धि गरी देशलाई आवश्यक जनशक्ति उत्पादन गरिनेछ।

२३. चिकित्सा शिक्षामा देखा परेका विकृतीहरूको सम्बन्धमा सो को सुदृढिकरणको लागि विभिन्न समयमा भएको आन्दोलन र मागहरूलाई उपयुक्त किसिमले निराकरण गर्न आवश्यक कदम अगाडि बढाईनेछ। एकिकृत चिकित्सा शिक्षा विधेयक लगायत स्वास्थ्य सेवासँग सम्बन्धित विधेयकहरू पारित गर्न महत्वपूर्ण योगदान हुनेछ।

२४. जनयुद्ध, जनआन्दोलन र मधेश लगायतका विभिन्न आन्दोलनका घाईतेहरूको उचित स्वास्थ्य सेवा र व्यवस्थापन गरिनेछ।

२५. सिकलसेल एनिमिया, थालासेमिया र हेमोफिलिया लगायतका रोगहरूको अनुसन्धान तथा उपचारलाई प्राथमिकता दिईनेछ।

२६. यसभन्दा अघिका स्वास्थ्य क्षेत्रका औचित्यपूर्ण नीति तथा कार्यक्रमहरूलाई निरन्तरता दिईनेछ।

यी प्रतिबद्धताहरू कार्यान्वयन कहिले सम्म हुने र कुन कुन निकायको सक्रिया होलान भन्ने बिषय भने स्पष्ट देखिन्न। सार्वजनिक प्रतिबद्धता जनतापक्षमा पुग्न सकोस र जनताले राहत महसुस गर्न सकुन्।

# विचार

{ सोच्नु राम्रो हो, कुरा गर्नु त्यो भन्दा राम्रो हो, तर सबैभन्दा राम्रो काम गर्नु हो।
- इमरसन }

{ असफलता त्यो अवसर हो, जसले अझै सच्चिएर अघि बढ्ने मौका दिन्छ।
- हेनरी फोर्ड }

**सम्पादकीय** — नेपाल समाचारपत्र

## खाल्टा नपुर्दा दुःखद घटना

खाल्टोमा जमेको पानीमा नुहाउन गएका चार बालिका सोही पानीमा डुबेर मृत्यु भएको खबर सार्वजनिक भएपछि आममानिसको चासो उक्त घटनाका बारेमा बढेको छ।

**लेखकहरूलाई अनुरोध**

१२०० शब्दसम्मका उत्कृष्ट लेख-रचना एवम् छोटा पाठक-पत्रहरु निम्न ठेगानामा पठाउनुहुन अनुरोध गरिन्छ।

email : samacharpatrac@gmail.com, lekh_rachana@yahoo.com

# समावेशीको सवाल र क्षमताको प्रश्न



निनाम लोवात्ती कुलुङ

नेपालको ४० औं र व्यक्तिगतरूपमा चौथोपटक प्रधानमन्त्री बन्न सफल नेपाली कांग्रेसका वर्तमान सभापति तथा प्रधानमन्त्री शेरबहादुर देउवाले दोस्रोपटक विस्तार गरेको २७ सदस्यीय मन्त्रिमण्डल कति समावेशी ? भन्नेबारे विवाद र बहस शुरु भएको छ। हुन पनि कुनै राजनीतिक व्यक्ति र दलको पक्ष-विपक्षमा नलागी आग्रह र पूर्वाग्रह नराखी, अनुराग र द्वेष नलिईकन हेर्दा पनि प्रधानमन्त्री देउवाले दोस्रोपटक विस्तार गरेको मन्त्रिमण्डलमा सहभागी अनुहारलाई हेर्दा समानुपातिक समावेशी त भन्नै मिल्दैन, समावेशीसमेत भन्न सकिँदैन। त्यसमाथि नेपालमा सम्पूर्ण जनसंख्याको आधारमा समानुपातिक समावेशीको कुरो गर्नु अहिलेलाई धेरै हतार हुने देखिन्छ।

हुन त समावेशी र पूर्ण समानुपातिक समावेशीमा आकाश-जमिनको फरक हुन्छ। यसको फरक नबुझीकन समावेशी-समावेशी मात्रै भन्नु अपूर्ण हुन्छ। किनभने समावेशी हिसाबले मात्रै हेर्ने हो भने वर्तमान प्रधानमन्त्री देउवाको मन्त्रिमण्डल लगभग समावेशी नै देखिन्छ। किनभने हाल गठित २७ जनाको मन्त्रिमण्डलमा महिला तीनजना, मधेसी पाँचजना, नेवार दुईजना, थारु चारजना (एक महिला मन्त्रीसहित), क्षत्री सातजना (एक महिला मन्त्रीसहित), ठकुरी दुईजना (प्रधानमन्त्रीसहित), बाहुन पाँचजना (एक महिला मन्त्रीसहित), मुसलमान एकजना, दलित एकजना, पिछडिएको क्षेत्र एकजना (ठकुरी), आदिवासी जनजाति शून्य छ।

तर, समानुपातिक समावेशीको कोणबाट हेर्दा हालको मन्त्रिमण्डलमा समावेश भएका मन्त्रीहरूको अनुहार र नामले यो मन्त्रिमण्डल गठन प्रक्रियाले न्याय गरेको छ भन्न सकिने अवस्था रहेन। हालको मन्त्रिमण्डलको बनावट हेर्दा प्रधानमन्त्री र उपप्रधानमन्त्रीसहित १४ जना (५० प्रतिशतभन्दा बढी) खसआर्य, उपप्रधानमन्त्रीसहित चारजना थारु, उपप्रधनमन्त्रीसहित दुईजना नेवार, पाँचजना मधेसी, तीनजना महिला, एकजना दलित, एकजना मुसलमान रहेको देखिन्छ। नेवार र थारुलाई आदिवासी जनजाति नमान्ने हो भने (किनभने, नेवारभित्रका धेरैजसो श्रेष्ठ र प्रधान लेख्नेहरू आफूलाई आदिवासी जनजातिमा राखेकोमा असन्तुष्ट छन्। विगतमा नेपाली कांग्रेसका नेता ओमकार श्रेष्ठलगायतले तत्कालीन 'जनजाति विकास समिति' अन्तर्गत नेवारलाई 'जनजाति'मा राखेकोमा असन्तुष्ट हुँदै खारेजीका लागि पहलकदमी नै गरेका थिए। पछि फेरि नेवार आदिवासी जनजातिमा सूचीकृत भएको हो भने हाल सरकारले थारुलाई अलग्गै जातिको रूपमा मान्यता दिइएको अवस्था छ।) २०६८ को राष्ट्रिय जनगणनाअनुसार लगभग ३६ प्रतिशत जनसंख्या रहेको आदिवासी जनजातिको उपस्थिति शून्य देखिन्छ।

खसआर्यमा पनि सातजना क्षत्रीहरू छन्। त्यसमा पनि तीनजना त बस्नेत बन्धुहरू मात्रै छन्। त्यस्तै पाँचजना मधेसीमा दुईजना यादव बन्धुहरू छन्। उता तीनजना महिलाहरू मन्त्री भएकामा तीनैजना 'लो प्रोफाइल'का मन्त्रीमा थन्किएका छन्। जस्तो कि, अम्बिका बस्नेत सहकारीमन्त्री, आशा कोइराला महिला तथा बालबालिकामन्त्री र मिथिला चौधरी वातावरणमन्त्री भएका छन्। यसरी हेर्दा अहिलेको मन्त्रिमण्डलमा उपप्रधानमन्त्रीसहित अर्थ, गृह, स्थानीय विकास, सञ्चार, शिक्षा, रक्षा, परराष्ट्र, भौतिक, ऊर्जा, आपूर्ति, पर्यटन, वाणिज्यलगायत गतिलो मन्त्रालय भनिएको मन्त्रालय हाँक्ने अवसर महिलाहरूले पाएनन्। ।

नेपालमा हाल सूचीकृत ५९ जाति मात्रै नेपालका निर्विकल्प आदिवासी जनजाति हन् भन्ने र ५९ जातिबाहेक अरु आदिवासी जनजाति नदेख्ने आदिवासी जनजाति महासंघ र महासंघका हर्ताकर्ताहरू र, अधिकारकर्मी पनि बुद्धिजीवी पनि भइटोपलेका आदिवासीका अगुवा हौं भन्नेहरू, त्यस्तै नेपालका आदिवासी जनजातिको मानवअधिकारसम्बन्धी वकिल हामी मात्र हौं भन्नेहरूले पनि प्रधानमन्त्री शेरबहादुर देउवाले पछिल्लोपटक गठन गरेको मन्त्रिमण्डलमा नेपालका आदिवासी जनजातिको हविगत यस्तो (२७ जनामा एकजना पनि नपर्नू !) देख्दादेख्दै अझै पनि महासंघलगायत आदिवासी जनजातिको हकअधिकारको लागि हामी नै असली ठेकेदार हौं भन्नेहरूले ठेँ-ठेँ गर्न मिल्ला त ? कि नेपालका आदिवासी जनजातिहरू भनेको राज्य चलाउने ठाउँमा पुग्ने होइन कि, त्यो ठाउँमा पुग्नेहरूको 'झोलेपोके' र 'भोट बैंक' बन्ने मात्रै हो ? भन्ने विषयमा आदिवासी जनजाति महासंघ र महासंघका हर्ताकर्ताहरू, अधिकारकर्मी पनि बुद्धिजीवी पनि भइटोपलेका आदिवासीका अगुवा हौं भन्नेहरू र नेपालका आदिवासी जनजातिको मानवअधिकारसम्बन्धी वकिल हामी मात्र हौ भन्नेहरू भित्रभित्रै सहमत भए ? अब आदिवासी जनजाति समुदायभित्र यो विषय गम्भीररूपमा उठ्नुपर्छ। यसरी के नेपाल सँधैभरि नेपालको सम्पूर्ण जनसंख्याको लगभग ३१ प्रतिशत हाराहारी रहेका खसआर्य समूहका अगुवाहरूका लागि राइँदाइँ गर्ने थलो हो ? अझै पनि उनीहरूले जे चाह्यो, त्यही हुने हो ? प्रश्न गम्भीर छ। भनिन्छ, राणा शासनकालमा आफ्ना हुक्के, बैठकेलगायत चाटुकारहरूलाई केही गरिदिनुपर्‍यो। तर, नाममात्रको किन नहोस् ऐन, कानुनले छेकबार गर्नेरहेछ/गरेछ भने, श्री ३ महाराजहरूले 'ऐन, कानुनमा जेसुकै लेखिएको भए तापनि हाम्रो हुकुम र तजबिजले गरिबक्सियौं !' भनेझैं अहिलेको २१ औं शताब्दी भनिएको जमानामा पनि त्यही हुने हो ?

हुन त के भनिन्छ भने, मानिसले जे कुरा पनि सकारात्मक ढंगले सोच्नुपर्छ। तै पनि नेपालको राजनीतिक इतिहास हेर्दा हालसम्मका कुनै पनि प्रधानमन्त्रीले आफ्नो मन्त्रिमण्डल पूर्णरूपमा समावेशी ढंगले गठन गरेको इतिहास छैन। तापनि सरकार प्रमुख अर्थात् प्रधानमन्त्री र सरकारमा सहभागी हुने राजनीतिक दलहरूले मन्त्रिमण्डल गठन प्रक्रियामा जानाजान होस् वा अन्जानमै किन नहोस्, अझै पनि राणाशासकका राजनीतिक पुरेत राममणि आदिले मन्त्रिमण्डल गठन प्रक्रियाका सम्बन्धमा दिएको सुझावलाई शिरोपर गरेझैँ लाग्छ।

नेपालका राजनीतिक दल र तिनका नेताहरू कतिसम्म गएगुज्रेका छन् भने, राज्यको हरेक क्षेत्रमा कम्तीमा ३३ प्रतिशत महिलाको सहभागिता हुनै पर्ने व्यवस्थासमेत पटक-पटक उल्लंघन गर्ने गरेका छन्। अझ सरकार गठन प्रक्रिया (मन्त्रिमण्डल गठन) मा त झन् यो दुरुह अवस्था केवल शेरबहादुर देउवाको सन्दर्भमा मात्रै नभएर सधैं देखिने गरेको छ। फेरि यसरी आफ्नो समावेशिताको हकअधिकार छिनिएकोमा/खोसिएकोमा राजनीतिक दलहरूको विरुद्धमा कुनै राजनीतिक दलका भ्रातृ संगठनका महिलाहरूले कतै उजुरबाजुर वा भनौं मुद्दामामिला गर्दैनन्। यो मामिलामा राजनीतिक दलका भ्रातृ संगठनहरू त्यसरी एग्रेसिभ भएर नलाग्नुका अनेक कारणहरू हुन सक्छन्। तर, यहाँ स्वतन्त्र हैसियत भएका, राज्यले चिनेका वा समाजमा स्थापित भएका धेरै महिला महानुभावहरू विभिन्न क्षेत्रमा कार्यरत हुनुहुन्छ,। राजनीतिक दलका भ्रातृ संगठनका महिलाहरूले आफ्नो हकअधिकार आफ्नै दलका नेताहरूले उल्लंघन गरेको देखेर पनि नदेखेझैँ गरी टुलुटुलु हेर्नु कुनै अनौठो भएन। तर स्वतन्त्र हैसियत भएका, राज्यले चिनेका वा समाजमा स्थापित भएका महिला महानुभावहरूचाहिँ मन्त्रिमण्डल गठन प्रक्रियालगायतमा राजनीतिक दलले पटक-पटक कानुनी हकअधिकार हनन गर्दा पनि यसका विरुद्ध किन कानुनी उपचारमा जाँदैनन् ? बुझिनसक्नु छ। वास्तवमा महिला हकअधिकार र महिलाहरूका लागि संविधानमै व्यवस्था गरेको कानुनी व्यवस्था उल्लंघन गर्ने राजनीतिक दल वा सरकारविरुद्ध एकपटक कानुनी उपचार खोज्न गएदेखि निश्चय नै एउटा नजिर स्थापित हुन्थ्यो। र, त्यसले सधैँभरिका लागि राजनीतिक दल, तिनका नेता र सरकारलाई दिशानिर्देश गर्थ्यो।

> राजनीतिक दलका भ्रातृ संगठनका महिलाहरूले आफ्नो हकअधिकार आफ्नै दलका नेताहरूले उल्लंघन गरेको देखेर पनि नदेखेझैँ गरी टुलुटुलु हेर्नु कुनै अनौठो भएन। तर स्वतन्त्र हैसियत भएका, राज्यले चिनेका वा समाजमा स्थापित भएका महिला महानुभावहरूचाहिँ मन्त्रिमण्डल गठन प्रक्रियालगायतमा राजनीतिक दलले पटक-पटक कानुनी हकअधिकार हनन गर्दा पनि यसका विरुद्ध किन कानुनी उपचारमा जाँदैनन् ? बुझिनसक्नु छ।

उता आदिवासी जनजाति, मधेसी, दलित, मुस्लिम, पिछडिएको क्षेत्रले पनि समानुपातिक समावेशीका लागि कानुनमै व्यवस्था गर्नका निम्ति नलडेसम्म शायदै राजनीतिक दल र तिनका नेताहरूले मन्त्रिमण्डल गठनजस्तो कुरामा स्वविवेकले समानुपातिक समावेशीको सिद्धान्त अपनाऊलान्/लागू गर्लान्। त्यस्तै हरूवा-चरुवा, मुक्तकमैया, कम्लरी, मजदुर, लैंगिक अल्पसंख्यक, भिन्न क्षमता भएकाहरू जस्तै- आँखा नदेख्ने, कान नसुन्ने, बोल्न नसक्ने, हिँडडुल गर्न नसक्ने आदिलाई कसरी मन्त्रिमण्डलमा समेट्ने ? यस विषयमा आजसम्म कसैले पनि सोचेका छैनन् भन्न सकिन्छ। जबकि भिन्न क्षमता भएकालगायत अन्य कतिपय व्यक्ति/समूहहरू शारीरिक रूपमा सपांग तर, बौद्धिक रूपमा अपांग कतिपय नेताहरूभन्दा कताकता क्षमतावान्, विषय विज्ञता र विवेकशीलता, दूरदर्शिता भएकाहरू छन्।

तर, यहाँ केही मान्छेहरू छन्, जो समावेशिताको कुरो उठ्यो/गर्‍यो कि क्षमता हुनुपर्दैन ? समावेशी भन्दैमा लंगडोलाई ल्याएर प्रधानमन्त्री र मन्त्रीको कुर्सीमा राख्ने ? भनी कुतर्क गर्छन्। एकपटक यस्तै विषयमा गलफत्ती हुँदा एकजना सर (संयोगले उहाँ जातले बाहुन हुनुहुन्छ) ले तपाईं जनजाति, मधेसी, दलितहरू खालि समावेशी, समावेशी भन्नुहुन्छ तर उनीहरूमा क्षमता हुनुपर्दैन ? समावेशी भन्दैमा लंगडोलाई टपक्क टिपी ल्याएर प्रधानमन्त्री र मन्त्रीको कुर्सीमा राख्ने ? भनी कड्किएर भनेका थिए। संयोगले त्यो दिन यो पंक्तिकारसँग जर्मनीका अर्थमन्त्री भोल्फगाङ शोएँबलको फोटो छापिएको पत्रिका थियो। जो लंगडो अर्थात् शारीरिक रूपमा अपांग भए तापनि जर्मनीको संघीय (केन्द्रीय) अर्थमन्त्री भएका छन्। पत्रिकामा उनी ह्वीलचेयरमा हिँडिरहेको तस्वीर थियो। पंक्तिकारले दाजु यो के हो नि ? भनी प्रश्न गर्दा 'कहाँ जर्मनी कहाँ नेपाल, तुलना गरेर हुन्छ ?' भनेर ती सर झोक्किएका थिए। यस्तै हो भने यहाँ 'काग कराउँदै गर्छ पिना सुक्दै गर्छ'। समावेशी र क्षमताको सवालमा प्रश्नहरू उठिरहनेछन्।

## पाठक पत्र सन्दर्भ : गाईजात्रा व्यङ्ग्य

### २०७४ सालस्य नेतागणेन गोजात्रा

हरि ओम् तत्सत् ! हरि ओम् तत्सत् ! हरि ओम् तत्सत् ! काशी काशी हाम्रा नेताले खान थाले दुई महिनाको बासी, भारत वर्षे भारत खण्डे भारतका उत्तर भागे नेपाल खण्ड मध्यभागे प्रधानमन्त्री, मन्त्रीण:, सांसदेन, सभासदह तथा नेतागणेन राजसंस्थायाम सत्ताच्यूत कर्मण निमित्तक म्लेक्ष राज्यस्य डलर एवं पाउन्ड द्रव्य सञ्चित कर्मण दुष्ट चरित्र प्रदर्शित हिन्दु राष्ट्र एवं हिन्दु धर्म विनिमय कर्म करिष्यते, ०६२/०६३ संवतसरेण जनआन्दोलनपश्चात् लोकतन्त्रेन, प्रजातन्त्रेन, गणतन्त्रेन दुरूपयोग प्रदर्शित, संविधान निर्माण कर्मणेन नृत कर्मस्य राज्यस्य ढुकुटीन खल्ती प्रदर्श्यामि तथा प्रधानमन्त्री, मन्त्रीण:, सांसदेन नेतामण्डल १९५० को सन्धीमध्ये सुगौली सन्धीअन्तर्गत महाकाली सन्धी, टनकपुर सन्धी, गण्डक सन्धीमध्ये जो-जो प्रधानमन्त्री हुँदै दक्षिण दिशातिर (अमुक अमुक देशतर्फ) लागे मनोमानी गरी फर्केर नेपाल गमन भएका नेतामध्ये यहाँ आजका पुण्य दिनमा। प्रधानमन्त्री, मन्त्रीण:, सांसदेन तथा नेतागणेन एकमुष्टेन गोजात्रा।

*- राकेशकुमार शर्मा, गुलरिया नपा-६, बर्दिया*
*हाल : हेटौँडा उमनपा-२, मकवानपुर*

### प्रजातन्त्रप्रति व्यङ्ग्यवाण

'प्रजातन्त्र' संख्या पुर्‍याएर राष्ट्रिय स्वाभिमान धर्म-संस्कृति-सद्भाव बेच्न सकिने 'दलालतन्त्र' हो। म यो प्रजातन्त्र किन मानौं देशभक्तिको सुगन्धित आकर्षण छैन भने ! म यो व्यवस्था किन मानौं मेरी मातृभूमि नेपालप्रतिको प्रेम छैन भने ! सफल प्रजातन्त्र भएका देशहरू जसमा अमेरिका, बेलायत, डेनमार्क, नर्बे, अस्ट्रेलिया, साउथ अफ्रिका, जापान इत्यादि जो एक-अर्का देशका सहयोगी देश हुन्, अर्कोतिर असफल प्रजातन्त्र भएका देशहरू जसमा इराक, सिरिया, लिबिया, सुडान जसले माथिका धनी देशहरूको स्वार्थका लागि सहयोगी बनेनन्। यसको अर्थ के हो, प्रजातन्त्रको राजनीतिक प्रक्रिया तपाईं-हाम्रा आधारभूत आवश्यकता र विकासका लागि होइन, यो त एउटा सिंगो देशलाई राजनीतिकरूपले आफ्ना स्वार्थका लागि त्यस देशको प्राकृतिक सम्पदामा कब्जा गर्ने, आफू र आफ्नो देशको उन्नति अनुकूल हुने गरी राजनीतिक प्रक्रिया व्यवस्थापन गर्ने नम्बर गमेर विदेशीहरूले बनाएको आधारशिला हो। जसमा विदेशीहरूले खेल्न सक्ने सामाजिकरूपले पर्याप्त ठाउँ राखिदिने माध्यम मात्र हो।

मलाई माफ गर्नुहोला, मेरो देशको अनुभवले मलाई यही सिकायो। देशको उच्च नेतृत्वमा जोसुकै होस्, धनी देशमा यस प्रजातन्त्रले अमेरिकन, युरोपियन, जापानिज जनतालाई धनी-सुखी-खुशी बनायो, तर हाम्रो देशमा शीर्ष भनिने केही नेता र तिनका कार्यकर्तालाई मात्र धनी-सुखी-खुशी बनायो, नेताहरूको दिन दुगिना रात चौगुन उन्नति गरायो। यो कस्तो प्रजातन्त्र हो नेपाल देश र नेपाली जनतालाई कंगाल बनाउने ? शीर्ष भनाउँदा नेता र उनका नजिकका कार्यकर्तालाई मात्रै धनी बनाउने यो कस्तो प्रजातन्त्र ! यो कस्तो प्रजातन्त्र हो नेपाली चेलिबेटीहरूलाई होटेलमा पुर्‍याउने ! विभिन्न शक्तिको दुरूपयोग गरेर पार्टीको नेतृत्व सम्हालेका भ्रष्टाचारीलाई संसद्मा पुर्‍याउने ! यो कस्तो प्रजातन्त्र हो सक्षम जनशक्तिलाई खाडी मुलुक पठाउने ! देशका प्राकृतिक सम्पदाहरू कोशी, महाकाली दिल्लीलाई बुझाउने ! यो कस्तो प्रजातन्त्र हो देशको उर्बर खेतीयोग्य जमिन बाँझो राख्न लगाउने ! विदेशीका रासायनिक खाद्यसामग्रीहरू कमिसनका लागि आयात गर्न लगाउने ! यो कस्तो प्रजातन्त्र हो अधिकारका नाममा देशभित्र जनता मराउने ! राजनीतिक उन्नतिका नाममा १२ र २५ बुँदे विदेशीका हितका लागि विदेशीमा गराउने ! यो कस्तो प्रजातन्त्र हो ?

हे मेरा देशका नेताहरू हो, भन- यो कस्तो प्रजातन्त्र हो ? संख्या पुर्‍याएपछि हाम्रो राष्ट्रिय स्वाभिमान, धर्म, संस्कृति, सद्भाव बेच्न सकिने। हे वीर नेपाली हो ! प्रजातन्त्र तपाईं-हामीले भोगेको जस्तो हो भने प्रजातन्त्र एउटा गौरवमय संस्थाको गरिमा भत्काउने दलालतन्त्र हो। प्रहरी महानिरीक्षक नियुक्ति प्रकरण हेर्नुहोस् त, प्रहरी महानिरीक्षक हुन सक्ने गरी पुगेका सबै अफिसरहरू योग्य नै हुन्छन् नि। वरियताको क्रमअनुसार पदोन्नति गरेर संस्थालाई मर्यादित तथा संगठित बनाउने हो नि। जुन संस्थामा संस्कारको लागि युनिटी छैन वा गरिदैन म मेरो छोराछोरीलाई प्रहरी बन्न कहिल्यै प्रोत्साहन दिनेछैन। सबै नेपालीले पनि ठीक यही सोचेका होलान्।

प्रजातन्त्र झोलामा पैसा बोकेर भ्रष्टाचार गर्न पाऊँ भनी पद माग्नेलाई प्रमाणपत्र दिने दलालतन्त्र हो ? प्रजातन्त्र एउटा व्यक्ति, समाज, देशको नैतिकता, संस्कृति, सद्भाव पतन गर्ने दलालतन्त्र हो ? यो कस्तो प्रजातन्त्र हो, अमेरिकी, युरोपी आदि जनतालाई फाप्ने तर नेपाली जनतालाई नफाप्ने। प्रजातन्त्र दलालका लागि महालक्ष्मी हो तर आम गरिब नेपालीका लागि क्यान्सर हो, यो हाम्रो बालिनालीमा लाग्ने रोगजस्तै हो, जमिनको उर्बर शक्ति घटाउने रासायनिक मलजस्तै हो। यसका नीतिगत अन्तरवस्तु नेपाल र नेपाली नागरिकको हित हुने गरी सच्याउन वा परिवर्तन गर्न सकिँदैन। हजार रुपियाँको मासुभातमा हामीले आफ्नो भोट दिएर विगतमा १७ हजार निर्दोषहरूको हत्या भयो र भविष्यमा १७ लाख निर्दोषहरूको हत्या हुन सक्छ। त्यसमा म, मेरा छोराछोरी, मेरो परिवार वा मेरा आफन्तहरू पर्न सक्दैनन् भन्ने ठोकुवा गर्न सक्दिनँ। त्यसैले समग्र देश एकढिक्का भएर सजगताका साथ उपस्थिति जनाऊँ, दलालहरूको गलत क्रियाकलापको पतनका लागि।

*- चक्र शाही*

### सिंहको दरबारभित्र स्यालको जात्रा

आजको दिन नेपालमा गाईजात्रा मनाइँदै छ। यसको व्यापक प्रचार पनि छ। यो चाड मनाउन कलाकारलाई भ्याई-नभ्याई छ। जनताको पनि हेर्ने ताँती छ। तर सधैँ गाईजात्रा भइरहने सिंहको दरबारमा स्यालको जात्रातर्फ कसैको ध्यान नगएपछि निरीह मन्त्रीले विज्ञप्ति नै निकालेर आमन्त्रण गरेका छन्। उनले वर्षौंभरि भइरहेको सिंहदरबारको स्यालजात्रामा ध्यान नगएकोप्रति ध्यानाकर्षण भएको जनाएका छन्। उनले व्यापकरूपमा सकी-नसकी देखाइने जात्रालाई कसैले मतलब नगरेको बताएका छन्।

'देश र जनताको नाममा गरेको सबै कर्तुतलाई यो विज्ञप्तिमा मात्रै राखेर साध्य छैन, हामीले धेरै गरेका छौं', विज्ञप्तिमा भनिएको छ। साथै विज्ञप्तिमा आफूले गरेका प्रगतिको बारेमा पनि उल्लेख गरिएको छ। विज्ञप्तिमा भनिएको छ, 'दैनिक १५ सयभन्दा बढी युवालाई धन कमाउन पठाएर देशको विकास गरेका छौं। हाम्रो कामलाई गलत तरिकाले प्रचारप्रसार गरेर विदेशिएका श्रीमतीसमेत पोइला जानुमा हाम्रो हात रहेको निराधार कुरालाई मात्रै बाहिर ल्याइएको छ। यो विषयमा हामी गम्भीर आपत्ति जनाउन चाहन्छौं। हामीले यो देशको प्रगति र उन्नतिका लागि सांसद र स्थानीय निकायका जनप्रतिनिधिलाई आफूखुशी मनलाग्दी गर्न सक्ने प्रावधान बनाएका छौं। त्यसै गरी सक्नेलाई सके जति भ्रष्टाचार गर्न सक्ने गरी सबैतिर सेटिङ मिलाउन वातावरण पनि हामीले नै बनाएका छौं।' यसरी सिंहको दरबारभित्र भइरहेको स्यालको जात्रा हेर्न जाने होइन त ? तर पस्न दिइँदैन कि ?

*- सिजन अधिकारी, सुर्खेत,*
*हाल : काठमाडौं*

## सामाजिक सञ्जाल



एउटा डाक्टर यत्तिका दिन भइसक्यो अनशन बसेको, अनशन तोड्ने वातावरण नै सिर्जना नगरेर 'लाटाले केरा हेरेर बसे' झैं गरिराछ, निकम्मा सरकार।

**Chhabi Kafle**
**@Admin_youth**



विश्वकै उत्कृष्ट शहर बन्ने भएसी गाडी पनि त उत्कृष्टै चाहियो नि ! अघि बढम् कामरेड, कराउने कराइरहन्छन् !

बि डट् भट्टराई
**@KTMite**



एउटा मूर्ख व्यक्तिले बुद्धिमान व्यक्तिको जवाफबाट केही सिक्दैन तर एउटा विद्वान्ले मूर्खको प्रत्येक प्रश्नबाट केही नयाँ कुरा सिकिरहेको हुन्छ।

साजन पाल्पाली
**@aryalsajan1**

२०७४, साउन
मंगलबार
२४

१८औं शताब्दि अगाडिदेखि नै व्यापक प्रचार भई विकसित टोखाको अष्टमात्रिकामध्येको एक धार्मिक, पुरातात्विक, पवित्रस्थल चण्डेश्वरी मन्दिर वरपर रहेका भौतिक संरचना हटाउने काम मन्दिरका पुजारी र चण्डेश्वरी निर्माण तथा संरक्षण समितिको पहलमा भइरहेको छ।

# नेपाल




समझदारी : राजधानीको कीर्तिपुर नगरपालिका र विभिन्न निकायबीच सोमबार एक समारोहकाबीच आपसी सहयोग आदान–प्रदानसम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएको छ। तस्वीरमा कीर्तिपुर नगरपालिकाका मेयर रमेश महर्जन र त्रिविको भू–विज्ञान विभागका प्रमुख प्राडा लालुप्रसाद पौडेल आपसी सहयोगसम्बन्धी समझदारीपत्रमा हस्ताक्षरपछि आदान–प्रदान गर्दै (बायाँ) र अर्को एक कार्यक्रममा कीर्तिपुर नगरपालिकाका मेयर श्रेष्ठ र हिमालयन कलेज अफ इन्जिनियरिङका निर्देशक पूर्णभद्र अर्यालबीच समझदारीमा हस्ताक्षरपछि आदान–प्रदान गर्दै। कार्यक्रममा सो नगरपालिकाका उपमेयर सरस्वती खड्का र कार्यकारी अधिकृत सुमन कार्कीको पनि सहभागिता रहेको थियो।
तस्वीर : उज्जोल डंगोल/काठमाडौं

## स्वास्थ्यमन्त्रीसँग अमेरिकी दूतको भेट



**नेपाल समाचारपत्र**

काठमाडौं

स्वास्थ्यमन्त्री गिरिराजमणि पोखरेल र नेपालका लागि अमेरिकाका कार्यवाहक राजदूत मिचेल गोन्जालेसबीच सोमबार शिष्टाचार भेटवार्ता भएको छ।

भेटका क्रममा मन्त्री पोखरेलले भूकम्पको बेला अमेरिकाले नेपाललाई गरेको सहयोगका लागि धन्यवाद व्यक्त गर्नुभएको थियो। दाङबाट शुरु भएको मलेरिया उन्मूलन कार्यक्रमको निम्ति अमेरिकी नियोगले गरेको सहयोगको पनि मन्त्री पोखरेलले प्रशंसा गर्नुभयो।

सो अवसरमा मन्त्री पोखरेलले स्वास्थ्यका धेरै अधिकार स्थानीय निकायमा गएकाले अमेरिकासँग थप सहयोगको अपेक्षा गरिएको बताउनुभयो।

## राष्ट्रिय युवा शक्तिमा १४ पदाधिकारी



**नेपाल समाचरपत्र**

काठमाडौं

एकीकृत राष्ट्रिय प्रजातन्त्र पार्टी (राष्ट्रवादी) का अध्यक्ष प्रकाशचन्द्र लोहनी, नेता केशरबहादुर विष्ट र राष्ट्रिय युवा शक्तिका अध्यक्ष किशोर गुरुङको अध्यक्षतामा भएको बैठकले राष्ट्रिय युवा शक्तिको १४ सदस्यीय केन्द्रीय कार्यसमिति गठन गरिएको छ।

समितिको अध्यक्षमा गुरुङ तथा उपाध्यक्षमा नन्दसिंह ठकुरी, महासचिवमा सागर न्यौपाने, कोषाध्यक्षमा राजु राई तथा सदस्यहरुमा विकास गौतम, विशाल पराजुली, विनोद बानिया, वसन्त लामा, अमृत क्षत्री, सुरेन्द्र ठाकुर, विष्णुहरि पाण्डे, जनम थापा मगर, श्याम बस्नेत र नारायणी लदिम राई चयन हुनुभएको छ।

## आज कांग्रेस बैठक

काठमाडौं, (नेस)

नेपाली कांग्रेस केन्द्रीय कार्यसम्पादनको बैठक आज मंगलबार बस्दै छ। केन्द्रीय सभापतिको अध्यक्षतामा गठन हुने यो समितिले मूलत: केन्द्रीय कार्यसमितिको एउटा बैठक र अर्को बैठकको अन्तरमा केन्द्रीय कार्यसमितिले गर्नुपर्ने काम गर्नेछ।

पार्टी विधानअनुसार यो समितिले गरेको कामको विवरण यथशीघ्र केन्द्रीय कार्यसमितिको बैठकमा पेस गरी अनुमोदन गराउनुपर्नेछ। यो समितिले पार्टी केन्द्रीय कार्यालयअन्तर्गत रहेका सम्पूर्ण विभागहरुको समीक्षा पनि गर्नेछ। कार्यसम्पादन समितिको आज बस्ने बैठकको मुख्य एजेन्डा भने असोज २ गते हुने प्रदेश नम्बर २ को स्थानीय तहको निर्वाचन र समसामयिक राजनीति भएको पार्टी केन्द्रीय कार्यालयका मुख्यसचिव कृष्णप्रसाद पौडेलले जानकारी दिनुभएको छ। बैठक बिहान ८ बजे नै आह्वान गरिएको छ।

## टोखामा चण्डेश्वरीको मन्दिर संरक्षणको पहल



**नेपाल समाचारपत्र**

काठमाडौं

१८औं शताब्दि अगाडिदेखि नै व्यापक प्रचार भई विकसित टोखाको अष्टमात्रिकामध्येको एक धार्मिक, पुरातात्विक, पवित्रस्थल तथा श्रीस्वस्थानी व्रतकथामा दक्ष प्रजापतिले होम गरेको ३३ कोटी देवता रहेको चण्डेश्वरी मन्दिर वरपर रहेका भौतिक संरचना हटाउने काम मन्दिरका पुजारी र चण्डेश्वरी निर्माण तथा संरक्षण समितिको पहलमा भइरहेको छ।

श्रीस्वस्थानी व्रतकथा महात्म्यमा महादेव र दक्ष प्रजापतिका सेनाबीच घमासान युद्ध हुँदा दक्ष प्रजापतिको शीर छेदन भएको र सतीदेवी होममा होमिएर आत्मदाह गरेकाले महादेव अलापविलाप गर्दै सतीदेवीको लास बोकर जानेक्रममा यस स्थानमा सतीदेवीको मुख पतन भएको जनविश्वास रहँदै आएको छ। जसले गर्दा चैत मसान्तमा वागमती खोलाको मुहान वागद्वार मेलामा आउने भक्तजन फर्किने क्रममा चण्डेश्वरी हुँदै दर्शन गरेर सपनतीर्थमा स्नान गरी घर जाने परम्परा रहीआएको छ। त्यही दिनदेखि वैशाख ४ गतेसम्म टोखाकी जीवित देवी गणेद्यो र कुमारीलगायत क्ये गणेद्यो, गणेद्यो, पिथगनद्यो, ससमाद्यो र महाद्योको टोखाबासीले धुमधामसँग जात्रा मनाउँदै आइरहेका छन्।

## दुई मिनेट

### चक्कु प्रहारबाट मृत्यु

काठमाडौं, (नेस)

चक्कु प्रहारबाट गम्भीर घाइते भएका काठमाडौं महानगरपालिका-१८ ताम्सीपाखा डेरा गरी बस्ने नुवाकोट खड्गीभञ्ज्याङ-४ का २७ वर्षीय रवि उपरकोटीको वीर अस्पतालमा उपचारको क्रममा आइतबार मृत्यु भएको छ। डेरा कोठामा मदिरा सेवन गरी झगडा भएपछि उनकै सौतेनी दाजु २८ वर्षीय माइला उपरकोटीले उनलाई चक्कु प्रहार गरेका थिए। चक्कु प्रहार गर्ने माइलालाई प्रहरीले पक्राउ गरी यस सम्बन्धमा थप अनुसन्धान गरिरहेको जनाइएको छ।

### धनमाल चोरी

काठमाडौं, (नेस)

कागेश्वरी मनहरा नगरपालिका-९ काँडाघारी बस्ने सुमित्रा आचार्यको घरबाट सुन तथा चाँदीका गहना र नगद ५० हजारसमेत गरी करिब २ लाख ३५ हजार रुपियाँ बराबरको धनमाल आइतबार चोरी भएको प्रहरीले जनाएको छ।

### झारफुक गर्दा मृत्यु

काठमाडौं, (नेस)

झारफुक गर्ने क्रममा अचानक बेहोस भएकी बूढानीलकण्ठ नगरपालिका-१२ कपन सुनगाभा चोक बस्ने काभ्रे छत्रबास-१ की ५१ वर्षीया लक्ष्मी श्रेष्ठको उपचारका लागि शिक्षण अस्पताल महाराजगन्ज लैजाने क्रममा आइतबार मृत्यु भएको छ। सामान्य बिरामी भएकी श्रेष्ठलाई बूढानीलकण्ठ नगरपालिका-१२ कपन जोरधारा बस्ने दोलखाकाका ३५ वर्षीय बाबुलाल तामाङको झारफुक गर्ने ठाउँमा पुऱ्याई झारफुक गर्ने क्रममा अचानक बेहोस भएपछि उपचारका लागि उक्त अस्पतालतर्फ लगिएको थियो। झारफुक गर्ने तामाङलाई प्रहरीले पक्राउ गरेको छ।

### भऱ्याङबाट लडेर मृत्यु

काठमाडौं, (नेस)

काठमाडौं महानगरपालिका-२६ ठमेल सातघुम्तीस्थित मण्डप होटलको दोस्रो तलाको भऱ्याङबाट लडेर गम्भीर घाइते भएका अमेरिकी नागरिक ६७ वर्षीय जोन ओल्फ फेयनानाको मनमोहन मेमोरियल अस्पताल ठमेलमा उपचारको क्रममा आइतबार मृत्यु भएको छ। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको जनाइएको छ।

## सरकारी शिक्षा सुध्रनुपर्छ : सांसद

**नेपाल समाचारपत्र**

काठमाडौं

सरकारी विद्यालयहरुको पढाइको गुणस्तर नसुध्रिएसम्म नेपालको शिक्षा क्षेत्रको सुधार नहुने सांसद श्याम श्रेष्ठले बताउनुभएको छ। जापानी नागरिक मिचिको मायादाको व्यक्तिगत सहयोग एवं सगुन नेपालको संयोजनमा काभ्रेको रोशी गाउँपालिका मंगलटारमा भूकम्पले क्षतिग्रस्त भएको मंगल जनविजय माध्यमिक विद्यालयको नवनिर्मित चारकोठे पक्की भवनको उद्घाटन गर्दै सांसद श्रेष्ठले सो कुरा बताउनुभएको हो।

स्रोत साधनका हिसाबले हेर्ने हो भने १ करोड बजेट आउने रोशी गाउँपालिकामा ३४ करोड बजेट आएको उल्लेख गर्दै सांसद श्रेष्ठले जापानको निम्नवर्गीय परिवारको व्यक्तिले ६५ लाख रुपियाँ खर्च गरेर भवन निर्माण गरिदिएको थाहा पाएपछि आफू निकै भावुक भएको बताउनुभयो।

जापानी नागरिक मिचिको मायादासँग व्यक्तिगत कुराकानी गरेपछि भावुक हुँदै सांसद श्रेष्ठले अत्यन्तै निम्न परिवारको व्यक्तिले यति ठूलो सहयोग गर्नुभनेको सामाजिक कार्य गर्नका लागि मन चाहिने बताउँदै आफूले पनि स्कुलको विकास लागि सांसद कोषको रकम स्कुललाई दिने प्रतिबद्धता व्यक्त गर्नुभयो।

## लागूऔषधसहित पक्राउ

काठमाडौं, (नेस)

काठमाडौं महानगरपालिका-१० शंखमूल डेरा गरी बस्ने दाङ तुलसीपुर उप-महानगरपालिका-३ की ३२ वर्षीया पार्वती घिताल, चितवन भरतपुरकी २० वर्षीया मेलिना भण्डारी र ललितपुर पाटनका ३४ वर्षीय सुदिन श्रेष्ठलाई लागूऔषध फेनरागन ६ सय एम्पुल, नुर्फिन ४ सय ८० एम्पुल र डाइजेपाम ६ सय एम्पुलसहित आइतबार प्रहरीले पक्राउ गरेको छ। विशेष सूचनाको आधारमा घितालको कोठामा तलासी गर्दा लुकाईछिपाई राखेको उक्त लागूऔषध फेला पारी उनीहरुलाई प्रहरीले नियन्त्रणमा लिएको हो।

यसै गरी काठमाडौं गोंगबु घर भएका २८ वर्षीय पुरन कुँवरलाई १ किलो २ सय ३० ग्राम लागूऔषध गाँजासहित आइतबार प्रहरीले पक्राउ गरेको छ। नागढुंगा चेकपोस्टमा धादिङबाट काठमाडौं आउँदै गरेको बा३ख ४९८५ नम्बरको बसमा सवार कुँवरले लुकाईछिपाई ल्याएको उक्त गाँजा बरामद भएको हो। घटनाका सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको जनाइएको छ।


## सिनेमा कर्नर










मउन्ट मकालु यातायात सेवा
काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ४२७७५५२, ४२७९६१३


## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : सुख-सन्तोष, कार्यसिद्धि, शारीरिक स्वस्थता, मन प्रफुल्लित।
**वृष** : राज्यभय, मान-प्रतिष्ठामा आँच आउने, तनाव बढ्नेछ।
**मिथुन** : रोगव्याधिको भय, आर्थिक नोक्सानी, काममा बाधा-व्यवधान।
**कर्कट** : धनलाभ, सम्मान, इज्जत-प्रतिष्ठा बढ्ने, समस्या समाधान।
**सिंह** : आर्थिक लाभ, प्रतिस्पर्धा वा परीक्षा, खेलकुद आदिमा विजय।
**कन्या** : बाथजन्य रोगको भय, कार्य असफल, शोक-सन्ताप।
**तुला** : पेट गडबड, विवाद, निरर्थक घुमफिर, दिनचर्या अस्तव्यस्त।
**वृश्चिक** : आर्थिक लाभ, पढाइ, जागिर, व्यापार आदिमा सफलता।
**धनु** : धनहानि, व्यर्थको खर्च, मन चञ्चल, आँखामा समस्या होला।
**मकर** : उपहार आदिको प्राप्ति, भाग्योदय, कार्यसफल, धनलाभ।
**कुम्भ** : आर्थिक नोक्सानी, दुर्घटनाको भय, विवाद, निरर्थक खर्च।
**मीन** : द्रव्यलाभ, विविध सेवा वा वस्तुको प्राप्ति, उत्तम भोजन प्राप्ति।

# विश्व

## मतदान

दक्षिण कोरियाली राष्ट्रपति ज्याकोव जुमाविरुद्ध मंगलबार अविश्वासको प्रस्तावमाथि विधायहकले गोप्य मतदान गर्ने भएका छन् ।



## प्रिमियर

माइकल ज्याक्सनको 'थ्रिलर' को थ्री डी संस्करण भिडियो भेनिस फिल्म फेस्टिभलमा प्रिमियर हुने भएको छ ।





विश्व २ मिनेट

### इरान

## सेल्फी र अपमान

तेहरान, (एजेन्सी)

इरानका राष्ट्रपति हसन रुहानीको दास्रो कार्यकालको शपथ ग्रहण समारोहमा भागलिन पुगेकी युरोपेली संघका वरिष्ठ अधिकारी फेडरिका मोगेरिनीले सांसदहरूबाट भएको असहज व्यवहारको सामना गर्नुपरेको छ। इरानी पुरुष सांसदहरूले मोगेरिनीलाई सेल्फीका लागि घेरेका थिए। सामाजिक सञ्जालमा सांसदहरूको उक्त व्यवहारलाई लिएर कडा आलोचना भएको छ। सांसदहरूको व्यवहारलाई अपमानजनक बताइएको छ। सांसद अलिरेजा सलिमीले सांसदहरूको व्यवहारलाई पश्चिमसामु आत्मसमर्पण भएको प्रतिक्रिया दिएकी छिन्। यसले संसद्कै अपमान भएको बताउँदै उनले घटनाको जाँच हुनुपर्ने बताइन्।

### भेनेजुयला

## आक्रमणकारीको खोजी

भ्यालेन्सिया, (एजेन्सी)

भेनेजुयलाका राष्ट्रपति निकोलस माडुरोले सैन्य अड्डामा आक्रमणछि फरार रहेका हतियारधारी व्यक्तिहरूको खोजी भइरहेको बताए। उत्तरपश्चिमी शहर भ्यालेन्सियामा करिब २० जनाले उक्त आक्रमण गरेको उनले जानकारी दिए। ती मध्य २ जनालाई मारिएको, १ घाइते भएको र अन्य ७ जनालाई पक्राउ गरिएको थियो। सरकारी टेलिभिजनमा राष्ट्रपति माडुरोले सेनालाई उक्त आक्रमण असफल पारेकोमा बधाई दिएका छन्। सत्ताधारी समाजवादी पार्टीका उपनेता डियोसडादो काबेलियोले ट्विटरमा उक्त घटनालाई 'आतंककारी हमला' को संज्ञा दिएका छन्।

### अस्ट्रेलिया

## विमान भेटियो

सिड्नी, (एजेन्सी)

अस्ट्रेलियाली नौसेनाले सोमबार क्विन्सल्यान्डको समुद्री तटमा दुर्घटनाग्रस्त अमेरिकी सैनिक विमान फेला पारेको छ। सो विमानमा सवार तीन जना अमेरिकी सैनिक मरेको आशंका गरिएको छ। अस्ट्रेलियाली रक्षामन्त्री म्यारिस पेयनेले आफ्नो खोजीकार्य शुरु गरेको केही क्षणपछि नै सर्भेक्षण जहाजले सोलवाटर बेमा डुबेको एमभी-२२ ओस्प्रे विमान फेला पारेको जानकारी दिएका छन्। शनिबार सो विमान दुर्घटना हुँदा त्यसमा सवार २३ जनालाई सकुशल उद्धार गरिएको थियो भने ३ जना बेपत्ता भएका थिए। चाँडै नै पानीमुनिबाट सो विमानको भग्नावशेष निकालिने बताइएको छ।

### नाइजेरिया

## चर्चमा हत्या

वारी, (एजेन्सी)

दक्षिणपूर्वी नाइजेरियामा रहेको एउटा चर्चमा आइतबार कम्तीमा ११ जना प्रार्थना गर्न भेला भएका व्यक्तिको गोली हानी हत्या गरिएको प्रहरीले जनाएको छ। प्रारम्भिक छानविनपछि सो हत्याकाण्ड स्थानीयबीचको विवादको परिणाम हुनसक्ने बताइएको छ। नाइजेरियाली राष्ट्रपति मुहम्मादु बुहारीले उक्त आक्रमणको भर्त्सना गर्दै यो मानवताविरुद्धको अक्षम्य अपराध भएको बताएका छन्। चर्चमा जम्मा भएका निर्दोष व्यक्तिलाई मार्नु ठूलो अपराध भएको उनले बताएका छन्। ओनित्सा शहर नजिकको ओजुबुलुस्थित सेन्ट फिलिप चर्चका एक जना बन्दुकधारीले अन्धाधुन्ध गोली चलाएका थिए।

# चीन विश्वकै सबैभन्दा धेरै आशावादी मुलुक : सर्वेक्षण

न्युयोर्क, (एजेन्सी)

एक ताजा सर्वेक्षणले भविष्यलाई लिएर चीन विश्वकै आशावादी मुलुक भएको देखाएको छ। सर्वेक्षणमा ८७ प्रतिशत नागरिक तिनीहरूको देश सही दिशामा रहेको विश्वास गर्छन्।

इप्सोस पब्लिक अफियर्सले २७ वटा मुलुकमा गरेको उक्त सर्वेक्षणमा ५० प्रतिशतभन्दा धेरैले तिनीहरूको देश सही दिशामा रहेको सकारात्मक धारणा दिने ७ वटामध्येको एक चीन पनि परेको जनाएको छ।

चीनलाई पछ्याउँदै भारत ७४ प्रतिशत जनताको विश्वास जित्न सफल रहेको सर्वेक्षणले देखाएको छ। त्यसै गरी साउदी अरेबियामा ७१ प्रतिशत, दक्षिण कोरियामा ६६ प्रतिशत, क्यानाडामा ५८ प्रतिशत, रुसमा ५७ प्रतिशत र सर्बियामा ५१ प्रतिशत जनताले देशको स्थितिप्रति विश्वास व्यक्त गरेका छन्।

यो सर्वेक्षणमा पुछारमा रहेको मेक्सिकोमा मात्र ८ प्रतिशत जनताले मात्र तिनीहरूको देश सही दिशामा रहेको विश्वास गरेका छन्। सर्वेक्षणमा अमेरिकाको स्थान १०औं स्थानमा परेको छ भने त्यहाँ ४३ प्रतिशत जनताले मात्र सकारात्मक धारणा दिएका छन्। तर, अमेरिकीको स्थान जर्मन र इजरायलीको भन्दा केही राम्रो देखिन्छ। जर्मनीमा ४२ प्रतिशत र इजरायलमा ४१ प्रतिशत जनता मात्र देशको स्थितिलाई सकारात्मक देखिएका छन्।

सबैलाई समग्रमा हेर्ने हो भने विश्वका जनता धेरै आशावादी



देखिएका छैनन्। विश्व जनसंख्याको ४० प्रतिशत तिनीहरूको देशप्रतिको धारणाप्रति सकारात्मक धारणा राख्छन्।

थुप्रै युरोपेली देशहरू फ्रान्स ३५ प्रतिशत, स्विडेन ३२ प्रतिशत र बेलायत २८ प्रतिशत जनता मात्र उनीहरूको देशको स्थितिप्रति आशावादी देखिएका छन्। ती सबैको आशावादीको स्थित ५० प्रतिशतभन्दा कम रहेको छ।

चिन्ताको प्रमुख कारण आर्थिक स्थितिमा आधारित छ। पहिलो ३ वटा प्रमुख चिन्ता भनेको बेरोजगारी, वित्तीय तथा राजनीतिक भ्रष्टाचार र गरिबी तथा सामाजिक असमानता हुन्। अपराध र स्वास्थ्य उपचार चिन्ताको चौथो र पाँचौं स्थानमा परेका छन्।

केही देशको मामिलामा भने चिन्ताको विषयमा धेरै भिन्नता देखिएको छ। बहुसंख्यक हंगेरियन, ७० प्रतिशतले स्वास्थ्य उपचारमा पहुँच उनीहरूको सबैभन्दा प्रमुख चिन्ता भएको बताएका छन्। त्यसै गरी ६७ प्रतिशत मेक्सिकनले अपराध र हिंसा उनीहरूको सबैभन्दा चिन्ताको विषय बनेको बताएका छन्।

त्यसै गरी दक्षिण कोरिया र स्पेनमा जनसंख्याको ६० प्रतिशतभन्दा धेरैले बेरोजगारीलाई सबैभन्दा ठूलो चिन्ता बताएका छन्। आफ्नो देशको भविष्यलाई लिएर सबैभन्दा धेरै आशावादी भएको देश चीनमा नैतिकतामा आइरहेको गिरावटप्रति पनि सबैभन्दा धेरै चिन्तित देखिएका छन्। ४७ प्रतिशत चिनियाँले नैतिक गिरावटप्रति चिन्ता व्यक्त गरेका छन्।

# मेक्सिकोको समुद्री तटमा गोली चल्यो

मेक्सिको सिटी, (एजेन्सी)

उत्तरपश्चिमी मेक्सिकोको सान जोस डेल क्यावोस्थित अत्यन्तै लोकप्रिय समुद्री तटमा बन्दुकधारीहरूले तीन जना व्यक्तिलाई गोली हानी मार्नुका साथै अन्य दुई जनालाई घाइते बनाएको प्रहरीले सोमबार जनाएको छ।

सरकारी अधिकारीहरूले ती स्वचालित हतियार बोकेका अज्ञात व्यक्तिहरूले बाजा क्यालिफोर्निया सुर राज्यमा रहेको उक्त तटमा रुखमुनि बसिरहेका पुरुषहरूमाथि एक्कासी आक्रमण गरेको बताएका छन्।

यस घटनालाई लिएर कसैलाई पक्राउ गरिएको छैन। गोली चल्दा त्यहाँ बसिरहेका पर्यटकहरूको भागाभाग भएको प्रत्यक्षदर्शीहरूले



बताएका छन्। केही महिनायता मेक्सिकोमा हिंसात्मक घटना निकै बढ्न थालेको छ।

घाइते भएका एक जना पुरुष र एक महिलालाई नजिकको अस्पतालमा लगिएको छ। उक्त क्षेत्रलाई तत्काल प्रहरीले नियन्त्रणमा लिएको थियो। मृतकको सनाखतका लागि डीएनए परीक्षण गरिने भएको छ।

# उत्तर कोरिबाट नयाँ नाकाबन्दीको विरोध



प्योङ्याङ, (एजेन्सी)

उत्तर कोरियाले सोमबार आफ्नो प्रतिबन्धित आणविक हतियार कार्यक्रमलाई लिएर संयुक्त राष्ट्रसंघको नयाँ नाकाबन्दीका लागि मस्यौदा तयार गरेकाले अमेरिकाले ठूलो मूल्य चुकाउनुपर्ने र त्यसको प्रतिकार गरिने प्रतिबद्धता जनाएको छ। उत्तर कोरियाली सरकारी समाचार निकाय केसीएनएले भनेको छ- 'शनिबार संयुक्त राष्ट्रसंघले सर्वसम्मतरूपमा पारित गरेको यस नाकाबन्दीले हाम्रो सार्वभौमको हिंसात्मक उल्लंघन गरेको छ।'

तर, दक्षिण कोरियाले उत्तरले पुन: वार्ताका लागि राखिएको प्रस्ताव अस्वीकार गरेको जनाएको छ। यस पछिल्लो नाकाबन्दीको लक्ष उत्तर कोरियाको निर्यात राजस्व एक तिहाइले घटाउनुरहेको बताइएको छ।

उत्तर कोरियाले पटक-पटक क्षेप्यास्त्र परीक्षण प्रक्षेपण गरेर कोरियाली प्रायद्विपमा तनाव सिर्जना गरेपछि संयुक्त राष्ट्रसंघको सुरक्षा परिषद्ले सर्वसम्मतले नाकाबन्दीका लागि निर्णय गरेको हो। सोमबार सो कदमप्रति आफ्नो पहिलो प्रतिक्रिया जनाउँदै उत्तर कोरियाले आफ्नो विवादस्पद आणविक हतियार विकास कार्यक्रमलाई निरन्तरता दिइने जनाएको छ।

केसीएनएले उत्तरले अमेरिकाबाट खतराको महसुस भइरहेसम्म आफ्नो प्रतिरक्षाका लागि यो कार्यक्रम नछोड्ने जनाएको छ। आइतबार फिलिपिन्सको राजधानी मनिलामा आयोजित क्षेत्रीय मञ्चको बैठकमा उत्तर र दक्षिण कोरियाली विदेशमन्त्रीबीच संक्षिप्त भेटवार्ता भएको थियो। आसियान फोरमको उक्त बैठकमा अमेरिकी विदेशमन्त्री रेक्स टिल्लर्सनको पनि उपस्थिति रहेको थियो।

**माथिल्लो नेशम खोला जलविधुत आयोजनाको १३२ के.भि. विधुत प्रसारण लाइनको वातावरणीय प्रभाव मूल्यांकन (EIA) प्रतिवेदन तयारीको लागि क्षेत्र निर्धारण(scoping) सम्बन्धि सार्वजनिक सूचना**

प्रथम पटक प्रकाशित मिति:२०७४।०४।२४

**प्रस्तावकको नाम:** सिन्धुज्वला हाइड्रोपावर लिमिटेड

**प्रस्तावकको व्यहोरा:** सिन्धुपाल्चोक जिल्लाको जुगल गाउपालिकामा निर्माणाधिन माथिल्लो नेशम खोला जलविद्युत आयोजनाबाट उत्पादन हुने विधुत उर्जालाई प्रशारण गर्न एक प्रशारण लाइनको प्रस्ताव गरिएको छ । प्रस्तावअनुसार माथिल्लो नेशम खोला जलविद्युत आयोजनाको जुगल गाउपालीकाको वडा नं. ३ स्थिति कान्छासा पावर हाउस बाट सोही गाउपालीकाको अम्बाखर्क गुम्बा,वोल्दे,तापगाँउ हुदै पाङ्गताङ अवस्थित सवस्टेशन सम्म करिब १३ कि.मि. लम्बाईको १३२ के.भि. प्रशारण लाईन निर्माण गरिने छ । प्रशारण लाईनको Right of way १८ मी. रहनेछ र आयोजना गौरीशंकर संरक्षण क्षेत्रमा पर्दछ ।

**प्रभाव पर्ने गाउँपालिका:** जुगल गाउँपालीका

यस प्रस्तावको कार्यन्वयनबाट भौतिक प्रणाली,जैविक प्रणाली,सामाजिक, आर्थिक तथा सांस्कृतिक प्राणाली ,मानवीय क्रियाकलापमा प्रभाव पर्नसक्ने भएकोले वातावरण संरक्षण ऐन २०५३ को दफा ४ बमोजिम EIA स्वीकृत गराउने क्रममा वातावरण संरक्षण नियमावली २०५४ को नियम ४ बमोजिम यस प्रस्तावको क्षेत्र निर्धारण (scoping) गर्नुपर्ने भएकोले सम्वन्धित गाउपालिका तथा सो क्षेत्रका विद्यालय, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संघ संस्थालाई यो सार्वजनिक सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र निम्न ठेगानामा आइपुग्ने गरि राय, सुझाव पठाई सहयोग गरिदिन हुन् हार्दिक अनुरोध गरिन्छ ।

**राय सुझाव पठाउने ठेगाना:**

**प्रस्तावक**
सिन्धुज्वला हाइड्रोपावर लिमिटेड
का.म.न.पा. ३२, अनामनगर,काठमाडौ,नेपाल
फोन नं. :- ०१-४२४५५१८,४२३८५७५,९८४१०१०७३५
Email:sindhujwalahydropower@gmail.


**परामर्शदाता**
टेक्नोक्वायरी कन्सल्ट्स प्रा.लि.
नख्खु,ललितपुर,नेपाल
फोनः ९८१८४०८७१४
Email:technoquarryconsults@gmail.com

# कट्टरपन्थी आक्रमणमा ५० सर्वसाधारणको मृत्यु

काबुल, (एजेन्सी)

अफगानिस्तानको सारिपुल प्रान्तमा भएको कट्टरपन्थी हमलामा कम्तीमा ५० जना सर्वसाधारणको मृत्यु भएको अधिकारीहरूले बताएका छन्।

मारिनेमा महिला र बच्चासमेत भएको उनीहरूले जानकारी दिए। आक्रमणकारीले सारिपुल प्रान्तको मिर्जावालाङ क्षेत्रको एक सुरक्षा चौकीलाई निसाना भएको अधिकारीहरूले बताएका छन्। उक्त चौकीको सुरक्षा स्थानीय प्रहरीको हातमा थियो।



आक्रमणकारी एउटा गाउँमा प्रवेश गरेको र सिया मुसलमानलाई मार्न थालेको उनीहरूले बताए। उनीहरूले वरपरका घरमा पनि आगजनी गरेका थिए। अफगानिस्तानका राष्ट्रपति असरफ घानीले हमलाको निन्दा गरेका छन्। उनले भने- 'कट्टरपन्थीले एक पटक फेरि सर्वसाधारणको ज्यान लिएका छन्। उनीहरूको यो निर्दयीतापूर्ण कृत्य मानव अधिकार उलंघन र युद्ध अपराध हो।'

प्रान्तका एक प्रवक्ताले भने- 'आम नागरिक अत्यन्त निर्दयी र अमानवीय तरिकाले मारिएका छन्।'

उक्त घटनामा अफगानिस्तानको सुरक्षा बलका ७ जवान पनि मारिएको र आक्रमणकारी पनि हताहत भएको उनले जानकारी दिए। आक्रमणकारीहरू तालिबान र इस्लामिक स्टेट समूहका लडाकू भएको र केही विदेशी लडाकूसमेत रहेको प्रवक्ताले बताए।

तालिवानले उसले सर्वसाधारणको ज्यान लिएको र उसका लडाकूले क्षेत्रमा सरकारको समर्थन रहेका मिलिसियाा २८ सदस्यलाई मारेको बताएको छ।

अफगानिस्तानमा हालैका महिनामा संघर्षमा तीव्रता आएको छ। संयुक्त राष्ट्र संघको आँकडामा वर्षको पहिलो ६ महिनामा १ हजार ६ सय ६२ सर्वसाधारण नागरिकको मृत्यु भएको उल्लेख छ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अफगानिस्तानको सेना र प्रहरीको मद्दत गर्न अमेरिकी सैनिकको संख्या बढाउने विषयमा विचार गररहेको जनाइएको छ।

# समुद्री किराको कारण किशोर रगताम्य



सिडनी, (एजेन्सी)

एक अस्ट्रेलियाली किशोरको समुद्री किराको टोकाइका कारण अस्पतालमा उपचार भइरहेको प्रहरीले सोमबार जनाएको छ। शनिबार साँझ मेलवर्नको ब्राइटन समुद्री तटमा खुट्टा भिजाइरहेका १६ वर्षीय सा क्यानिजेका कुर्कुच्चामा रगताम्य हुने गरी ती अज्ञात किराले टोकेको थियो।

ज्यारोड क्यानिजेले आफ्नो छोरा युद्धमा घाइते सैनिकको हालतमा घर आइपुगेको र उनको खुट्टाको रक्तश्राव नरोकिएको बताएका छन्। क्यानिजे परिवारले यसरी मान्छेको मासु टोक्ने किराका बारे थप जानकारीका लागि विशेषज्ञहरूको सहयोग लिइरहेको छ।

समुद्री जीवशास्त्रीहरूले ती किरा एक प्रकारको समुद्री परिजीवी जुम्रा हुनुपर्ने अनुमान गरेका छन्। फुटबल खेरे अत्यन्तै थकित भएपछि उनले आफ्नो घर नजिकको उक्त तटको चिसो पानीमा खुट्टा भिजाउन गएका थिए। उनी चिसो अँध्यारो पानीमा कमरसम्म डुबाएर करिब आधा घण्टा उभिएर बसेका थिए।

तर, घर पुगेपछि मात्र उनले आफ्नो खुट्टाको चोट देखेका थिए। जतिपटक पानीले धोए पनि खुट्टामा पुन: रगत देखिएको थियो। दुई वटा स्थानीय अस्पतालले उक्त चोटको कारण पत्ता लगाउन नसकेकपछि उनका पिताले स्वयं त्यहाँ गएर जालमा केही अनौठा किरा पक्रन सफल भएका थिए।

तर, उनले बालुवा रंगका ती किराको टोकाइबाट छोरो पूर्णरूपमा स्वस्थ हुने र घाउको खत पनि नबस्ने विश्वास व्यक्त गएका छन्। विशेषज्ञहरूले यस्तो घटना बिरलै हुने गरे तापनि आत्तिहाल्नुपर्ने नदेखिएको बताएका छन्।

विधानलाई समिति बनाएर संशोधन गर्ने जिम्मा दिन केन्द्रीय सदस्यहरूले आग्रह गरेका छन् भने घोषणापत्रलाई पनि समितिकै जिम्मा दिने नेताहरूले धारणा राखेका छन्। पार्टीको नियमावलीमा बाँझिएका कुराहरू हटाउनसमेत आग्रह गरिएको छ।

# राजधानीमै इन्काउन्टरमा मारिए लागूऔषध कारोबारी

नेपाल समाचारपत्र

काठमाडौं

लागूऔषधको कारोबारमा लामो समयदेखि संलग्न रहेका एक तस्करको प्रहरीको गोली लागेर सोमबार मृत्यु भएको छ। ललितपुरको कुसुन्ती बस्दै आएका लागूऔषध कारोबारी प्रवीण खत्री प्रहरी इन्काउन्टरमा मारिएका हुन्।

भारतलगायत तेस्रो मुलुबाट अवैधरूपमा नेपाल भित्रने अवैध लागूऔषध काठमाडौं ल्याएर बिक्रीवितरण गर्दै आएका खत्री प्रहरीले चलाएको गोली लागेर मारिएका हुन्।

केही समय अघिदेखि प्रहरीको निगरानीमा परेका खत्रीले अवैध लागूऔषधसहित हतियारको समेत कारोबार गर्ने गरेको सूचना पाएको महानगरीय अपराध महाशाखाले खत्रीको गतिविधिको निगरानी शुरु गरेको थियो।

सोमबार दिउँसो खत्री हतियार र लागूऔषधको अवैध कारोबारका लागि डिल गर्न तयार भएको सूचना पाएको प्रहरीले उनको गतिविधिमाथि बिहानैदेखि निगरानी गरेको थियो।

उनको निगरानी गर्न महाशाखाका डीएसपी अजय केसीको कमान्डमा एउटा टोली बिहानैदेखि परिचालित भएको थियो।

लागूऔषध तथा हतियारको डिल हुने समय कुरेर बसेको प्रहरीले पूर्वयोजना मुताविक काम नभएपछि खत्रीको घरमा सर्च गर्न छिरेको थियो। चारैतर्फ सुरक्षित तरिकाले बसेका खत्रीले प्रहरी कम्पान्डमा छिरेको देख्नासाथ भाग्ने कोसिस गरेका थिए। मूल ढोका बन्द गरेर घरको माथिल्लो तला जाँदै गरेका खत्रीलाई प्रहरीले चेतावनी पनि दिएको थियो। तर उनले प्रहरी चेतावनीलाई वास्ता नगरी अगाडि बढेपछि प्रहरीले उनीमाथि गोली प्रहार गरेको थियो।

प्रहरीले गोली प्रहार गरेपछि खत्रीले पनि आफूसँग भएको पेस्तोल निकालेको भए पनि प्रहरीले हानेको दोस्रो गोली खत्रीको कञ्चटमा लागेपछि आफ्नै घरको २ तला माथिबाट खत्री भुइँमा लडेका थिए।

यता महाशाखाले भने आफूले एक गोलीमात्रै प्रहार गरेको र खत्रीले अर्को गोली आफ्नो कञ्चटमा हानेको दाबी गरे पनि खत्री पहिलो गोली लाग्नासाथ छटपटाएर लड्न खोजेको बेला प्रहरीले अर्को गोली हानेर खत्रीलाई ढालेको प्रत्यक्षदर्शी सुनिल थापाले *नेपाल समाचारपत्र*लाई जानकारी दिए।

यता महानगरीय अपराध महाशाखाका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक दिनेश अमात्यले खत्रीको प्रहरी इन्काउन्टरमा मृत्यु भएको बताउनुभयो। उहाँले भन्नुभयो- 'प्रहरीले एक गोली हानेपछि खत्रीले आफूसँग भएको पेस्तोल निकालेर आफ्नो कञ्चटमा हानेपछि उनी मारिएका हुन्।'

आफैसमेत लागूऔषध सेवनकर्ता रहेका खत्री प्रहरी नायब उपरीक्षक अवधेश विष्टका दिदीका छोरा हुन्। झन्डै १५ वर्षदेखि लागूऔषधको कारोबारमा संलग्न रहेका खत्रीलाई यसअघि पनि प्रहरीले पटकपटक पक्राउ गर्न खोजेको भए पनि उनी भाग्न सफल हुँदै आएका थिए। राजधानी भित्रने लागूऔषधको थोक कारोबार गर्ने विष्ट मारिएपछि राजधानीमा लागूऔषधको कारोबारमा कमी आउने आशंका गरिएको छ।

## युवक बौद्ध नेपालको अध्यक्षमा वज्राचार्य

ललितपुर, (नेस)

युवक बौद्ध मण्डल नेपाल (वाईएमबीए) अध्यक्षमा अरणीतारा वज्राचार्य निर्वाचित हुनुभएको छ।

वाईएमबीएको ४७औं वार्षिक साधारणसभाले वज्राचार्यको अध्यक्षतामा १७ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको हो। संस्थाको ४७ वर्षको इतिहासमा महिला अध्यक्ष भएका यो दोस्रो पटक हो। चार वर्षअघि शोभा शाक्य अध्यक्षमा निर्वाचित हुनुभएको थियो। कार्यसमितिको उपाध्यक्षमा आशारत्न शाक्य, तारा शाक्य, महासचिवमा सनम शाक्य, सचिवमा सानुभाइ शाक्य र कोषाध्यक्षमा तेज वज्राचार्य, सहसचिवमा तीर्थरत्न शाक्य, प्रचारसचिव महेशमान शाक्य र सह-कोषाध्यक्षमा बाबुरत्न नापित रहनुभएको छ।

त्यस्तै कार्यसमिति सदस्यहरूमा सुरेन्द्रराज शाक्य, बुद्धरत्न शाक्य, सुरेश वज्राचार्य, भाइराजा शाक्य, हेमरत्न वज्राचार्य, विद्या शाक्य, ज्ञानमुनि शाक्य, मित्रराज शाक्य हुनुहुन्छ। त्यसैगरी निलम शाक्य र लक्ष्मी शोभा शाक्यलाई मनोनित गरिएको छ। यसअघि साधारणसभाको उद्घाटन अखिल नेपाल भिक्षु महासंघका अध्यक्ष भिक्षु मैत्री महास्थविरले उद्घाटन गर्नुभएको थियो।

## गृहमन्त्री शर्माद्वारा विमलाको उद्धार

काठमाडौं, (नेस)

गृहमन्त्री जनार्दन शर्माले कुवेतबाट विमला न्यौपानेको उद्धार गर्नुभएको छ। शर्मा गृहमन्त्री भएसँगै स्थापना गरिएको गुनासो व्यवस्थापन कक्षमा उजुरी परेपछि मन्त्री शर्माको निर्देशनमा पाँचथरकी विमलाको उद्धार गरिएको हो।

करिब एक साताअघि उद्धार गरी नेपाल ल्याइएकी विमला आफ्नो श्रीमान् नवीन शर्मासगै गृहमन्त्री शर्मालाई भेट्न सोमबार मन्त्रालय आउनुभएको थियो।

२०७३ चैत्रमा जोर्डन जानका लागि अन्तर्वार्ता दिन काठमाडौं आएकी न्यौपानेलाई दलालले भारतको दिल्ली हुँदै कुवेत पुर्‍याएका थिए। आफूलाई सशस्त्र प्रहरीको पूर्वकर्मचारी बताउने भक्तबहादुर विष्टमार्फत कुवेत पुग्नुभएकी न्यौपानेले त्यहाँ दु:ख पाएपछि उनका श्रीमान् नवीन शमर्नमार्फत गृह मन्त्रालयको गुनासो कक्षमा पुग्नुभएको थियो।

विमलाका अनुसार भक्तबहादुरसहितको गिरोहले केही दिन दिल्लीमा राखेर कुवेत पुर्‍याएका थिए।

'कुवेत पुर्‍याएर मलाई एउटा घरमा राखियो, घर मालिकले मलाई १२ सयमा किनेको बताउँदै चरम शारीरिक र मानसिक यातना दिए,' उहाँले भन्नुभयो- 'त्यहाँ मलाई खानसमेत नदिईकन कुटपिट गरियो।'

## नक्कली प्रहरी पक्राउ

हेटौंडा, (नेस)

आफूलाई प्रहरी बताउने सुमोका चालकलाई प्रहरीले पक्राउ गरेको छ। सोमबार साँझ करिब ५ बजे मकवानपुरको मनहरी गाउँपालिका वडा नम्बर ७ मा सवारी चेक गर्ने क्रममा नारायणगढबाट हेटौंडातर्फ आउँदै गरेको नम्बर१ज ३०३९ का सुमो चालक पक्राउ परेका हुन्।

हेटौंडा-१३ बस्ने करिब ३९ वर्षीय विकास वाइबाले आफू प्रहरी भएको झुठो बोलेर नक्कली प्रहरी बन्ने प्रयास गरेकाले उनलाई पक्राउ गरिएको जिल्ला प्रहरीले जनाएको छ।

## सुरक्षाबारे प्रमको निर्देशन

काठमाडौं, (नेस)

प्रधानमन्त्री शेरबहादुर देउवाले मुलुकमा शान्ति सुरक्षा र कानुनी शासन कायम गराउन डटेर काम गर्न प्रहरी अधिकृतहरूलाई निर्देशन दिनुभएको छ। सोमबार प्रधानमन्त्री कार्यालयमा भेट्न आएका नेपाल प्रहरीका महानिरीक्षक प्रकाश अर्याल र हालै बढुवा हुनुभएका अतिरिक्त प्रहरी महानिरीक्षकहरूलाई निर्देशन दिँदै जनधनको सुरक्षाकासाथै प्रहरीको छविलाई उच्च राखेर काम गर्न निर्देशन दिनुभएको हो।

प्रधानमन्त्रीले असोज २ गते हुने प्रदेश नम्बर २ को चुनावका लागि विशेष सुरक्षा सतर्कता अपनाउन पनि प्रहरीलाई निर्देशन दिनुभएको छ। प्रहरीको काम सुरक्षामात्रै नभई जनताको द:ुख-सुखमा साथ दिने पनि भएको प्रधानमन्त्रीले बताउनुभयो। उहाँले प्राकृतिक प्रकोपमा पनि प्रहरीले चुस्तरूपमा कार्य गर्नुपर्ने भन्दै त्यसमा पनि सतर्क रहन निर्देशन दिनुभयो। प्रधानमन्त्रीले २ नम्बर प्रदेशको स्थानीय चुनाव र त्यसलगत्तै हुन लागेको प्रतिनिधसभा र प्रदेशसभाको चुनावमा शान्ति सुरक्षाको अवस्था मजबुत पार्न पनि निर्देशन गर्नुभयो।

## प्रहरीलाई गृहमन्त्रीको निर्देशन

काठमाडौं, (नेस)

गृहमन्त्री जनार्दन शर्माले हालै सरुवा भई कार्यक्षेत्रमा खटिएर जान लागेका प्रहरी उपरीक्षकहरूलाई गृह मन्त्रालयमा सोमबार आयोजित एक कार्यक्रमबीच गृह मन्त्रालयको दृष्टिकोणबारे निर्देशन दिनुभएको छ।

गृहमन्त्री शर्माले राजनीतिक अपराधीकरण र अपराधलाई राजनीतिकरण गर्ने हालको प्रवृत्ति अन्त्य हुनुपर्ने उल्लेख गर्दै यसमा प्रहरीको मुख्य भूमिका हुनुपर्ने बताउनुभयो। आमनागरिकले सुरक्षित ढंगले जीवन निर्वाह गर्न पाउनुपर्ने र यसका लागि सबै प्रकारको गुण्डागर्दी अन्त्य गर्ने प्रहरीको पहिलो कर्तव्य भएको उहाँले उल्लेख गर्नुभयो।

### राजपा केन्द्रीय समिति बैठक जारी

## सरकारलाई सातदिने अल्टिमेटम दिइने

काठमाडौं, (नेस)

राष्ट्रिय जनता पार्टी (राजपा) नेपालको जारी केन्द्रीय समिति बैठकमा सरकारलाई सातदिने अल्टिमेटम दिने चर्चा चलेको छ।

सात दिनभित्र सरकारले मन्त्रिपरिषद्बाट गर्नसक्ने सम्पूर्ण काम पूरा गरेर संविधान संशोधन विधेयक निर्णयार्थ पेस गरे निर्वाचनमा सहभागी हुन सक्ने केन्द्रीय सदस्यहरूले धारणा राखेका छन्। तर सरकारले कुनै पनि माग पूरा नगरेको खण्डमा यथास्थितिमा निर्वाचनमा सहभागी नहुने अधिकांश केन्द्रीय सदस्यहरूको धारणा रहेको छ।

बैठकमा सहभागी सम्पूर्ण सदस्यहरूलाई ३० वटा समितिमा बाँडिएको छ जसमध्ये करिब १२ वटा समितिका नेताले आ-आफ्ना धारणा राखेका छन्। अधिकांश नेताहरूले यथास्थितिमा निर्वाचनमा सहभागी नहुन आग्रह गरेको प्रवक्ता सन्तोष मेहताले *नेपाल समाचारपत्र*लाई बताउनुभयो।

बैठकमा अहिलेसम्म राजनीतिक प्रस्तावमाथि ८ वटा संशोधनका लागि प्रस्तावहरू परेका छन्। आन्दोलनमा शहादत भएकाहरूलाई समेट्न पनि आग्रह गरिएको छ।

त्यस्तै, विधानलाई समिति बनाएर संशोधन गर्ने जिम्मा दिन केन्द्रीय सदस्यहरूले आग्रह गरेका छन् भने घोषणापत्रलाई पनि समितिकै जिम्मा दिने नेताहरूले धारणा राखेका छन्। पार्टीको नियमावलीमा बाँझिएका कुराहरू हटाउनसमेत आग्रह गरिएको छ।

त्यस्तै, पार्टी वक्ता मेहताले प्रस्तुत गरेको पार्टी परिचालन निर्देशिकामाथि पनि छलफल भएको छ। उक्त निर्देशिकालाई सुधार गर्नुपर्ने धारणा पनि आएको छ।

राजपाका महासचिव राजिव झाका अनुसार जारी बैठकमा बोल्ने अधिकांश समूहका नेताहरूले यथास्थितिमा निर्वाचनको विरोध गरेका छन्। सरकारले मधेस आन्दोलनका न्यूनतम मागहरूसमेत पूरा नगरेकोले निर्वाचनमा सहभागी हुनुको औचित्य नरहने धारणा आएको झाले बताउनुभयो।

### भारत...

देउवाको भ्रमणअघि चिनियाँ उच्चस्तरीय टोलीले नेपाल भ्रमण गर्ने जानकारी दिँदै मन्त्री महराले सो भ्रमण भूकम्पपछिको पुनर्निर्माणमा चिनियाँ सहयोगबारे केन्द्रित हुने बताउनुभयो। यसैबीच मन्त्री महराले आफ्नो कार्यकालमा नेपालको सम्मान र प्रतिष्ठा अन्तर्राष्ट्रिय जगत्मा चिनाउने गरी आर्थिक कूटनीतिलाई जोड दिने बताउनुभएको छ। सोमबार मन्त्रालयमा ५७ बुँदे तत्कालीन कार्ययोजना सार्वजनिक गर्दै मन्त्री महराले मुलुकको सर्वोच्च हितलाई प्राथमिकतामा राखेर स्वतन्त्र, स्वाधीन परारष्ट्र नीति सञ्चालनका लागि उच्च प्राथमिकता दिइने बताउनुभयो।

परराष्ट्र मन्त्रालयको संरचनात्मक सुधार गर्न पूर्वपरराष्ट्रमन्त्री, पूर्वपरराष्ट्र सचिव, पूर्वराजदूत तथा कूटनीतिक क्षेत्रका जानकारबाट सुझाव लिन सल्लाहकार समिति बनाइने कार्ययोजनमा उल्लेख गरिएको छ। त्यस्तै वैदेशिक रोजगारीलाई सुरक्षित, भरपर्दो र सम्मानित बनाउन विदेशस्थित नेपाली नियोग र अन्य सरोकारवाला निकायहरूबीचको समन्वयलाई प्रभावकारी बनाउने दाबी गरिएको छ। चीनले अघि सारेको वान वेल्ट वान रोड (ओबीओआर)मा नेपालले हस्ताक्षर गरिसकेकाले सो अभियानबाट नेपालले अधिकतम लाभ लिने गरी अन्तरमन्त्रालय संयन्त्र बनाउने मन्त्री महराले बताउनुभयो।

### राप्रपाद्वारा...

आज मंगलबार पुन: बस्ने गरी स्थगित भएको बैठकले पार्टीको एकता र बृहत्तर हितलाई दृष्टिगत गर्दै अज्ञानता र भ्रमवश बाटो विराएका केन्द्रीय सदस्य र सांसदहरूलाई पार्टीको मूल प्रवाहमा फर्कन आह्वानसमेत गरेको थियो।

अध्यक्ष कमल थापाले पार्टी एकलौटी ढंगले सञ्चालन गरेको भन्दै शीर्ष नेता पशुपति शमशेर राणासहित ७२ जना केन्द्रीय सदस्यहरू फुटेर छुट्टै पार्टी राष्ट्रिय प्रजातन्त्र पार्टी (प्रजातान्त्रिक) दर्ता गराएका थिए। एकीकरणपछि कुल ३७ जना सांसद रहेको राप्रपामा २२ जना सांसद पनि छुट्टिएर राणा नेतृत्वको दलमा गएका थिए।

### घोषणा...

उहाँले पूर्ण समानुपातिक प्रणाली अवलम्बन गर्नुपर्ने धारणा राख्नुभयो।

उहाँले सरकारले नै पहल गरेर अथवा निर्वाचन आयोगले जारी गर्ने निर्वाचन आचारसंहिता पालना गरे पनि खर्च कटौती गर्न सकिने बताउनुभयो। विदेशमा रहेका नेपालीले मतदान गर्ने विषयमा कार्यविधि बनाउनुपर्ने प्रमुख आयुक्त यादवको भनाइ थियो।

प्रदेशसभाको निर्वाचन मितिसम्बन्धी उठेका प्रश्नमा गृहमन्त्री जनार्दन शर्माले निर्वाचनको मिति तोक्ने विषयमा निर्वाचन आयोगसँग समन्वय भइरहेको बताउनुभयो।

आयोगको भूमिकालाई मजबुत बनाउन सरोकारवालासँग छलफल गरेर अघि बढ्न सरकार तयार रहेको उहाँको भनाइ थियो। मन्त्री शर्माले निर्वाचनको खर्च कटौती गर्ने विषयमा निर्वाचन आयोगले सार्वजनिक गर्ने आचारसंहिताअनुसार नै हुने बताउनुभयो।

### उपसचिवद्वारा...

सो निर्णयको सबै जिल्ला शिक्षा कार्यालयमा कार्यरत उपसचिवलाई जानकारी गराउने बैठकले निर्णय गरेको छ। 'हामी सबै उपसचिवलाई जानकारी गराएर आन्दोलनमा उत्रनेछौं।' -उपसचिव हुमागाईंले *नेपाल समाचारपत्र*सँग भन्नुभयो। यसअघि सबै क्षेत्रअन्तर्गतका जिल्ला शिक्षा अधिकारी, क्षेत्रीय शिक्षा निर्देशकसहितको प्रदेशस्तरको भेलाले अन्यायपूर्ण रूपमा गरिएको समायोजन मान्य नहुने जनाइसकेका छन्।

अधिकांश उपसचिवले अधिकृतस्तरका कार्यकारी अधिकृत रहेको स्थानीय निकायमा कुनै पनि हालतमा नजाने स्पष्ट पारेको छ। शिक्षा मन्त्रालयका उपसचिवले कडा आन्दोलनको चेतावनी दिँदै खटाइएको स्थानमा नजाने जनाएपछि मन्त्रालय संकटमा परेको छ। संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले जुनसुकै तह भए पनि खटिएको स्थानमा शिक्षा सेवाका कर्मचारी जानुपर्ने अडान राख्दै आएको छ। शिक्षा मन्त्रालयले भने कनिष्ठताको मातहतमा वरिष्ठ कर्मचारी जान नसक्ने जनाउँदै आएका छन्।

कनिष्ठको मातहतमा वरिष्ठ तहका कर्मचारी कुनै पनि स्थानीय निकायमा हाजिर हुनै नजाने अडान राखेपछि शिक्षाका कर्मचारी खटाउने सबै काम स्थगित भएको छ। मन्त्रालयले खटाएका कर्मचारीलाई १८ वटा जिम्मेवारी दिइसकिएको छ। तर हालसम्म कर्मचारी कार्यथलोमा पुगेका छैनन्।

पत्रमा विद्यालयका शिक्षक व्यवस्थापन, सरुवा बढुवा, विद्यालय खोल्न अनुमति दिने, बजेट व्यवस्थापन, कार्यालय सञ्चालन र व्यवस्थापन, कक्षा थपलगायत जिल्ला शिक्षा कार्यालयले गर्ने अधिकांश विषय उल्लेख गरिएको थियो। कार्यविवरण दिएर खटाउँदा समेत कर्मचारी नगएपछि अब के गर्ने भन्ने विषय अन्योलमा परेको छ। हाल शिक्षा मन्त्रालयअन्तर्गत २ हजार ७ सय २ कर्मचारी, १ हजार ५३ स्रोत व्यक्ति तथा १ हजार ४ सय ७० शिक्षा सेवाका कर्मचारी छन्। ४ सय ४० उपसचिवमध्ये ७५ जनालाई स्थानीय सरकार मातहत खटाइसकिएको छ।

### मौसमको...

एउटा बेलुन उडाउन करिब २५ हजार रुपियाँ खर्च हुने प्रारम्भिक अनुमान गरिएको छ। विश्व बैंकले एक वर्षका लागि आर्थिक सहयोग उपलब्ध गराएकाले दोस्रो वर्षदेखिको खर्च सरकारले बेहोर्ने बताइएको छ।

रेडियोसोन्ड स्टेसन स्थापनाका लागि त्रिभुवन विश्वविद्यालयले विभागलाई ३ रोपनी जग्गा उपलब्ध गराएको छ। रेडियोसोन्ड विधिमार्फत मुलुकभरको सूचना अद्यावधिक गर्न अन्य २ स्टेसनको आवश्यकता औंल्याइएको छ। सोहीअनुसार मुलुकको पूर्व र पश्चिमी भेगमा थप २ स्टेसन स्थापनाको पहल अघि बढाइएको विभागले जनाएको छ।

## मेला भर्न आउने भक्तजन घटे

सुनील महर्जन, ललितपुर

ललितपुरको बगलामुखीस्थित कुम्भेश्वर महादेवको मेला भर्न आउने भक्तजनहरूको संख्या विगतमा तुलनामा घटेको पाइएको छ।

हरेक वर्ष श्रावण शुक्ल पूर्णिमाको अघिल्लो रातदेखि त्यसको भोलिपल्ट पुरै दिनभर सर्वेश्वर महादेवको मेला लाग्ने परम्परा रहेको छ। यसलाई जनैपूर्णिमा र नेवार समुदायमा गुन्पुन्ही र क्वाँटी पुन्हीका रूपमा मनाउने गरिन्छ।

सोहीअनुरुप आइतबार साँझदेखि सोमबार मेला लागेको थियो। यस वर्ष पूर्णिमाको दिन चन्द्र ग्रहण रहेको भन्दै पञ्चांग निर्णायक समितिले नाग पञ्चमीको दिन जैन लगाउने तिथि निर्धारण गरेकाले थियो। यसले गर्दा श्रावण शुल्क पूर्णिमालाई नेवार समुदायले मात्र गुनपुन्ही र क्वाँटी पूर्णिमाको रूपमा सोमबार मनाइयो।

यस अवसरमा पाँच तल्ले मन्दिरभित्र रहेको सर्वेश्वर महादेवलाई आइतबार राति परम्परागत काँ बाजा, नायखीँ बाजा बजाउँदै बंगलामुखीनजिक रहेको पोखरीमा



राखिएको थियो। यो मेलामा बढी भीडभाड हुने भनेको देउता पोखरीमा राख्ने बेला रहेको स्थानीयहरू बताउँछन्। पूर्णिमाको अघिल्लो रात देउता पोखरीमा राखेपछि मेलाको विधिवत् शुरुआत हुने गर्दछ। पोखरीमा देउता राखेको दृश्य हेर्न विगतमा मानिसहरूको तँछाडमछाड हुने गर्दथ्यो।

'खुट्टाले भुइँमा टेक्ने ठाउँ नहुने गरी खचाखच भीड यसपटक देखिएन। भक्तजनहरू रातभर जाग्राम बसेर समूहमा गीत गाइरहेको दृश्य पनि हिजो देखिएन। अघिल्लो वर्षमा जनै बाँड्ने पुरोहितहरूको भीड पनि यसपटक रहेन। काठमाडौं उपत्यका बाहिरका जिल्लाहरूबाट भक्तजनहरू खासै नआएको स्थानीयबासीहरूको भनाइ रहेको छ।

विगतमा पूर्णिमाको दिन गोसाइँकुण्ड जान नभ्याएको भक्तजनहरू यस पोखरीमा नुहाएर र जनै लगाउने गरिन्थ्यो। 'तर यसपटक जनै लगाउने दिन नागपञ्चमीमा सारिएको जनै लगाउन मानिसहरू मेला भर्न आउने कुरै भएन। यसले गर्दा मेलामा भक्तजनहरू संख्या निकै घट्को हो।' -पूर्व वडाध्यक्षसमेत रहनुभएका टोल सुधार समितिका अध्यक्ष अरोजकुमार खड्गीले भन्नुभयो।

अध्यक्ष खड्गीका अनुसार यसवर्ष नुवाकोट, रसुवा, सिन्धुपाल्चोक, रामेछापलगायत उपत्यका बाहिरबाट झाँक्री र रातभर जाग्राम बस्ने भक्तजनहरू आएनन्। विगतमा जनै लगाउने र पूर्णिमा एकै दिन पर्ने भएकोले बिदा दिने गर्दथ्यो। तर यसपटक बिदा नभएकाले पनि भक्तजनहरूको घटेको अध्यक्ष खड्गीले बताउनुभयो। 'सरकारले बिदा नदिएकामा स्थानीयहरू निकै असन्तुष्टि रहेको छ। सबै चाडपर्वको उचित सम्मान सरकारले गरेन।' -अध्यक्ष खड्गीले भन्नुभयो।

यसपटक सरकारले पूर्णिमाको दिन बिदा नदिएर यो पर्वलाई बेवास्ता गरेको पूजारी माधवश्याम शर्माले *नेपाल समाचारपत्र*लाई बताउनुभयो। गृहमन्त्रालयले तराई मधेसका २० जिल्लामा रक्षाबन्धन मनाउन सोमबार बिदा दिएको थियो। 'जैन लगाउन पनि सरकारले बिदा दियो, रक्षाबन्धन मनाउन पनि बिदा दियो, तर काठमाडौं उपत्यका क्वाँटी पूर्णिमा मनाउन बिदा दिएन।' -पूजारी शर्माले भन्नुभयो।

पूर्णिमाको अघिल्लो रात परम्परागतअनुसार नौ बाजा बृहत् प्रदर्शनी गरिएको थियो। नौ बाजाको प्रदर्शनी हेर्न स्थानीयहरूको भीड भनेको देखिएको थियो।


वी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानको आधिकारीक बिक्रेता यकीन सम्बन्धी

सूचना ।

यस प्रतिष्ठानमा बिरामी उपचार सेवामा प्रयोगमा रहेका तपशिलमा उल्लेखित मेशिन, उपकरणहरूमा प्रयोग हुने Consumables हरू आपूर्ति लिनुर्पे अवस्थामा नेपाल स्थित उक्त मेशिन, उपकरणको आधिकारीक बिक्रेताहरू उल्लेख भए बाहेक अन्य कोही भए यो सूचना प्रकाशित मितिले ७ दिन भित्र आधिकारीकताको प्रमाण सहित प्रतिष्ठानमा निवेदन दर्ता गराउनुहुन सम्बन्धीत सबैलाई सूचित गरिन्छ ।

| सि.न. | मेशिन/उपकरण | उत्पादक कम्पनि | आधिकारीक बिक्रेता |
|---|---|---|---|
| १ | MRI Flim | AGFA Health Care, USA | East West International Pvt. Ltd. KTM |
| २ | ABG Machine (ABL 800) | Radiometer Aps, Denmark | East West Concern Pvt. Ltd. KTM |
| ३ | X-Ray Film | Konica Minolta | Fair Trade Pvt. Ltd. KTM |
| ४ | X-Ray Film | Kodak Dry View CR DR Film | General Medical Supplier KTM |
| ५ | Biochemistry Analyzer COBAS C311 | Roche Diagnostics, Switzerland | Diagnotech Support P. Ltd. KTM |
| ६ | I-Smart 30 & PRO Electrolyte Analyzer | I-Sens Inc, Seoul Korea | Dynamic Medical System p.Ltd KTM |
| ७ | Electrolyte Analyzer, NOVA 1, 8 & ABG Machine | NOVA Bio-Medical , USA | Chamunda Trading House, KTM |
| ८ | Biochemistry Analyzer | CORMAY-Accent 200, Poland | Diagnotech Support P. Ltd, KTM |
| ९ | Cyto flowmetry | Becton Dickinson Holding Pvt. Ltd.(BD) | Everest Trade Link, KTM |
| १० | Microdebrider (ENT Navigation System) | Medtronic, India | Himalayan Meditech P.Ltd, KTM |
| ११ | Cellect 5D | Aviator , India | Web Trading Concern, KTM |



# अर्थ

2017, AUG
Tuesday
8

आइतबार 'क' वर्गका कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक १ दशमलव शून्य ७ अंकले बढेर ३ सय ५० दशमलव १८ अंकमा आइपुगेको छ।

ज्योति
हिमाल स्टील आजको भाउ

| | टोरस्टिल | | | टि. एम. टि. टेम्पकोर | | | टोरकारी | एनिल्ड |
|---|---|---|---|---|---|---|---|---|
| | ८ मि.मि. | १०-२० मि.मि. | २५-३२ मि.मि. | ८ मि.मि | १०-२० मि.मि | २५-३२ मि.मि. | ४.७५-७ मि.मि. | |
| काठमाडौं | ७७.८५ | ७६.८५ | ७९.३५ | ७८.३५ | ७५.३५ | ७७.८५ | ७७.६५ | ८७.२२ |
| बीरगंज | ७५.९५ | ७४.९५ | ७७.४४ | ७६.४५ | ७३.४५ | ७५.९४ | ७५.७५ | ८५.४२ |
| विराटनगर | ७६.४५ | ७५.४५ | ७७.९४ | ७६.९५ | ७३.९५ | ७६.४४ | ७६.२५ | ८६.०२ |

• अन्त: शुल्क/भ्याट बाहेक प्रति किलो मूल्य • ५०० के.जी. माथि नेपालभरि फ्रि होम डेलिभरी
• अन्य ठाउँको मूल्य नजीकको डिपोबाट लिनु होला । तौलमा हुक र चुरा समावेश छ ।

JAGDAMBA STEEL
देशको मेरुदण्ड
बिक्री मूल्य रू. प्रति किलोग्राम

| स्थानहरु / साइज | JAGDAMBA E ८ एम.एम. | १०-२० एम.एम. | २५ एम.एम. | २८-३२ एम.एम. |
|---|---|---|---|---|
| काठमाडौं | ७६ | ७३ | ७६ | ७६ |
| सिमरा, बिरगंज, कलैया | ७४/४० | ७१/४० | ७४/४० | ७४/४० |
| मलंगवा, जनकपुर, नारायणघाट | ७५/४० | ७२/४० | ७५/४० | ७५/४० |
| लाहान, विराटनगर, धरान, इटहरी | ७६/९५ | ७३/९५ | ७६ /९५ | ७६/९५ |
| विर्तामोड, दमक, बुटवल, भैरहवा, कृष्णनगर | ७५/१० | ७२/१० | ७५/१० | ७५/१० |
| पोखरा, स्याङ्जा | ७५/६० | ७२ /६० | ७५/६० | ७५/६० |

नोट : उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के.जी. अन्तशुल्क र १३% मु.अ. कर थप लाग्नेछ ।
JAGDAMBA E Fe 500 NS:191
EARTHQUAKE RESISTANT REBAR
नेपालको सबैभन्दा विश्वसनीय भुकम्प प्रतिरोधक छड ।

नेपालको नं. 1 मारुती सिमेन्ट
हामी बनाउँदैछौं नेपाललाई...

## विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग
२०७४ असार २४ जुलाई ८ २०१७

### खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रुपियाँ १०० का रु. | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर १ का रु. | १०१।७८ | १०२।३८ |
| युरो १ का रु. | १२०।१२ | १२०।८२ |
| पाउन्ड स्टर्लिङ १ का रु. | १३२।८६ | १३३।६४ |
| स्विस फ्रन्क १ का रु. | १०४।६५ | १०५।२६ |
| अस्ट्रलियन डलर १ का रु. | ८०।५३ | ८१।०१ |
| क्यानाडियन डलर १ का रु. | ८०।२७ | ८०।७४ |
| सिङ्गापुर डलर १ का रु. | ७४।६७ | ७५।११ |
| जापानी यन १० का रु. | ९।१९ | ९।२४ |
| चिनियाँ युआन १ का रु. | १५।१५ | १५।२३ |
| साउदी अरब रियाल १ का रु. | २७।१४ | २७।३० |
| कतारी रियाल १ का रु. | २७।९६ | २८।१२ |
| थाई भाट १ का रु. | ३।०६ | ३।०७ |
| सं. अरब इमिरट दिराम १ का रु. | २७।७१ | २७।८७ |
| मलसियन रिङ्गिट १ का रु. | २३।७६ | २३।९० |
| दक्षिण कारियन वन १०० का रु. | ९।०१ | ९।०६ |

#### खरिद दर

| | खरिद दर |
|---|---|
| स्विडिस क्रानर १ का रु. | १२।४९ |
| डनिस क्रानर १ का रु. | १६।१५ |
| हङकङ डलर १ का रु. | १३।०१ |

नोटः वर्तमान व्यवस्था अन्तर्गत वणिज्य बैङ्कहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।

# साइकल लेनसहित एकीकृत योजना पेस गर्न निर्देशन

नेपाल समाचारपत्र

काठमाडौं

सडकमा साइकलको लेनसहित विभिन्न पूर्वाधार निर्माणको योजना एकीकृत रूपमा पेस गर्न सरकारलाई निर्देशन दिइएको छ।

व्यवस्थापिका संसद्को विकास समितिको सोमबार बसेको बैठकले काठमाडौं उपत्यकाको यातायात प्रणालीलाई व्यवस्थित एकीकृत योजना १५ दिनभित्र पेस गर्न सरोकारवाला निकायलाई निर्देशन दिएको छ।

समितिको बैठकले यात्रुहरूका लागि सडक पेटीको व्यवस्था, ट्राफिक लाइट, आकाशे पुल, साइकल लेन, बिजुलीको पोल, तार, ढल, खानेपानी सबैको एकीकृत विस्तार गर्ने योजना पेस गर्न गृह मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र काठमाडौं महानगरपालिकालाई निर्देशन दिएको हो।

काठमाडौं उपत्यकाको सवारी चापलाई कम गर्न सडक संरचनाको प्रभावकारी उपयोग गर्न विज्ञ समिति बनाएर काम अगाडि बढाउन समितिले निर्देशन दिएको हो। समितिका सभापति रवीन्द्र अधिकारीका अनुसार उपत्यकाभित्र मेट्रो, मोनोरेल तथा केबलकार सञ्चालन गर्ने विषयमा विज्ञ टोलीले गठन गर्न सरकारलाई निर्देशन दिइएको छ।

समितिले सवारी दुर्घटना कम गर्न कानुनको पालनामा कडाइ, सडक संरचनाको गुणस्तरमा सुधार, उचित ट्राफिक व्यवस्थापन, चालकलाई तालिम, पैदल यात्रुलाई जनचेतनामूलक कार्यक्रम अघि बढाई सडक सुरक्षा कायम गर्न निर्देशन दिएको अधिकारीले बताउनुभयो।

स्थानीय तहको शासन सञ्चालन सम्बन्धमा बनेको विधेयक २०७३ को सम्बन्धमा छलफल गर्न गठन भएको उपसमितिको समयावधि ५ दिन थप गर्दै विभिन्न ८ बुँदे निर्णय गरेको छ। समितिले सार्वजनिक ट्याक्सीमा मिटरको अनिवार्य तथा प्रभावकारी कार्यान्वयन गराउन गृह मन्त्रालयलाई निर्देशनसमेत दिएको छ।

# नेप्सेमा सुधार

काठमाडौं, (नेस)

साताको दोस्रो दिन सोमबार नेप्से परिसूचक २ दशमलव ८९ अंकले बढेको छ। आइतबार ४ दशमलव ४७ अंकले बढेको बजारले सोमबार पनि निरन्तरता पाएको हो।

सोमबार १ हजार ६ सय ६५ दशमलव शून्य ५ अंकबाट शुरू भएको कारोबार १ हजार ६ सय ६७ दशमलव ९४ अंकमा पुगेको हो। यसक्रममा विगत केही समययता निरन्तर ओरालो लागेको बीमा समूहको परिसूचमा भने सुधार आयो।

सोमबार बजारमा ९४ करोड ६८ लाख ५ हजार २ सय ७३ रुपियाँको कारोबार भयो। सो क्रममा १ सय ५९ कम्पनीका ३९ लाख ४२ हजार ५ सय ४८ कित्ता शेयर किनबेच भएका थिए। अघिल्लो दिन बजारमा १ अर्ब २ करोड ७४ लाख ८३ हजार ४ सय ३३ रुपियाँ बराबरको कारोबार भएको थियो।

बजारमा कारोबारमा आएका ८ मध्ये ५ समूहको परिसूचक बढ्दा सोमबार नेप्से परिसूचक बढेको हो। बढ्नेमा होटल समूह सबैभन्दा धेरै १९ दहमलव ६५ अंकले बढ्यो। त्यस्तै वित्त, विकास बैंक र बीमा समूहमा क्रमशः १३ दशमलव ९, ४४ दशमलव ११ र ३ दशमलव ३९ अंकको सुधार आयो। सोमबार अन्य समूह पनि ११ दशमलव ८८ अंकले उकालो लाग्यो।

सोमबार जलविद्युत् समूहको परिसूचक सबैभन्दा धेरै १० दशमलव ५३ अंकले घट्यो। त्यस्तै उत्पालनमूलक समूह ३ दशमलव ४४ र बैंकिङ समूह शून्य दशमलव ५२ अंकले घटे।

आइतबार 'क' वर्गका कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक १ दशमलव शून्य ७ अंकले बढेर ३ सय ५० दशमलव १८ अंकमा आइपुगेको छ।

सोमबार बैंक तथा वित्तीय संस्थाको शेयर किनबेचमा चाप बढेको थियो। सोमबार नागरिक लगानी कोषको ६ करोड ७२ लाख ९५ हजार २ सय ४३ रुपियाँको शेयर कारोबार भएको छ। सिद्धार्थ इन्भेस्टमेन्ट ग्रोथ स्किम-१ र नेपाल लाइफ इन्स्योरेन्स कम्पनीको ४ करोड रुपियाँभन्दा माथि रहँदा ती कम्पनी क्रमशः देस्रो र तेस्रो स्थानमा रहे।

सोमबार सर्वाधिक कमाउनेमा लुम्बिनी विकास बैंकका लगानीकर्ता रहेका छन्। कम्पनीको शेयर मूल्य ६ दशमलव शून्य ७ प्रतिशतले घट्दा कुबेर मर्चेन्ट फाइनान्सका लगानीकर्ताले सर्वाधिक १० प्रतिशत गुमाए। त्यस्तै छ्याङ्दी हाइड्रोपावरको शेयर मूल्य ९ दशमलव ९१ प्रतिशतले घटेको छ।

# स्ट्यान्डर्ड चार्टर्ड उत्कृष्ट रोजगारदाता

काठमाडौं, (नेस)

स्ट्यान्डर्ड चार्टर्ड बैंक नेपाल 'एसिया बेस्ट इम्प्लोयर ब्रान्ड २०१७' बाट बैंक सम्मानित भएको छ। सिंगापुरमा भएको एक कार्यक्रममा सो अवार्ड नेपालको तर्फबाट सिंगापुरको स्ट्यान्डर्ड चार्टर्ड बैंकले ग्रहण गरेको थियो। सो अवार्ड इम्प्लोयर ब्रान्डिङ इन्स्टिच्युट, वर्ल्ड एचआरडी कांग्रेस र रणनीतिक साझेदारद्वारा प्रदान गरिएको हो।

इतिहास र व्यवस्थापनमा स्नात्तकोत्तर गरेका, ८ वर्षभन्दा बढी अनुसन्धानको अनुभव हासिल गरेका एसियाका स्वतन्त्र प्रोफेसनल व्यक्तिहरूको एक समूहले प्रत्येक राष्ट्रमा उत्कृष्ट रोजगारदाताका सम्बन्धमा बेग्ला बेग्लै अनुसन्धान गरी उक्त अध्ययनउपर निर्णायक मण्डलका वरिष्ठ नेताहरू, अनुसन्धानकर्ताहरू र विज्ञहरूले निर्णय गरेका थिए।

विजेताहरूको छनौट मानव संसाधनमा ती संस्थाले अपनाएका रणनीतिक योजना, त्यो योजनाको कार्यान्वयन, व्यवसायीकरण र संस्थाको सुदृढ भविष्यका लागि अपनाइएका नीतिसहितको समग्र दूरदृष्टिलाई आधार बनाइएको थियो।

स्ट्यान्डर्ड चार्टर्डले यस वर्ष पहिले नै युरोमनीबाट 'युरोमनी एक्सिलेन्स २०१७' र ग्लोबल फाइनान्सबाट 'बेस्ट डिजिटल बैंक अवार्ड २०१७' प्राप्त गरिसकेको छ।

# विमानस्थल बन्ने खुसीसँगै विस्थापित हुनुपर्ने चिन्ता

गोकुल घोरसाइने, बारा

गाउँमा ठूला विकास आयोजना सञ्चालन हुन लाग्दा खुसी नहुने को पो होला र। तर दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल बन्ने चर्चासँगै रमाएका बारा जितपुर सिमरा उपमहानगरपालिका १६ टाँगिया बस्तीका बासिन्दाको खुसी भने हिजोआज हराउँदै गएको छ।

विमानस्थल निर्माणको प्रारम्भिक काम अघि बढेसँगै प्रस्तावित आयोजना स्थलभित्र बसोबास गर्ने १ हजार ४ सय ७६ घरधुरी सुकुम्बासी परिवारमा अहिले एउटै चिन्ता छ- 'उचित पुनर्बासबिना नै आयोजनाको काम शुरू गर्न लागेर सरकारले कतै बिचल्लीमा पार्न लागेको त होइन?'

विमानस्थल निर्माणको प्रारम्भिक चरणको कामसँगै नम्बरी जग्गाको मुआब्जा वितरणसमेत शुरू गरेको आयोजना फिल्ड कार्यालय सिमराले टाँगिया बस्तीको पुनर्बास र मुआब्जाबारे हालसम्म पनि चासो नदेखाएपछि स्थानीयमा चिन्ता बढ्न थालेको हो।

प्रमुख जिल्ला अधिकारी विजयनारायण मानन्धर संयोजकत्वको समितिले आयोजना क्षेत्रभित्र पर्ने साविक करैया गाविस ८ र ककडी १ मा मुआब्जा निर्धारण गरी जग्गा प्राप्ति ऐन ०३४ को दफा ९ र १० अनुसार अधिग्रहण प्रक्रिया शुरू गरेको छ। समितिले प्रति कठ्ठा २ लाख ४० हजारदेखि ४ लाख



६० हजार रुपियाँ मुआब्जा तोकेपछि जिल्ला प्रशासन कार्यालय बाराले ३० दिनभित्र फिल्ड कार्यालय सिमरामार्फत रकम बुझ्न असार ३० गते दोस्रो पटक सार्वजनिक सूचना जारी गरेको छ। जिप्रकाले यसअघि गत चैत्र महिनामा पहिलो पटक सार्वजनिक सूचनामार्फत स्थानीयलाई मुआब्जा बुझ्न बोलाएको थियो। १ सय २० परिवारको बसोबास रहेको दुवै गाउँको करिब १ सय बिगाहा नम्बरी जमिन अधिग्रहण गर्दै छ। तर समितिले तोकेको मुआब्जा रकम अपुग भन्दै उनीहरूमध्ये ६ जना मात्र सम्पर्कमा आएको आयोजना प्रमुख अधिकारीले जानकारी दिनुभयो। उहाँले प्रक्रिया शुरू भइसकेकाले जग्गा धनीहरू नआए पनि नियमानुसार अधिग्रहण गरिने जानकारी दिनुभयो। यसअघि सीमांकन र चार किल्ला निर्धारणको काम पूरा गरिसकेको आयोजना कार्यालय हाल विमानस्थल क्षेत्रको घेराबारा, प्रवेश मार्ग निर्माणको काम र वातावरणीय प्रमाव मूल्यांकन (ईआईए) रिपोर्टलाई अन्तिम रूप दिने तयारीमा जुटेको छ। विमानस्थल निर्माण गर्न सरकारले चालू आर्थिक वर्षको बजेटमा १ अर्ब ५० करोड रकम विनियोजन गरेको छ।

'विमानस्थलको पूर्वाधार निर्माणको कामसँगै अन्यत्र मुआब्जा वितरण शुरू भइसक्यो, टाँगिया बस्ती सरोकार समितिका संयोजक रमेश सापकोटाले भन्नुभयो- 'तर हाम्रो बारेमा अहिलेसम्म कुनै टुंगो छैन।' माग सुनुवाइ नगरी सरकारले धमाधम काम अघि बढाएकाले स्थानीयमा शंका र अन्योल बढेको सापकोटा बताउनुहुन्छ।

मुआब्जा र बस्ती व्यवस्थापनको टुंगो नलागेसम्म पूर्वाधारलगायतका आयोजनाको अन्य कुनै काम पनि अघि बढाउन नहुने सापकोटाको भनाइ छ। स्थानीयले मुआब्जा बापत आयोजना स्थलको ३ किमीभित्र भौतिक पूर्वाधारसहितको प्रतिपरिवार २ बिगाहा ५ कठ्ठाका दरले जमिन पाउनुपर्नेसहित ७ माग अघि सारेका छन्। उनीहरूले घरसार खर्च, स्थान्तरणपछिको डेढ वर्षसम्म रासनपानी भरणपोषण र आयोजनामा एक घर एक रोजगारीको ग्यारेन्टी जस्ता माग राखेका छन्। संयोजक सापकोटाले पटकपटक जानकारी गराउँदा पनि सम्बन्धित निकायबाट आश्वासनबाहेक अहिलेसम्म केही पनि नपाएको पनि बताउनुभयो।

विमानस्थल क्षेत्रभित्र रहेका मध्ये टाँगिया सबैभन्दा ठूलो बस्ती हो। ८ हजारभन्दा बढी जनसंख्या बसोबास रहेको बस्ती करिब ५० वर्ग किमी क्षेत्रमा फैलिएको छ। तामागढी क्षेत्रको जंगल फँडानीपछि रोपिएका बिरुवा गोडमेलसँगै बालीसमेत लगाउन पाउने गरी वन कर्मचारीले २०३१ सालतिर बस्ती बसाएका हुन्। बिरुवा हुर्केपछि अन्यत्र सार्ने भनिए पनि तत्काल उचित प्रबन्ध हुन नसक्दा सुकुम्बासीले स्थायी बसोबास थालेका हुन्। 'शुरूमा सरकारले नै बोलाएर राख्यो', टाँगियाका अर्का स्थानीय सुमन थोकर भन्नुभयो- 'विमानस्थलका लागि खाली गर्नुपर्ने भएपछि अहिले मुआब्जामा आनाकानी गर्दै छन्।' थोकरले आफूहरू आयोजना विरोधी नभएको तर जायज माग पूरा नगरी काम अघि बढाएकोले अवरोध गर्न बाध्य भएको बताउनुभयो। 'विमानस्थल बन्नुपर्छ', उहाँले भन्नुभयो- 'तर जनतालाई बिचल्लीमा पार्नु भएन।' आयोजना फिल्ड कार्यालय सिमरा प्रमुख हरि अधिकारीले जंगल क्षेत्रमा बसोबास गरेकाको हकमा दिने प्रावधान नभएकाले टाँगिया बस्तीको मुआब्जा बारे हालसम्म कुनै निर्णय हुन नसकेको बताउनुभयो। 'वन क्षेत्रकालाई दिने कुनै कानुनी आधार छैन', अधिकारीले भन्नुभयो- 'दिने भए पनि सरकारले क्याबिनेटबाट निर्णय गर्नुपर्छ।' प्रमुख अधिकारीले ईआईए रिपोर्ट फाइनल गर्ने क्रममा मुअब्जा वा क्षतिपूर्ति बारेमा स्थानीयसँग छलफल गरेर सहमतिमा टुंग्याउने पनि जानकारी दिनुभयो। आयोजना स्थलभित्र पर्ने कोल्हवी नपा ५ को वन क्षेत्रमा ४५ घरधुरी सुकुम्बासी परिवारको बसोबास गर्ने इटियाहीको मुआब्जा बारे पनि आयोजना कार्यालय मौन छ।

## SHARE MARKET

7 AUGUST MONDAY, 2017

| S.No. | Traded Companies | Total Share | Max. Price | Min. Price | CP Price | Diff Rs. |
|---|---|---|---|---|---|---|
| 1 | Agriculture Development Bank Limited | 11926.00 | 463.00 | 452.00 | 453.00 | -1.00 |
| 2 | Api Power Company Ltd. | 3707.00 | 652.00 | 635.00 | 640.00 | -12.00 |
| 3 | Arun Finance Limited | 1050.00 | 188.00 | 182.00 | 187.00 | 2.00 |
| 4 | Arun Kabeli Power Ltd. | 3067.00 | 410.00 | 405.00 | 406.00 | -1.00 |
| 5 | Arun Valley Hydropower Dev. Co. Ltd. | 10952.00 | 275.00 | 267.00 | 270.00 | -2.00 |
| 6 | Asian Life Insurance Co. Limited | 7566.00 | 1600.00 | 1587.00 | 1600.00 | 13.00 |
| 7 | Bank of Kathmandu Ltd. | 21021.00 | 490.00 | 485.00 | 488.00 | 2.00 |
| 8 | Barun Hydropower Co. Ltd. | 1410.00 | 260.00 | 245.00 | 250.00 | -15.00 |
| 9 | Bhargav Bikash Bank Ltd. | 360.00 | 290.00 | 285.00 | 285.00 | -10.00 |
| 10 | Butwal Power Company Limited | 12550.00 | 654.00 | 648.00 | 654.00 | 2.00 |
| 11 | Central Finance Co. Ltd. | 1607.00 | 205.00 | 201.00 | 201.00 | -4.00 |
| 12 | Century Commercial Bank Ltd. | 15387.00 | 270.00 | 262.00 | 262.00 | -3.00 |
| 13 | Chhimek Laghubitta Bikas Bank Limited | 6067.00 | 1700.00 | 1665.00 | 1673.00 | -6.00 |
| 14 | Chhyangdi Hydropower Ltd. | 4374.00 | 312.00 | 285.00 | 285.00 | -31.00 |
| 15 | Chilime Hydropower Company Limited | 9166.00 | 805.00 | 800.00 | 801.00 | 1.00 |
| 16 | Citizen Bank International Limited | 26173.00 | 393.00 | 390.00 | 392.00 | 1.00 |
| 17 | Citizen Investment Trust | 14399.00 | 4750.00 | 4630.00 | 4740.00 | 159.00 |
| 18 | Civil Bank Ltd | 11606.00 | 256.00 | 252.00 | 253.00 | 0.00 |
| 19 | Civil Laghubitta Bittiya Sanstha Ltd. | 836.00 | 1380.00 | 1360.00 | 1370.00 | -20.00 |
| 20 | Deprosc Development Bank Limited | 8181.00 | 1458.00 | 1432.00 | 1432.00 | -2.00 |
| 21 | Deva Bikas Bank Limited | 15657.00 | 270.00 | 264.00 | 266.00 | -3.00 |
| 22 | Dibyashwori Hydropower Ltd. | 684.00 | 201.00 | 195.00 | 195.00 | -1.00 |
| 23 | Everest Bank Limited | 13195.00 | 1430.00 | 1408.00 | 1415.00 | -5.00 |
| 24 | Everest Bank Limited Con. Pref. | 104.00 | 806.00 | 806.00 | 806.00 | 0.00 |
| 25 | Everest Insurance Co. Ltd. | 837.00 | 2770.00 | 2726.00 | 2730.00 | -49.00 |
| 26 | Excel Development Bank Ltd. | 24014.00 | 750.00 | 707.00 | 742.00 | 38.00 |
| 27 | First Micro Finance Dev. Bank Ltd. | 4965.00 | 1140.00 | 1120.00 | 1130.00 | -15.00 |
| 28 | Forward Co. Mic. Bittiya Sanstha Ltd. | 3357.00 | 3970.00 | 3911.00 | 3940.00 | -30.00 |
| 29 | Gandaki Bikas Bank Limited | 23969.00 | 421.00 | 412.00 | 415.00 | -5.00 |
| 30 | Garima Bikas Bank Limited | 9362.00 | 286.00 | 282.00 | 285.00 | -1.00 |
| 31 | General Finance Ltd. | 150.00 | 339.00 | 339.00 | 339.00 | -6.00 |
| 32 | Global IME Bank Limited | 13065.00 | 408.00 | 397.00 | 398.00 | -2.00 |
| 33 | Goodwill Finance Co. Ltd. | 737.00 | 204.00 | 200.00 | 200.00 | 0.00 |
| 34 | Green Development Bank Ltd. | 360.00 | 625.00 | 615.00 | 622.00 | 5.00 |
| 35 | Guheshowori Mer. Bank & Fin. Co. Ltd. | 2816.00 | 280.00 | 266.00 | 270.00 | -5.00 |
| 36 | Gurans Life Insurance Company Ltd. | 4435.00 | 1175.00 | 1160.00 | 1169.00 | -8.00 |
| 37 | Gurkhas Finance Ltd. | 19474.00 | 204.00 | 194.00 | 197.00 | 4.00 |
| 38 | Himalayan Bank Limited | 2973.00 | 921.00 | 915.00 | 915.00 | 4.00 |
| 39 | Himalayan Distillery Limited | 9182.00 | 2091.00 | 2010.00 | 2035.00 | -15.00 |
| 40 | Himalayan General Insurance Co. Ltd | 6020.00 | 855.00 | 818.00 | 820.00 | -19.00 |
| 41 | ICFC Finance Limited | 7293.00 | 290.00 | 277.00 | 290.00 | 9.00 |
| 42 | Jalabidyut Lagani tatha Bikas Co. Ltd. | 7369.00 | 193.00 | 190.00 | 190.00 | -3.00 |
| 43 | Janaki Finance Ltd. | 697.00 | 293.00 | 285.00 | 288.00 | -2.00 |
| 44 | Janata Bank Nepal Ltd. | 30126.00 | 290.00 | 280.00 | 284.00 | -1.00 |
| 45 | Janautthan Sam. Lag. Bikas Bank Ltd. | 350.00 | 3720.00 | 3700.00 | 3700.00 | -50.00 |
| 46 | Jebils Finance Ltd. | 833.00 | 250.00 | 245.00 | 245.00 | -2.00 |
| 47 | Jebils Finance Ltd. Promoter Share | 1000.00 | 142.00 | 130.00 | 130.00 | -12.00 |
| 48 | Jyoti Bikas Bank Limited | 7322.00 | 207.00 | 203.00 | 205.00 | 0.00 |
| 49 | Kailash Bikas Bank Ltd. | 4309.00 | 340.00 | 329.00 | 334.00 | -2.00 |
| 50 | Kailash Bikas Bank Ltd. Promoter Share | 6582.00 | 186.00 | 186.00 | 186.00 | 2.00 |
| 51 | Kalika Microcredit Dev. Bank Ltd. | 180.00 | 2340.00 | 2295.00 | 2328.00 | 33.00 |
| 52 | Kanchan Development Bank Limited | 2081.00 | 280.00 | 272.00 | 275.00 | 3.00 |
| 53 | Kankai Bikas Bank Ltd. | 332.00 | 230.00 | 229.00 | 229.00 | 0.00 |
| 54 | Karnali Development Bank Limited | 1519.00 | 303.00 | 298.00 | 300.00 | -6.00 |
| 55 | Khanikhola Hydropower Co. Ltd. | 2294.00 | 199.00 | 194.00 | 195.00 | -3.00 |
| 56 | Kisan Microfinance Bittiya Sanstha Ltd. | 1242.00 | 3376.00 | 3286.00 | 3300.00 | 35.00 |
| 57 | Kuber Merchant Finance Limited | 1070.00 | 275.00 | 252.00 | 252.00 | -28.00 |
| 58 | Kumari Bank Limited | 22688.00 | 325.00 | 318.00 | 321.00 | -1.00 |
| 59 | Lalitpur Finance Ltd. | 5303.00 | 225.00 | 205.00 | 206.00 | 1.00 |
| 60 | Laxmi Bank Limited | 13297.00 | 359.00 | 351.00 | 351.00 | -8.00 |
| 61 | Laxmi Equity Fund | 1000.00 | 10.00 | 10.00 | 10.00 | 0.00 |
| 62 | Laxmi Laghubitta Bittiya Sanstha Ltd. | 934.00 | 2168.00 | 2100.00 | 2128.00 | 2.00 |
| 63 | Laxmi Value Fund-1 | 807051.00 | 14.55 | 14.26 | 14.40 | -0.02 |
| 64 | Life Insurance Co. Nepal | 2995.00 | 2448.00 | 2400.00 | 2416.00 | 16.00 |
| 65 | Lumbini Bikas Bank Ltd. | 67466.00 | 228.00 | 216.00 | 227.00 | 13.00 |
| 66 | Lumbini General Insurance Co. Ltd. | 9317.00 | 1010.00 | 1000.00 | 1010.00 | 0.00 |
| 67 | Machhapuchhre Bank Limited | 19611.00 | 358.00 | 350.00 | 352.00 | -5.00 |
| 68 | Mahila Sahayatra Mic. Bittiya Sanstha Ltd. | 552.00 | 1279.00 | 1211.00 | 1225.00 | -5.00 |
| 69 | Manjushree Finance Ltd. | 8685.00 | 161.00 | 158.00 | 158.00 | -2.00 |
| 70 | Mero Microfinance Bittiya Sanstha Ltd. | 1563.00 | 2450.00 | 2380.00 | 2438.00 | -17.00 |
| 71 | Mirmire Microfinance Dev. Bank Ltd. | 1060.00 | 3100.00 | 2920.00 | 2970.00 | -146.00 |
| 72 | Miteri Development Bank Limited | 1714.00 | 565.00 | 550.00 | 565.00 | 13.00 |
| 73 | Mithila LaghuBitta Bikas Bank Ltd. | 664.00 | 1390.00 | 1370.00 | 1380.00 | -11.00 |
| 74 | Muktinath Bikas Bank Ltd. | 17008.00 | 695.00 | 677.00 | 680.00 | -18.00 |
| 75 | Multipurpose Finance Company Limited | 11.00 | 127.00 | 127.00 | 127.00 | 2.00 |
| 76 | Nabil Balance Fund 1 | 49501.00 | 21.65 | 21.35 | 21.65 | 0.55 |
| 77 | Nabil Bank Limited | 17674.00 | 1773.00 | 1750.00 | 1768.00 | 40.00 |
| 78 | NABIL Bank Limited Promotor Share | 9603.00 | 1284.00 | 1273.00 | 1282.00 | 15.00 |
| 79 | Nabil Equity Fund | 6518.00 | 10.00 | 9.90 | 10.00 | -0.10 |
| 80 | NagBeli LaghuBitta Bikas Bank Ltd. | 617.00 | 3565.00 | 3481.00 | 3481.00 | -41.00 |
| 81 | National Hydro Power Co. Limited | 111394.00 | 158.00 | 148.00 | 154.00 | -1.00 |
| 82 | National Life Insurance Co. Ltd. | 4634.00 | 2040.00 | 2001.00 | 2040.00 | 31.00 |
| 83 | National Mic. Bittiya Sanstha Ltd. | 5405.00 | 3860.00 | 3761.00 | 3795.00 | -60.00 |
| 84 | Naya Nepal Laghubitta Bikas Bank Ltd. | 746.00 | 2800.00 | 2745.00 | 2794.00 | -15.00 |
| 85 | NB Insurance Co. Ltd. | 1371.00 | 1270.00 | 1260.00 | 1260.00 | -30.00 |
| 86 | Neco Insurance Co. Ltd. | 7817.00 | 1150.00 | 1132.00 | 1134.00 | -9.00 |
| 87 | Nepal Bangladesh Bank Limited | 26051.00 | 392.00 | 385.00 | 387.00 | -5.00 |
| 88 | Nepal Bank Limited | 12605.00 | 370.00 | 360.00 | 365.00 | -2.00 |
| 89 | Nepal Community Dev. Bank Ltd. | 361.00 | 325.00 | 319.00 | 320.00 | -10.00 |
| 90 | Nepal Credit And Com. Bank Limited | 22398.00 | 379.00 | 374.00 | 375.00 | -1.00 |
| 91 | Nepal Doorsanchar Co. Limited | 23960.00 | 712.00 | 690.00 | 712.00 | 18.00 |
| 92 | Nepal Grameen Bikas Bank Ltd. | 8526.00 | 961.00 | 902.00 | 920.00 | -23.00 |
| 93 | Nepal Insurance Co. Ltd. | 7013.00 | 1658.00 | 1622.00 | 1635.00 | 5.00 |
| 94 | Nepal Investment Bank Limited | 16931.00 | 775.00 | 769.00 | 770.00 | -2.00 |
| 95 | Nepal Investment Bank Ltd. Pro. Share | 2160.00 | 689.00 | 683.00 | 683.00 | -5.00 |
| 96 | Nepal Life Insurance Co. Ltd. | 18601.00 | 2239.00 | 2206.00 | 2236.00 | 5.00 |
| 97 | Nepal SBI Bank Limited | 1901.00 | 945.00 | 937.00 | 940.00 | -3.00 |
| 98 | Nerude Laghubita Bikas Bank Limited | 6249.00 | 1490.00 | 1477.00 | 1480.00 | 16.00 |
| 99 | Ngadi Group Power Ltd. | 404.00 | 283.00 | 277.00 | 279.00 | -7.00 |
| 100 | NIBL Samriddhi Fund 1 | 13651.00 | 12.99 | 12.80 | 12.99 | 0.25 |
| 101 | NIC Asia Bank Ltd. | 18924.00 | 474.00 | 468.00 | 468.00 | 0.00 |
| 102 | Nirdhan Utthan Bank Limited | 465.00 | 2210.00 | 2160.00 | 2166.00 | -33.00 |
| 103 | NLG Insurance Company Ltd. | 4144.00 | 1625.00 | 1600.00 | 1625.00 | 15.00 |
| 104 | NMB Microfinance Bittiya Sanstha Ltd. | 1671.00 | 3010.00 | 2941.00 | 2990.00 | -20.00 |
| 105 | NMB Bank Limited | 9131.00 | 560.00 | 551.00 | 552.00 | 0.00 |
| 106 | NMB Hybrid Fund L-1 | 2825.00 | 10.04 | 10.00 | 10.00 | 0.00 |
| 107 | NMB Sulav Investment Fund-1 | 66010.00 | 14.75 | 14.50 | 14.65 | 0.16 |
| 108 | Om Development Bank Ltd. | 22218.00 | 440.00 | 430.00 | 431.00 | 0.00 |
| 109 | Oriental Hotels Limited | 8328.00 | 975.00 | 936.00 | 962.00 | 12.00 |
| 110 | Pokhara Finance Ltd. | 5223.00 | 258.00 | 246.00 | 248.00 | -6.00 |
| 111 | Prabhu Bank Limited | 58519.00 | 401.00 | 397.00 | 400.00 | 0.00 |
| 112 | Prabhu Insurance Ltd. | 12593.00 | 1210.00 | 1195.00 | 1200.00 | -12.00 |
| 113 | Premier Insurance Co. Ltd. | 5344.00 | 1850.00 | 1800.00 | 1850.00 | 15.00 |
| 114 | Prime Commercial Bank Ltd. | 54293.00 | 464.00 | 454.00 | 455.00 | -3.00 |
| 115 | Prime Life Insurance Company Limited | 1876.00 | 2703.00 | 2680.00 | 2695.00 | -5.00 |
| 116 | ProgressiveFinance Limited | 3980.00 | 227.00 | 221.00 | 227.00 | 2.00 |
| 117 | Prudential Insurance Co. Ltd. | 2932.00 | 1600.00 | 1560.00 | 1565.00 | -20.00 |
| 118 | Purnima Bikas Bank Ltd. | 1215.00 | 316.00 | 304.00 | 314.00 | 4.00 |
| 119 | Rastriya Beema Company Limited | 90.00 | 18140.00 | 17500.00 | 17800.00 | -50.00 |
| 120 | Rastriya Beema Co. Limited Pro. Share | 440.00 | 15693.00 | 15301.00 | 15500.00 | -200.00 |
| 121 | Reliable Microfinance Bittiya Sanstha Ltd. | 585.00 | 2150.00 | 2115.00 | 2120.00 | -72.00 |
| 122 | Reliance Finance Ltd. | 3967.00 | 225.00 | 215.00 | 215.00 | -1.00 |
| 123 | Ridi Hydropower Dev. Company Ltd. | 2346.00 | 199.00 | 195.00 | 196.00 | -1.00 |
| 124 | RSDC Laghubitta Bittiya Sanstha Ltd. | 1874.00 | 3175.00 | 3120.00 | 3150.00 | -1.00 |
| 125 | Rural Microfinance Dev. Centre Ltd. | 5795.00 | 870.00 | 833.00 | 833.00 | -36.00 |
| 126 | Sagarmatha Insurance Co. Ltd. | 3212.00 | 1782.00 | 1770.00 | 1770.00 | -25.00 |
| 127 | Sahayogi Bikas Bank Limited | 1225.00 | 375.00 | 367.00 | 375.00 | -2.00 |
| 128 | Sana Kisan Bikas Bank Ltd | 5017.00 | 1685.00 | 1650.00 | 1660.00 | 20.00 |
| 129 | Sanima Bank Limited | 29097.00 | 430.00 | 423.00 | 424.00 | -1.00 |
| 130 | Sanima Mai Hydropower Ltd. | 2216.00 | 595.00 | 592.00 | 593.00 | -2.00 |
| 131 | Saptakoshi Development Bank Ltd. | 715.00 | 194.00 | 191.00 | 194.00 | -2.00 |
| 132 | Shangrila Development Bank Ltd. | 6326.00 | 425.00 | 415.00 | 417.00 | 0.00 |
| 133 | Shikhar Insurance Co. Ltd. | 2677.00 | 2110.00 | 2055.00 | 2105.00 | 21.00 |
| 134 | Shine Resunga Development Bank Ltd. | 6237.00 | 450.00 | 430.00 | 450.00 | 13.00 |
| 135 | Shree Investment Finance Co. Ltd. | 3078.00 | 508.00 | 491.00 | 498.00 | -1.00 |
| 136 | Shrijana Finance (Bittaya Sanstha) | 850.00 | 470.00 | 463.00 | 470.00 | -2.00 |
| 137 | Siddhartha Bank Limited | 13641.00 | 472.00 | 462.00 | 470.00 | 0.00 |
| 138 | Siddhartha Equity Orineted Scheme | 50700.00 | 13.65 | 13.39 | 13.40 | -0.10 |
| 139 | Siddhartha Insurance Ltd. | 3876.00 | 1635.00 | 1612.00 | 1616.00 | -22.00 |
| 140 | Siddhartha Inv. Growth Scheme-1 | 1680300.00 | 25.30 | 24.70 | 24.91 | -0.09 |
| 141 | Sindhu Bikash Bank Ltd | 260.00 | 350.00 | 346.00 | 346.00 | -4.00 |
| 142 | Soaltee Hotel Limited | 12269.00 | 390.00 | 378.00 | 380.00 | 4.00 |

Total Amount Rs. 946,805,273 Total Quantity 3,942,548 Total No of Transactions 8,581

सहकारी क्षेत्रले कुनै ठूला उद्योग र दीर्घकालीन व्यवसायमा लगानी गर्दा छोटो समयमा नै प्रतिफल नपाइने र सहकारीको सेयर बजारमा सूचीकृत पनि नभएका कारणले लगानीको क्षेत्रमा संकुचन आएको कँडेलको भनाइ छ।

# विवादमा सहकारी विधेयक

हेमन्त जोशी, काठमाडौं

- **सहकारी प्रवर्द्धन कोष राष्ट्रिय सहकारी महासंघमा राखिनुपर्ने।**
- **महासंघ र सहकारी संघ संस्थाको अगुवाइमा सहकारी कर्जा सूचना केन्द्रको गठन गरिनुपर्ने।**
- **सहकारी संस्थाले पनि आफ्नो कोषमार्फत र सेयर सूचीकृत गरेर ठूला एवं दीर्घकालीन नाफाका क्षेत्रमा लगानी गर्न पाउनुपर्ने।**

लामो समयदेखि विवादमा रहेको सहकारीसम्बन्धी कानुनलाई संशोधन गर्न बनेको विधेयक संसद्मा प्रस्तुत गर्ने तयारी भइरहेका बेला राष्ट्रिय सहकारी संघले भने उक्त विधेयकमा केही केही असन्तुष्टिहरू रहेको र उक्त विषयहरूलाई संशोधन गर्नुपर्ने बताएको छ।

संघका अध्यक्ष मीनराज कँडेलले सहकारी संस्थाहरूको लगानीको क्षेत्र, कर्जा सूचना केन्द्र र सहकारी प्रवर्द्धन कोषको स्थापना लगायतका विषयमा समस्या रहेको बताउनुभयो। *नेपाल समाचारपत्र*सँग कुरा गर्दै कँडेलले भन्नुभयो- 'विधेयक पास भएर चाँडो सहकारी ऐन आउनुपर्छ भन्नेमा कुनै विमति छैन, तर पनि हामीले पठाएका केही सुझावहरू विधेयकमा समेटिएका छैनन्।'

राष्ट्रिय सहकारी महासंघको नेतृत्वमा तथा सहकारी संघसंस्थाको सहभागितामा कर्जा सूचना केन्द्रको गठन गर्नुपर्ने भन्ने विषय नसमेटिएको अध्यक्ष कँडेलले बताउनुभयो। त्यस्तै सहकारी प्रवर्द्धन कोष स्थापनाको सन्दर्भमा सहकारी संस्थाहरूको वार्षिक खुद नाफाको शून्य दशमलव ५ प्रतिशत सहकारी संस्थाहरूले र शून्य दशमलव ५ प्रतिशत राज्यले दिएर राष्ट्रिय सहकारी महासंघमा राख्नुपर्ने माग सम्बोधन नभएको कँडेलको भनाइ छ। 'हामीले सहकारी प्रवर्द्धन कोष महासंघअन्तर्गत रहनुपर्छ भन्दै आएका थियौं तर प्रस्तावित विधेयकमा कोषलाई राट्रिय सहकारी विकास बोर्ड मातहतमा राख्ने भनेको छ। त्यसमा हाम्रो सहमति छैन।' -अध्यक्ष कँडेलले भन्नुभयो।

सहकारी क्षेत्रले कुनै ठूला उद्योग र दीर्घकालीन व्यवसायमा लगानी गर्दा छोटो समयमा नै प्रतिफल नपाइने र सहकारीको सेयर बजारमा सूचीकृत पनि नभएका कारणले लगानीको क्षेत्रमा संकुचन आएको कँडेलको भनाइ छ। यसअघि सहकारी संस्थाहरूको सेयर र संस्थागत कोषहरू लगानी गरेर ठूला र दीर्घकालीन नाफाका कम्पनीहरूमा लगानी गर्न पाउनुपर्ने व्यवस्था थियो। तर प्रस्तावित विधेयकले शेयर र कोषको रकमलाई कम्पनीमा लगानी गर्न नपाउने भन्ने कुरामा पनि महासंघले विमति जनाउँदै आएको छ।

तर यी विषयवस्तुहरूलाई संशोधनको माध्यमबाट पनि अगाडि बढाउन पहल गरे पनि सहकारी तथा गरिबी निवारण मन्त्रालयले कुनै चाँसो नदेखाएको महासंघका पदाधिकारीहरू बताउँछन्। संवैधानिक व्यवस्थाअनुरूपको स्थानीय निकायको अधिकारलाई समावेश गर्न खोजिएको र यसले सहकारी संस्थाहरूको नियमित अनुगमन तथा सेवाग्राहीको रकम दुरूपयोगलाई निरुत्साहन गर्न सहयोग पुग्याउने अपेक्षा गरिएको छ। ६८ सर्वसाधारण जोडिएको र लाख साढे ३ खर्बभन्दा रुपियाँ बढी कारोबार हुने सहकारी क्षेत्रलाई नयाँ ऐन लागू भएपछि उनीहरूको वास्तविक अवस्थामाथि सरकारी निगरानी रहन्छ।

## प्रस्तावित विधेयकमा समेटिएका मुख्य विषयहरू

मूल विधेयकमा श्रम वा सीपमा आधारित व्यवसाय गर्ने श्रमिक सहकारी संस्थाको हकमा १५ जना नेपाली नागरिकहरूले संस्था गठन गर्न सक्नेछन्। तर महानगरपालिका र उपमहानगरपालिका क्षेत्रका बचत तथा ऋणको कारोबार गर्ने संस्था गठन गर्दा कम्तीमा सय जना नेपाली नागरिकहरूको सहभागिता हनुपर्नेछ। जिल्ला विषयगत सहकारी संघको गठनका लागि कम्तीमा ११ वटा संस्थाहरूले आपसमा मिली आफ्नो विषयको जिल्ला विषयगत सहकारी संघ गठन गर्न सक्नेछन्। तर तोकिएको दुर्गम जिल्लाहरूमा कम्तीमा ६ वटा संस्थाहरू आपसमा मिली जिल्ला विषयगत सहकारी गठन गर्न सक्ने विधेयकमा उल्लेख छ।

प्रदेशमा विषयगत सहकारी संघको गठनका लागि कम्तीमा ५ वटा जिल्लाका २५वटा विषयगत सहकारी संस्थाहरू वा विषयगत जिल्लासंघहरू मिलेर प्रदेश सहकारी संघ गठन गर्न सक्ने व्यवस्था गरिएको छ। व्यवसायको विकास, प्रवर्द्धन तथा बजारीकरणलगायतका कार्यमा टेवा पुर्याउन कम्तीमा ५ वटा जिल्लाका ३१ वटा संस्थाहरू वा जिल्ला सहकारी विषयगत सहकारी संघहरू आपसमा मिली प्रदेश सहकारी गठन गर्न सकिनेछ। तर यसरी गठन गर्दा प्रदेशभरी दर्ता भएका जिल्ला विषयगत जिल्ला सहकारी संघहरू वा विषयगत प्रदेश सहकारी संघहरू प्रत्येकको ५० प्रतिशतभन्दा बढी संघहरू समावेश भएको हुनुपर्नेछ।

सहकारी क्षेत्रमा सुशासन प्रवर्द्धन गर्ने र गराउने कार्यका लागि राष्ट्रिय सहकारी महासंघको गठन गर्न सकिने व्यवस्था गरिएको छ। महासंघ गठन गर्दा ५० प्रतिशतभन्दा बढी जिल्ला विषयगत सहकारी संघ, जिल्ला सहकारी संघ, प्रदेश विषयगत सहकारी संघ, प्रदेश सहकारी संघ वा केन्द्रीय विषयगत सहकारी संघले आपसमा मिली राष्ट्रिय सहकारी महासंघ गठन गर्न सक्नेछन्।

विशिष्टीकृत सहकारी संघको गठनका लागि कम्तीमा २५ वटा बहुउद्देश्यीय वा विषयगत संस्थाहरूले आपसमा मिली जलविद्युत् आयोजना, रसायनिक मल कारखाना, यातायात, भारी कृषि उपकरण, फलफूल प्रशोधन, जडिबुटी प्रशोधन, चिनी उद्योग, अस्पताल, शिक्षालय जस्ता ठूला लगानी चाहिने उत्पादन गर्न वा सदस्यका साझा आवश्यकताका वस्तु र सेवाको परिपूर्ति गर्न विशिष्टकृत संघको गठन गर्न सकिनेछ।

कुनै एक व्यक्ति एक जिल्लाको एकै प्रकृतिका एकभन्दा बढी संस्थाको सदस्य हुन पाउनेछैन। तर ऐन लागू हुनुअघि कुनै व्यक्ति एक जिल्लाको एकै प्रकृतिको एकभन्दा बढी संस्थाको सदस्य रहेको भए ऐन लागू भएको दुई वर्षभित्रमा कुनै एक संस्थाको मात्र सदस्यता कायम गर्नुपर्नेछ। तर कुनै संस्थामा नेपाल सरकारको निकाय वा अन्य कुनै कृत्रिम व्यक्ति सदस्य भएको खण्डमा ३ वर्षभित्रमा सदस्यता अन्त्य गर्नुपर्नेछ। तर स्वास्थ्य संस्थाको हकमा यो नियम लागू नहुने विधेयकमा उल्लेख छ।

बहुउद्देश्यीय वा विषयगत संस्थाको रूपमा दर्ता भई मुख्य कारोबारको रूपमा बचत तथा ऋणको कारोबार गर्दै आएको संस्थाले नयाँ ऐन लागू भएपछि ३ वर्षभित्रमा बचत तथा ऋण सहकारी संस्थाको रूपमा नामाकरण गर्नुपर्नेछ। वा बचत तथा ऋणको मुख्य कारोबार नहुने गरी सहकारी संस्थाको रूपमा नामाकरण गर्नुपर्नेछ।

बचत तथा ऋणको ब्याजदरको बीचको अन्तर ६ प्रतिशत भन्दा बढी हुनेछैन भनी उल्लेख गरिएको छ। सहकारी संस्थाले बचत रकम सदस्यबीच ऋण लगानी, सरकारले जारी गरेको ऋणपत्र वा नेपाल राष्ट्र बैंकले जारी गरेको ट्रेजरी बिल खरीद गर्नबाहेक अचल सम्पत्ति खरीद, पूर्वाधार निर्माण कारोबारमा लगानी, फर्म, कम्पनी वा सहकारी बैंकबाहेक कुनै बैंकको शेयर खरीद वा अन्य कुनै प्रयोजनमा उपयोग गर्न पाउनेछैनन्। तर ऐन प्रारम्भ हुनुअघि दर्ता भएको साना किसानद्वारा प्रवर्द्धित वित्तीय संस्थाको खरीद गरिसकिएको शेयर यसै ऐनबमोजिम खरिद गरिएको मानिनेछ। सहकारी संस्थाले सबै प्रकारका बचत खाताहरू सञ्चालन गर्नसक्नेछन्। त्यस्तै विदेशी बैंक वा संघसंस्था वा अन्य निकायबाट ऋण र अनुदान लिन साझेदारीमा काम गर्न सक्ने व्यवस्था भए पनि अनुदान लिनुअघि मन्त्रालयको सिफारिस लिनुपर्ने व्यवस्था गरिएको छ।

## PRESS RELEASE

### ग्यालेक्सी जे सेभेन म्याक्स बजारमा

काठमाडौं, (नेस)

सामसुङ इलेक्ट्रोनिक्सले सामसुङ ग्यालेक्सी जे सेभेन म्याक्स मोबाइल नेपाली बजारमा ल्याएको छ। ४ जीबी र्याम क्षमता र ३२ जीबी इन्टरनल मेमोरी रहेको फोनमा १ दशमलव ६ गिगाहर्ज अक्टाकोर प्रोसेसरसमेत समावेश रहेको छ। मोबाइलमा उत्कृष्ट स्तरको डिस्प्ले, अपरेटिङ सिस्टम र क्यामेरा रहेको कम्पनीले जनाएको छ। ३३ सय एमएएच ब्याट्री क्षमता रहेको यस फोनमा कालो र गोल्डेन रङमा उपलब्ध रहेको छ।




फोनको हाल बजार मूल्य २८ हजार २ सय ९० रुपियाँमा खरिद गर्न सकिने कम्पनीले जनाएको छ। नेपाल टेलिकम डाटा ग्राहकहरूका लागि थप सुविधा प्रदान गर्न, जे सेभेन म्याक्सले नेपाल टेलिकमसँग सहकार्य गरेको छ। कार्यक्रममा बोल्दै आईएमबिज सामसुङ नेपालका प्रमुख प्रणयरत्न स्थापितले मध्यमस्तरको स्मार्ट फोन बजारमा सामसुङ जे सिरिजले अग्रता लिँदै आएको र आमउपभोक्तहरूको मागलाई राम्ररी बुझी सहजजीवनको लागि सार्थक आविष्कार गर्दै आएको बताउनुभयो।

### लोगोमा अब 'मेरोजब' मात्र

काठमाडौं, (नेस)

२००९ देखि नेपाली रोजगारका क्षेत्रमा स्थापित ब्रान्ड मेरो जब डट कमले आफ्ना वेबसाइट लोगो परिवर्तन गरेको छ। मेरोजब डट कम रहेको लोगोमा अब मेरो जब मात्र देखिने संस्थाका प्रबन्धक निर्देशक शैलेन्द्रराज गिरीले जानकारी दिनुभयो। काम खोज्नेहरूका लागि सहजदर्ता प्रक्रियाका साथै आकर्षक डिजाइन देख्न पाइन्छ। मेरो जब विगत ८ वर्षदेखि कामको खोजीमा रहेकालाई विभिन्न संस्थाको आवश्यकतासम्म निःशुल्क पुऱ्याइदिने अनलाइन सेवा हो।

### रिलायबल माइक्रो फाइनान्सको १ करोड ७७ लाख रुपियाँ मुनाफा

लमजुङ, (नेस)

यहाँ केन्द्रीय कार्यालय रहेको रिलायबल माइक्रो फाइनान्स वित्तीय संस्था लि. छैटौं आर्थिक वर्षमा प्रवेश गरेको छ । संस्थाले १ करोड ७७ लाख रुपियाँ मुनाफा आर्जन गरेको छ ।

संस्थाले गत आर्थिक वर्ष २०७३/७४ मा शतप्रतिशत बचत वृद्धि गरी १६ करोड ३४ लाख बचत गर्न सफल भएको र सञ्चालन मुनाफा १ करोड ७७ लाख आर्जन गरेको छ । सो संस्थाका प्रमुख कार्यकारी अधिकृत किरण कुँवरले बताउनुभयो । उहाँका अनुसार संस्थाको सदस्यहरूलाई १० हजार दुई सय सदस्यहरूलाई ४५ करोड ७० लाख ४५ हजार ऋण लगानी गरेको छ ।

उक्त वित्तीय संस्थाको लमजुङका अतिरिक्त हिमाली जिल्ला मनाङ, मुस्ताङ, डोल्पा र रसुवासमेत कार्य क्षेत्र रहेका छन् भने गोरखा, धादिङ, नुवाकोट, सिन्धुपाल्चोक, रामेछाप कार्यक्षेत्र रहेकोमा गत आर्थिक वर्षमा तनहुँ, कास्की, पाल्पा, काभ्रे र ओखलढुगा ५ जिल्ला थप गरेर १५ जिल्लाको वित्तीय संस्था भएको र सबै जिल्लामा शाखा सञ्चालन भइसकेको संस्थाका प्रमुख कार्यकारी अधिकृत किरण कुँवरले बताउनुभयो । उहाँका अनुसार वित्तीय संस्था रिलायबल डेभलपमेन्ट बैंक लिमिटेडको सहायक कम्पनीका रूपमा रहेको थियो । अहिले यस बैंकलाई ग्लोबल आईएमई बैंकको सहायक कम्पनीको रूपमा रहेपछि गत असार २५ गतेबाट संयुक्त वित्तीय कारोबार ग्लोबल आईएमई बैंकसँग रहेको छ।

# बजारमा फस्टाउँदै इभेन्ट म्यानेजमेन्ट

काठमाडौं, (नेस)

नयाँ युग नवीन सोचसँगै इभेन्ट म्यानेजमेन्टको स्वरूपसमेत परिवर्तन हुन थालेको छ। विवाह, व्रतबन्ध तथा मिटिङ र सेमिनारलाई मात्रै औपचारिक इभेन्ट मानिने युग आज परिवर्तन हुँदै हरेक सांस्कृतिक तथा मनोरञ्जनात्मक क्रियाकलाप पनि समेटिदै आएको छ।

त्यसमा बर्थडेदेखि कर्पोरेट हाउसका साधारणसभा, फुड फेस्टिभलदेखि राजनीतिक दलका कार्यक्रम र पत्रकार सम्मेलनदेखि उद्घाटन कार्यक्रम पर्छन्। नेपाल विश्व प्यापीकरणको महत्त्वपूर्ण हिस्सा भइसकेको र यहाँका मानिसमा सफल इभेन्ट म्यानेजमेन्ट कल्चरको शुरूवात भइसकेको अवस्थामा यहाँ पनि इभेन्ट म्यानेजमेन्ट कम्पनीको माग बढ्दो छ। सबै इभेन्टलाई संगठनात्मक हिसाबले सुदृढ तथा सफल बनाउन त्यस्ता कम्पनीको माग बढेको इभेन्ट म्यानेजमेन्टमा संलग्न व्यावसायीहरू बताउँछन्।

यही मागलाई ध्यानमा राख्दै राजधानीको एक युवा समूह नेपालमा युवा वर्गबाट इभेन्ट म्यानेजमेन्टमा युवाको प्रतिनिधित्व स्थापना गराउने सोचमा लागेको छ। अचेल आयोजना हुने इभेन्टमा विभिन्न समस्या देखिएकामा त्यस्ता समस्या हल गर्ने योजनासहित खोलिएको कम्पनीको नाम हो- नेपाल इभेन्टवालाज। कम्पनीका म्योनजिङ डाइरेक्टर अधिराज रेग्मीका नेपाली इभेन्ट ढिला शुरू हुने तथा विभिन्न समयमा अवरोध आई ढिला समापन हुने गरेका छन्।

मंगलबार ठमेलमा ओपन माइक नामको कार्यक्रम नेपाल इभेन्टवालाज्को व्यवस्थापनमा हेर्न पाउने भएको छ। दिउँसो २ बजेदेखि ६ बजेसम्म ह्यान्कक साराङ कोरियन रेस्टुरेन्टको आयोजना हुने सो कार्यक्रममा प्रवेश निःशुल्क रहेको आयोजकले जनाएको छ। कम्पनीले एक महिनाअगाडि राजधानीमा फुड फेस्टिभलको आयोजना गरेको थियो।

मुलुकको आर्थिक उन्नतिका लागि युवा उद्यमशीलताको भूमिका महत्त्वपूर्ण हुने भएकाले आफूहरू सकारात्मक सोच निर्माण गर्न यो क्षेत्रमा प्रवेश गरेको रेग्मीले बताउनुभयो। उहाँका अनुसार नेपाल इभेन्टवालाज इभेन्ट म्यानेजमेन्टको कमजोरीको ग्याप फिल गर्न खोलिएको हो। उहाँले नयाँ कम्पनी विभिन्न कर्पोरेट संस्थासँग सहकार्य गर्दै तथा आफै इभेन्ट आयोजना गर्दै यस क्षेत्रमा लागि पर्ने योजनासहित आएको जानकारी दिनुभयो। कम्पनी रजिष्ट्रार कार्यालयका अनुसार काठमाडौं उपत्यकासहित शहरी क्षेत्रमा यस्ता कम्पनीको दर्ता बढेको पाइएको छ।

# तरकारी खेतीबाटै वार्षिक ६ लाख कमाइ

गणेश साम्पाङ, पाँचथर

कतिपयले कृषिलाई तल्लोस्तरको व्यवसायको रूपमा हेर्ने गर्दछन्। तर यसको विपरीत पाँचथर फिदिम २ औंखौंले टोलकी सरस्वती ढुंगाना कृषि व्यवसाय गर्न पाएकोमा गर्व गर्छिन्।

सात आठ वर्ष पहिलादेखि व्यावसायिक तरकारी खेतीमा लागेकी सरस्वती ढुंगाना जिल्लामै सफल कृषकको रूपमा चिनिएकी छिन्। ढुंगानाले तरकारी खेती गरेर नाम मात्र होइन राम्रो दामसमेत कमाएकी छिन्। टमाटर, काउली, बन्दा, काँक्रा, सिमी र च्याउ खेतीमा लागेकी ढुंगानाले तरकारी खेतीबाट जीवनस्तर सुधार्न सक्ने बताइन्। सदरमुकामको छेउमा पिचबाटोले छोएको बारीमा लगाएका तरकारी खेतीबाट ढुंगानाले मनग्य आम्दानी गरेकी छिन्। पाँच जनाको परिवार रहेको ढुंगानाले तरकारी खेतीकै आम्दानीबाट दुई छोरालाई प्राविधिक विषयको उच्च शिक्षा अध्ययन गराइरहेकी छिन्।

'मेरो यही व्यावसायिक तरकारी खेतीको कमाइबाट बार्षिक ५/६ लाख कमाइ हुन्छ। दुई छोरालाई प्राविधिक पढाउँदै छु। यसैको कमाइबाट मैले काठमाडौंमा २० लाखमा एउटा घडेरी किनेको छु।' -ढुंगानाले भनिन्।

सरस्वती ढुंगानाजस्तै सोही टोलका भवानी काफ्लेले पनि व्यावसायिक तरकारी खेती गरेर राम्रो आम्दानी गर्दै आएका छन्। जिल्ला कृषि विकास कार्यालय पाँचथरबाट टनेल र हाते ट्र्याक्टरलगायत अन्य र प्राविधिक सहयोग लिएर व्यावसायिक खेतीमा लागेका काफ्लेले वार्षिक ६/७ लाख कमाउँदै आएको बताए। कृषि विकास कार्यालयको प्राविधिक सहयोग तथा अनुदानबाट व्यावसायिक खेतीमा लागेका ढुंगाना र काफ्ले दुवै जनाले उत्कृष्ट राष्ट्रपति पुरस्कार पाइसकेका छन्।



जिल्लामा व्यावसायिक तरकारी खेती गरेर धेरैले जीवनस्तर उकास्न सकेको कृषि विकास कार्यालय पाँचथरका वरिष्ठ कृषि विकास अधिकृत कमलेश तिवारीले बताउनुभयो। जिल्लामा अलैंचीपछि बढी नगद भित्र्याउने वस्तु नै तरकारी हुन्। 'तर पनि कृषकलाई राज्यले सबभन्दा तल्लोस्तरको मान्छे भनेर भन्छन्। कृषकलाई सम्मानित र मर्यादित शब्द प्रयोग गर्नुपर्छ।' -किसान महासंघ पाँचथरका अध्यक्ष गणेश पोखरेलले भन्नुभयो।

जिल्लाको सदरमुकाम फिदिम साविक भारपा ,थर्पु, नागी र अमरपुर गाविसका कृषक केही वर्षदेखि व्यावसायिक तरकारी खेतीमा जुटेका छन्। यी क्षेत्रका कृषकहरूले बेमौसमी टमाटर, बन्दा, करेला, मुला, आलु लगाउतका तरकारी खेतीबाट वार्षिक १० करोडभन्दा बढी रकम भित्रिने गरेको अधिकृत तिवारीले जानकारी दिनुभयो।

# विमानस्थल पिच गर्न पहल

काठमाडौं, (नेस)

विगत ९ वर्षदेखि सञ्चालनमा आउन नसकेको बझाङ जिल्ला विमानस्थललाई पिच गरी पुनः सञ्चालनमा ल्याउन जिल्लाका सभासद् र पर्यटन अभियन्ताहरूले संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्री जितेन्द्र देवलाई ज्ञापनपत्र बुझाएका छन्।

पर्यटन अभियन्ता तथा चैनपुर-ताक्लाकोट सडकखण्ड दबाब समूहका संयोजक किशोर खड्काले मन्त्रालय र सम्बन्धित निकायलाई हवाई मैदान पिच गर्न पहल गरिएको बताउनुभयो। २०३५ सालदेखि हवाई सेवा शुरू भए पनि हाल आएर उक्त विमानस्थल खेल मैदानमा परिणत भएको र पिच गरिएपछि वायुसेवा निगमले सेवा सन्चालन नगरेपनि निजी क्षेत्रका हवाई कम्पनीहरूले सेवा विस्तार गर्नसक्ने खड्काले बताउनुभयो। ज्ञापनपत्र ग्रहणपछि मन्त्री देवले विमानस्थल पुनर्निर्माणका लागि आवश्यक पहल गर्ने बताएको खड्काले जानकारी दिनुभयो।

नेपालबाट कैलाश मानसरोबर जान सबैभन्दा छोटो रुट मानिएको चैनपुर-ताक्लाकोट सडकखण्डको काम द्रुत गतिमा भइरहेको निकट भविष्यमा ताक्लाकोट नाका खोल्न पहल भइरहेको हुँदा विमानस्थल र हवाईसेवाको विस्तार अपरिहार्य रहेको ज्ञापनपत्रमा उल्लेख गरिएको छ।

# सेट वेट स्टाइल स्टारको दोस्रो संस्करण आयोजना हुँदै

नेपाल समाचारपत्र

काठमाडौं

गतवर्ष २०७३ मा पाएको अपार सफलता एवम् सहभागीतालाई मध्यनजर राख्दै सेट वेटले यस वर्ष पनि सेट वेट स्टाइल स्टार २०७४ ल्याएको छ। कार्यक्रमको आयोजना हेयर स्टाइलिस्ट आबद्ध सेट वेट स्टाइल स्टार टिमको संलग्नतामा विभिन्न स्थानमा गरिने बताइएको छ।

कार्यक्रममा सहभागीले सेट वेट स्टाइल स्टार टिमद्वारा आफ्नो केशलाई भिन्न स्टाइल दिन सक्नेछन्।

यो वर्ष कार्यक्रमको आयोजना मल, चर्चितस्थल तथा १ सयभन्दा बढी कलेजमा गरिने भएको छ। काठमाडौंका अतिरिक्त कार्यक्रमलाई विराटनगर, पोखरा र नारायणघाटमा पनि सञ्चालन गरिने भएको हो।

कार्यक्रममा सहभागी हुन सहभागीले सेट वेट फेसबुक पेजद्वारा सञ्चालित डिजिटल कन्टेस्टमार्फत् सेट वेट स्टाइल स्टार २०७४ को विजेता बन्ने अवसर पनि प्राप्त गर्नेछन्। त्यसपछि सहभागीको प्रोफेसनल फोटोग्राफरद्वारा खिचिएकोस्टाइलसहितको फोटो सेट वेट फेसबुक पेजमा अपलोड गरिनेछ। फेसबुकमा सबैभन्दा बढी लाइक गरिएका फोटो मध्येबाट निर्णायक मण्डलले ३ जनाको फोटो चयन गरी अर्को वर्षको प्रचार अभियानको मुहार घोषणा गरिनेछ। प्राप्त भोटमध्ये सर्वाधिक भोट प्राप्त गर्नेलाई सेट वेट स्टाइल स्टार २०७४ घोषणा गरिने कम्पनीले जनाएको छ।




# बोई विश्व च्याम्पियन बनिन्



लन्डन, (एजेन्सी)

अमेरिकाकी टोरी बोईले लन्डनमा जारी विश्व च्याम्पियनसिपमा एक सेकेन्डको फरकमा स्वर्ण पदक जितेकी छन्।

बोईले आइतबार राति महिला १ सय मिटर दौडमा स्वर्ण पदक जितेर दाबेदारीलाई पछाडि पारेकी थिइन्। उनी पहिलो हुँदा रियो ओलम्पिक २०१६ की च्याम्पियन जमैकाकी एलाइने थोम्पसनले रित्तो हातमै चित्त बुझाउनुपर्‍यो। थोम्पसन १० दशमलव ९८ सेकेन्डको समयले पाँचौं स्थानमा रहँदा मेरी जोसे टा लु दोस्रो र डाफ्ने स्कीपर्स तेस्रो भए। थोम्पसनले रियो ओलम्पिकमा बोईलाई दोस्रो स्थानमा धकेलेर स्वर्ण जितेकी थिइन्।

अघिल्लो दिन मात्रै पुरुषतर्फ १ सय मिटर दौडमा अमेरिकाकै जस्टिन गेटलिनले विश्व च्याम्पियन युसेन बोल्टलाई स्तब्ध पारेका थिए। २६ वर्षीया बोईले रियोमा भन्दा सानदार दौड लगाएर लन्डनमा जमैकनको आशा तुहाइदिइन्। बोईले १० दशमलव ८५ सेकेन्ड समयमा स्वर्ण जितेकी थिइन्।

आइभोरी कोस्टकी टा लुले शुरूआतमा दौड जितेको सोचेकी थिइन्। उनले ट्र्याकमा जितको खुसी पनि मनाइन्। तर बोर्डले बोईले जितेको घोषणा गरेको थियो। टा लु १० दशमलव ८६ सेकेन्डको व्यक्तिगत उत्कृष्ट समय बाबजुद रजत पदकमै सीमित भइन्। नेदरल्यान्डस्की स्कीपर्सले कांस्य जित्न १० दशमलव ९६ सेकेन्ड समय लगाएकी थिइन्।

## अम्बिकाबहादुर क्षेत्री स्मृति जुडो हुने

काठमाडौं, (नेस)

नेपाल जुडो संघको आयोजनामा आठौं अम्बिकाबहादुर क्षेत्री स्मृति खुला जुडो प्रतियोगिता साउन २८ गतेदेखि हुने भएको छ। दुईदिने प्रतियोगितामा पुरुष/महिलामा ८-८ गरी १६ तौलसमूहमा जम्मा १ सय ४० खेलाडीको सहभागिता रहने जुडो संघका अध्यक्ष दीपकहर्ष वज्राचार्यले सोमबार आयोजित पत्रकार सम्मेलनमा जानकारी गराए। यसै प्रतियोगिताबाट नयाँ राष्ट्रिय टिमको छनोट पनि गरिनेछ। पुरुषको ५५ केजीमुनि र महिलाको ४४ केजीमुनिको तौलसमूहबाट भने राष्ट्रिय टिमका लागि खेलाडी छनोट नहुने बताइएको छ। त्यस्तै यही प्रतियोगिताको पुरुष ९० केजीमुनि तौलसमूहमा पहिलो हुने खेलाडी अक्टोबर ५ तारिखमा ताजकिस्तानको दुसानबेमा हुने पाँचौं अन्तर्राष्ट्रिय जुडो प्रतियोगिताका लागि छनोट हुनेछन्। प्रतियोगिता सञ्चालन गर्न करिब ५ लाख रुपियाँ खर्च हुने आयोजकले जनाएको छ। त्यसमा १ लाख ७५ हजार रुपियाँको चेक प्रायोजनस्वरूप स्व. क्षेत्रीका छोरा प्रमोदबहादुरले जुडो संघलाई हस्तान्तरण गरे।

## म्यानेजमेन्टलाई उपाधि

काठमाडौं, (नेस)

दोस्रो त्रिवी अन्तरविभागीय फुटसल प्रतियोगिताको पुरुषमा स्कुल अफ म्यानेजमेन्ट र महिलामा समाजशास्त्र विभागमा च्याम्पियन भएको छ। मदन भण्डारी स्पोर्टस् एकेडेमी त्रिभुवन विश्वविद्यालय कमिटीद्वारा कीर्तिपुरमा आयोजित फुटसल प्रतियोगितामा पुरुषमा फिजिक्स विभाग र महिलामा म्यानेजमेन्ट विभाग दोस्रो स्थानमा रहे। लिगकम नकआउटको आधारमा भएको प्रतियोगितामा कुल २८ टोलीको सहभागिता रहेको थियो। सो अवसरमा नरेन्द्र आरसीको अध्यक्षतामा ३९ सदस्यीय मदन भण्डारी स्पोर्टस् एकेडेमी त्रिवि कमिटी गठन गरिएको छ।

## घरहरा

### गाईजात्रा



घुमिफिरी फेरि आइपुगेको छ गाईजात्रा। देश गाईजात्रा पर्वमा रमाइरहेको छ। तर असली गाईजात्रा हिजोआज हरेक क्षेत्रमा देख्न पाइन्छ नेपालमा। कहाँमात्र छैन गाईजात्रा। सबैतिर गाईजात्रै गाईजात्रा। राजनीतिको गाईजात्रा, भ्रष्टचारीको गाईजात्रा, सडकमा गाईजात्रा, सत्ताको गाईजात्रा अनि स्वार्थको गाईजात्रा। यही जात्रैजात्राका बीचमा रुमल्लिएको नेपालको वर्तमान अवस्थालाई नियाल्ने हो भने देश साँच्चिकै गाईजात्रामय नै भएको छ।

राजनीतिक अस्थिरता, स्वार्थको राजनीति, अर्बौं रुपियाँ भ्रष्टाचार, देशका सडकहरूको दूरावस्था राजधानीको धूलो र खाल्डाखुल्डी, कमिसनतन्त्र र शक्तिको होडबाजीले गर्दा देशमा धेरै नै अस्थिरता र भाँडभैलो मच्चिएको अवस्था छ।

यी र यस्ता अनेकौं समस्याबाट गुज्रिरहेका नेपालीको दयनीय अवस्था देखर विचरा धरहरालाई आजमात्र होइन धेरै समयदेखि 'टेन्सन' नभएको होइन।

देशका समस्यालाई 'साइड'मा राख्ने स्वार्थी नेताको कारण जनताले पाएको दुःख टुलुटुलु हेर्न विवश छ धरहरा। यस्ता नेताहरूले गर्दा नै अनाहकमा नेपालीहरू मर्नु परिरहेको सत्यता पनि हामी माझ छ। गाईजात्राको अवसरमा नेताहरूलाई सद्बुद्धि पलाओस् र देशमा साँच्चिकै गाईजात्रा नहोस् भन्ने धरहराको शुभकामना।







## मध्यपृतना टिम च्याम्पियन

हेटौंडा, (नेस)

मध्यपृतना हेडक्वार्टर सुपारेटार हेटौंडामा भएको दोस्रो खुला आमन्त्रण तेक्वान्दो प्रतियोगिताको टिम च्याम्पियन भएको छ।

४ स्वर्ण, १ रजत र ४ कांस्य पदक जित्दै मध्यपृतना टिम पहिलो भयो। १ स्वर्ण र ४ रजत पदक हातपार्दै उदयपुर दोस्रो तथा १ स्वर्ण र २ कांस्य पदक साथ पर्सा तेस्रो स्थानमा रहे। विभिन्न जिल्लाका गरी १३ टिमको सहभागिता रहेको प्रतियोगितामा सेनाका मीन लोहार र बुटवलकी सरिता श्रेष्ठ उत्कृष्ट खेलाडी बनेका थिए।

आयोजक टिमले ५ वटा कांस्यपदक र मकवानपुरले ४ वटा कांस्य पदकमा चित्त बुझाएको थियो। प्रतियोगितामा काठमाडौं, उदयपुर, धादिङ, बुटवल, इटहरी, चितवन, बारा, पर्सा, रौतहट, चितवन, मकवानपुर र मध्यपृतना हेडक्वार्टरको गरी ६१ खेलाडीको सहभागिता थियो।

## केभीकेएसएसको विजयी शुरूआत

काठमाडौं, (नेस)

आयोजक काठमाडौं विद्याकुञ्ज सेकेन्डरी स्कुल (केभीकेएसएस) को जुपिटर टिम र त्रिनेत्र विद्या निकेतनले केभीकेएसएस अन्तरविद्यालय सिक्स ए साइड जुनियर छात्र फुटबल प्रतियोगिता सोमबार विजयी शुरूआत गरेका छन्।

टोखास्थित घरेलु मैदानमा केभीकेएसएसको जुपिटरले पायोनियरलाई २-१ गोलले पराजित गर्‍यो। त्रिनेत्रले केभीकेएसएसको नेप्च्युनलाई ५-० ले हरायो। त्रिनेत्रले थप २ खेलमा पनि जित हात पार्‍यो।

त्रिनेत्रले जेम्सलाई २-० तथा ओलम्पियालाई ३-१ ले पन्छायो। अन्य खेलमा रिम्सले केभीकेएसएसको फ्याटर्नलाई ५-२, बूढानीलकण्ठले केभीकेएसएसको फ्याटर्नलाई नै ४-० र रातो बंगला 'बी'लाई ३-०, एसले पायोनियरलाई ३-०, काष्ठमण्डप 'ए'ले केभीकेएसएसको मार्सलाई २-१, काष्ठमण्डप 'बी'ले रिब्सलाई ६-१, सत्यसाइ बाबा स्कुलले एसलाई ६-०, एक्सेल्सियरले केभीकेएसएसको जुपिटरलाई ५-१ तथा ओलम्पियाले क्याम्पियनलाई ८-० गोलले पाखा लगाए।



# नेदरल्यान्ड्सलाई महिला युरोकप




एम्स्टर्डम, (एजेन्सी)

नेदरल्यान्ड्सले युरोकप २०१७ अन्तर्गत महिला फुटबलको उपाधि जितेको छ।

नेदरल्यान्ड्सले घरेलु मैदानमा आइतबार राति भएको प्रतियोगिताको फाइनलमा डेनमार्कलाई ४-२ गोल अन्तरले पराजित गर्दै उपाधि चुमेको हो। महिला फुटबलमा नेदरल्यान्ड्सको यो नै पहिलो प्रमुख उपाधिसमेत बनेको छ।

नेदरल्यान्ड्सको एफसी ट्वेन्ते स्टाडिओनमा भएको खेलको छैठौं मिनटमै नदिया नदीमले पेनाल्टीमार्फत गोल गर्दै डेनमार्कलाई खेलमा शुरूआती अग्रता दिलाएका थिए। तर उक्त अग्रता धेरै समयसम्म भने टिकेन। खेलमा दुई गोलको योगदान गरेर प्लेयर अफ दि म्याच घोषित भएकी भीभीएन्ने मिएडमाले खेलको १०औं मिनेटमा पहिलो गोल गर्दै खेललाई बराबरीमा ल्याइन्। यसैगरी खेलको २७औं मिनेटमा लेके मार्टेन्सले २० यार्डको दूरीबाट गोल गरेपछि नेदरल्यान्ड्सले खेलमा २-१ ले अग्रता बनायो। तर दोस्रो गोल बेहोरेको ६ मिनेट नबित्दै पेर्निल्ले हार्डरले गोल गर्दै पहिलो हाफसम्मको खेलस्थिति २-२ गोलको बराबरीमा टुंग्याए।

दोस्रो हाफमा भने तुलनात्मक रूपमा घरेलु टोली हावी रहेको थियो। जसअनुसार खेलको ५१औं मिनेटमा डच कप्तान शेरिडा स्पित्सेले फ्रि-किकमार्फत गोल गर्दै नेदरल्यान्ड्सको गोल संख्या तीन पुर्‍याइन्। नेदरल्यान्ड्स यतिमा रोकिएन। नेदरल्यान्ड्सका पहिलो गोलकर्ता मिएडमाले खेलको ८९औं मिनेटमा व्यक्तिगत दोस्रो गोल गर्दै नेदरल्यान्ड्सलाई ४-२ को स्थितिमा पुर्‍याइन्। जुन नतिजा खेलको निर्णायकसमेत बनेपछि नेदरल्यान्ड्सको महिला फुटबल टोलीले इतिहास रच्न सफल भए।

यसअघि समूह चरणमा पनि नेदरल्यान्ड्सले डेनमार्कलाई १-० ले पराजित गरेको थियो। जारी प्रतियोगितामा खेलेका पाँच खेलमा अपराजित रहँदै नेदरल्यान्ड्सले उपाधि उचालेको हो। नेदरल्यान्ड्सको महिला फुटबल टोली यसअघि कुनै पनि प्रतियोगिताको फाइनलसम्म पनि पुगेको थिएन। पछिल्लो पटक सन् २००९ मा सम्पन्न युरोकप महिला फुटबलको सेमिफाइनलमा हार्नु नै डच टोलीको उत्कृष्ट प्रदर्शन रहँदै आएको थियो।

## ताप्लेजुङ ट्राइबेकरमा पराजित

ताप्लेजुङ, (नेस)

ताप्लेजुङमा जारी दोस्रो पाथिभरा गोल्डकप फुटबलअन्तर्गत सोमबार सशस्त्र प्रहरीको फुटबल टिम दमकले ताप्लेजुङको कर्णसिंह सोनाम क्लबलाई ट्राइबेकरमा २-१ को गोल अन्तरले पराजित गरेको छ।

सदरमुकामस्थित भानु जन माध्यमिक विद्यालयको खेल मैदानमा भएको खेलको निर्धारित ९० मिनेटको समयमा दुवैतर्फबाट १-१ गोलको बराबरी भएपछि खेल अतिरिक्त समयमा धकेलिएको थियो। अतिरिक्त समयमा पनि नतिजा आउन नसकेपछि खेलको निर्णय ट्राइबेकरबाट लिएको हो।

दमकलाई जित दिलाउने क्रममा जर्सी नं १० का सिसिर राई र जर्सी नं ९ का बुद्धिमान राईले गोल गरेका थिए। साथै ताप्लेजुङका जर्सी नं ८ का सुबोध शाहीले आफ्नो टिमका लागि सान्त्वना गोल गरेका थिए।

यसअघि निर्धारित समयमा कर्णसिंह सोनामका जर्सी नं ९ का मन्जित येङदेनले खेलको २०औं मिनेटमा गोल गरेका थिए भने सशस्त्र प्रहरिका जर्सी नं ९ का बुद्धिमान राईले पेनाल्टीमार्फत दास्रो हापमा गोल फर्काएर खेललाई बराबर बनाएका थिए।

निकै प्रतिस्पर्धात्मक मानिएको आजको खेलमा सशस्त्र प्रहरी फुटबल टिमका जर्सी नं ८ का धिरेन फागोले तथा ताप्लेजुङका जर्सी नं ३ रुविन आर्चायले पहेंलो कार्ड पाएका थिए। नक आउटको आधारमा खेलाइएको खेलमा जिल्लाभित्रको २ टिम र जिल्लाबाहिरको ८ टिम गरी १० टिमको सहभागिता छ।

आवश्यकता

१. भाषा सम्पादक
योग्यता : नेपाली भाषामा स्नातक
थप योग्यता : कम्प्युटरमा नेपाली भाषामा टाइप गर्न सक्ने
तलब : आकर्षक
काम गर्नुपर्ने समय : साँझ ६ बजेदेखि १० बजेसम्म ।
आवश्यक संख्या : ५

२. फोटो पत्रकार
योग्यता : समाचारमूलक फोटो खिच्न सक्ने
तलब : आकर्षक
आवश्यक संख्या : २

(इच्छुक महानुभावहरुले यही साउन ३० गतेभित्र nightnews100@gmail.com मा आवेदन गर्नुहुन सूचित गरिन्छ ।)

कामना न्यूज पब्लिकेसन्स् प्रा.लि.
भीमसेनस्थान, काठमाडौं
सम्पर्क : ०१-४२६११७९

कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालयः कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोनः ४-२६११७९, फ्याक्सः ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादकः दिरेकलाल श्रेष्ठ, सम्पादकः लेखनाथ अधिकारी, प्रधान सम्पादकः पुष्करलाल श्रेष्ठ